# आभाष बचत तथा ऋण सहकारी संस्था लि.

## Aabhash Saving & Credit Co-operative Society Ltd.

यहाँको सुख दुःखको सहयात्री

# १६ औं वार्षिक साधारण सभा ...

# वार्षिक प्रतिवेदन-२०८१/८२

# Annual Report-2081/82

२०८२ साल भदौ २८ गते, शनिबार

2082 Bhadra 28th, Saturday




बनेपा-८, तिनदोबाटो, काभ्रे

info@aabhashsaccos.coop.np

०११-६६११२०, ६६४६६५

www.aabhashsaccos.coop.np

पनौती सेवाकेन्द्र ०११-४४०३४५

भकुण्डे सेवा केन्द्र ०११-४०४१४९

# संचालक समिति


ग्रुवेन तौजले
उपाध्यक्ष


प्रकाश कायष्ठ
उपाध्यक्ष


धर्मभक्त प्रधान
सचिव


सुर्यकुमार रंजित
कोषाध्यक्ष


त्रिरत्न रंजितकार
सदस्य


कृष्णभक्त मुनंकर्मी
सदस्य


सुरेन्द्रकाजी मानन्धर
सदस्य


सुन्दरकाजी मानन्धर
सदस्य


राजन कायष्ठ
सदस्य


निर्मला श्रेष्ठ
सदस्य


शुभराज जोशी
सदस्य

# सल्लाहकार समिति


सुरकृष्ण बैद्य
संस्थापक अध्यक्ष
तथा प्रमुख सल्लाहकार


योगेन्द्र नाथ कर्माचार्य
पूर्व अध्यक्ष
तथा सल्लाहकार


दिनेशराज कायष्ठ
निर्वतमान अध्यक्ष
तथा सल्लाहकार

# लेखा सुपरिवेक्षण समिति


विकास बैद्य
संयोजक


हिरामणी शर्मा तिमल्सिना
सदस्य


सरोजकाजी पलाञ्चोके
सदस्य

# ऋण व्यवस्थापन उप-समिति


सुर्यकुमार रंजित
संयोजक


कृष्ण भक्त मुणकर्मी
सदस्य


अरुणकाजी बैद्य
सदस्य

# महिला उप-समिति


निर्मला श्रेष्ठ
संयोजक


अंगना बैंद्य (श्रेष्ठ)
सदस्य


गिता मल्ल (प्रधान)
सदस्य

# सेवाकेन्द्र व्यवस्थापन उप-समिति


रामहरि आचार्य
भकुण्डे सेवाकेन्द्र संयोजक


लक्ष्मी कृष्ण ताम्राकार
पनौती सेवाकेन्द्र संयोजक

# अध्यक्षको मन्तव्य

*आदरणीय शेयर सदस्य महानुभावहरू,*

आजको दिन हामी हाम्रो गौरवपूर्ण सोह्रौं वार्षिक साधारण सभा मनाइरहेका छौं । बनेपा क्षेत्रका प्रतिस्थित व्यक्तित्वहरू द्वारा "यहाँको सुख दुःखको सहयात्री" भन्ने नाराका साथ सानो रूपबाट सुरूवात भएको यस संस्थाको वर्तमान अवस्थामा ६००० भन्दा बढि शेयर सदस्य तथा बाल बचतकर्ता आवद्ध भई त्रियानब्बे करोड भन्दा बढि वित्तिय कारोवार गर्न सक्षम भएका छौं । संस्थाले स्थापनाकाल देखि वर्तमान अवस्था सम्म विभिन्न आरोह, अवरोध पार गर्दै आजको दिन सम्म आई पुग्न सफल भएका छौं । यस बिचमा यहाँहरूले दिनु भएको अमूल्य सल्लाह सुझाव एवं योगदानका कारण यस संस्थाले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको निवेदन गर्न पाउँदा मैले धेरै गौरव एवं खुसी महसुस गरेको छु । संस्थालाई वर्तमान अवस्था सम्म ल्याउन योगदान गर्नुहुने संस्थाका संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, संचालक समिति तथा विभिन्न उप-समितिका पदाधिकारी साथीहरू र इमान्दार एवं कर्तव्य निष्ठ कर्मचारीहरू एवं शुभेच्छुक शेयर सदस्यज्यूहरू सबै प्रति हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

यस संस्थाले नाफामात्र कमाउन नभई समाज प्रतिको उत्तरदायित्व महसुस् गरि विभिन्न सामाजिक क्रियाकलापहरू गर्नुको साथै एक नौलो कार्यक्रम "छोरी अभियान" वि.सं. २०७४ साल देखि थालनि गरि निरन्तर रूपमा सेवा गर्दै आईरहेका छौं । सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको एउटा सानो प्रयास हो "छोरी अभियान" । हाम्रो जस्तो अविकसित देशमा प्रजनन स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्न तथा शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्नका निमित्त तथा हाम्रो समाजमा छोरीलाई जुन हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न आभाष साकोसले छोरी अभियानको सुरूवात गरेको हो । यस कार्यक्रम अन्तर्गत प्रत्येक नव वर्ष र संस्थाको वार्षिक उत्सवका मंसिर १४ गतेका दिन शिर मेमोरियल अस्पताल बनेपामा जन्मने पहिलो छोरीलाई आर्थिक सहयोग सहित स्वागत तथा सम्मान गर्दै आएका छौं । त्यसतै यस संस्थाले सदस्यहरूको स्वास्थ उपचारको लागि सदस्यहरूको आर्थिक सहभागितामा सुरूवात गरेको "आभाष सदस्य सुरक्षा कार्यक्रम" लाई पनि निरन्तरता दिदै आएको छ । गत आ.व. मा उक्त कार्यक्रम अन्तर्गत यस संस्थाले १४१ जना सदस्यहरूलाई विभिन्न रोगको उपचारको लागि सुविधा वापत कुल रू १२,६४,४८०/- प्रदान गरेको थियो । साथै संस्थाले लैंगिक समानताको लक्ष्य अन्तर्गत महिला सशक्तिकरणको लागि महिला समुह कार्यक्रमलाई निरन्तरता दिइरहेको छ । हाल सम्म संस्थाले आफ्नो कार्यक्षेत्र भित्र विभिन्न स्थानमा ४९ वटा महिला समुह गठन गरिसकेको छ । महिलाहरूका लागि विभिन्न शिपमुलक तालिम तथा विभिन्न स्वास्थ शिविर एवं सामाजिक कार्यहरू गर्दै आइरहेको छ र विगत केही वर्षबाट दिगो विकास लक्ष्यको अर्को एक लक्ष्य गुणस्तरीय शिक्षामा पनि संस्थाले कार्यक्रमहरू अगाडी बढाएको छ र उक्त क्षेत्रमा थप कार्यक्रमहरू गर्ने योजना रहेको

कुरा यस सभामा अवगत गराउन चाहन्छु । संस्थाले गरेका सम्पूर्ण कार्यक्रमहरूको विस्तृत विवरण सचिवज्यूको प्रगति प्रतिवेदनमा उल्लेख गरिएको छ ।

*आदरणीय शेयर सदस्यज्यूहरू*

सहकारीको नैतिक मुल्य अन्तर्गत पर्ने इमान्दारिता र पारदर्शितालाई यस संस्थाले सर्वोपरि ठानी सोही बमोजिम कार्यहरू गर्दै आइरहेको छ । यसै अन्तर्गत समय समयमा नियमकारी निकायबाट यस संस्थाको निरिक्षण तथा अनुगमन भएको व्यहोरा यस सभामा जानकारी गराउन चाहान्छु । हामी पूर्णरूपमा पारदर्शि हुँदै खराब भएका ऋणहरूको जोखिम कोष व्यवस्था र जगेडा कोषलाई मापदण्ड बमोजिम बनाउने योजनामा अगाडी बढेका छौं । यस संस्थाको पहिलो प्राथमिकता भनेको सदस्यहरूको हित र सदस्यहरूको सम्पत्तिको सुरक्षा गर्नु हो तसर्थ संस्थाले यी दुई कोषलाई मजबुत बनाएर संस्थालाई र सदस्यहरूको सम्पत्तिलाई सुरक्षित र संस्थालाई उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्ने योजनामा अगाडी बढ्दै गरेको कुरा मेरो प्रतिबद्धता का साथ यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छु ।

सन २०१९ को अन्तिमबाट सुरूवात भएको कोरोना महामारीले सिथिल भएको अर्थतन्त्र हालको विश्व आर्थिक मन्दिका कारण अझ थलिएको छ र यसको कारण नागरिकहरूको दैनिकीमा नकारात्मक असर परेको हुनाले सिंगो अर्थतन्त्र मजबुत हुन सकेको छैन, सहकारी क्षेत्रमा पनि तरलता व्यवस्थापनको चुनौती रहेको अवस्थाका बावजुद हामीले संस्थाको सेवालाई चुस्त दुरूस्तका साथ निरन्तरता दिइरहेका छौं । यस्तो प्रतिकुल अवस्थामा पनि सदस्यहरूको साथ र सहयोगले हाम्रो संस्थाको कारोवारमा बृद्धि भएको छ तर यस आर्थिक वर्षमा संस्थालाई ठूलो चनौती छ । बैंक तथा वित्तिय संस्थाहरूमा अत्याधिक तरलता भएता पनि ऋण लगानी हुन नसकेको अवस्थामा बजारमा नगद परिचालन नगन्य रूपमा मात्र भएको छ । नगद परिचालन नै नहुँदा बजारमा पनि आर्थिक संकट देखिएको र समग्र देशकै अर्थतन्त्रमा आर्थिक समस्या देखिएको अवस्थाका रहेको छ । बैंक तथा वित्तिय संस्थाहरू अत्याधिक तरलता भएको कारण बचतमा व्याजदर एकदमै न्यून गरेको छ तथापी हामी सदस्य केन्द्रित संस्था भएको हुनाले बैंक वित्तिय संस्थाहरूले जसरी व्याज घटाउन सक्दैनौ । हामीले व्याजदर धेरै घटाउँदा सदस्यहरूलाई प्रत्यक्ष असर पर्ने भएको हुनाले बैंक तथा वित्तिय संस्थाको व्याजदर भन्दा केही बढिनै व्याजदर प्रदान गर्दै आइरहेका छौ तर संस्थामा पर्याप्त तरलता हुँदा पनि ऋण लगानी बृद्धि गर्न नसक्दा संस्थाले कायम गरेको तरलतामा बैंक वित्तिय संस्थाले निकै कम व्याज दिएको हुनाले गत वर्ष हाम्रो नाफामा केही संकुचन आएको र यस वर्ष पनि यहि परिस्थिति रहेमा नाफामा थप नकारात्मक असर हुने देखिन्छ । तथापी नाफाघाटाको पर्वाह नगरि हामीले सदस्यहरूलाई उचित सेवासुविधा प्रदान गर्दै आइरहेका छौं । संस्थाले पर्याप्त तरलताको व्यवस्था गरेको भएता पनि भोलीको दिनमा देशको अर्थ व्यवस्था के हुने भन्ने विषयमा अन्योल भएको हुनाले आजको दिनमा सदस्यहरूलाई नियन्त्रीत ढंगले ऋण लगानी गर्नु परेको अवस्थाका कारण पनि यस वर्षको आम्दानीमा प्रत्यक्ष नकारात्मक असर हुने देखिएको छ ।

अर्को चुनौती भनेको देशको अर्थतन्त्रको तीन खम्बा मध्ये एक खम्बा यानी सिंगो सहकारी अभियानको छविमा परेको नकारात्मक प्रभाव । केही सिमित सहकारीहरूले अस्वस्थ प्रतिस्पर्धा गरि अनियन्त्रित तथा नियम विपरित ढंगले बचत संकलन तथा ऋण परिचालन गरेको, सदस्यहरूको बचतको अपचलन गरेको, गैर सदस्य कारोवार गरेको, तरलताको उचित व्यवस्थापन नगरेको, समुदाय र सदस्य केन्द्रित हुनुपर्ने संस्था केवल सिमित व्यक्ति केन्द्रित भएको कारण सहकारी क्षेत्रमा यो

विकराल अवस्था आएको हो । सहकारी संस्थाले बचतमा प्रदान गर्ने व्याज बजारको अवस्था बमोजिम कायम गर्नु पर्छ तर ऋण लगानीमा सन्दर्भ व्याजदरले गर्दा हामी नियन्त्रित भएका छौं । अस्वस्थ प्रतिस्पर्धा तथा सहकारीको शिक्षाको कमीका कारण केही सहकारीहरूले संस्थाको सामर्थ्य नभएता पनि नियम विपरित बढि व्याजमा बचत संकलन गर्ने र अस्वाभाविक बढि व्याजदरमा ऋण लगानी गर्ने गरिरहेका छन् तर यो उचित होइन । सहकारीको ज्ञानको कमीका कारण यस्ता कमी कमजोरी भएको जस्तो लाग्छ । अन्दाधुन्ध रूपमा सहकारीहरू संचालन भईरहेको छ । हामी बचत तथा ऋण सहकारीहरू भनेको आर्थिक कारोवार गर्ने संस्था हो र यो सबै भन्दा जोखिमपूर्ण व्यवसाय गर्ने संस्था हो । हामीले सदस्यहरू संग आर्थिक कारोवार गर्छौ, सदस्यहरू संग बचत संकलन गरि सोही बचतलाई सदस्यहरूमाफ ऋण लगानी गर्छौं । यस कारण हाम्रो जस्तो संस्था संचालन गर्न पारदर्शिता र इमान्दारिता सबैभन्दा मुख्य कुरा हो । हामी आर्थिक कारोवार गर्ने संस्था आर्थिक अनुशासनमा बस्नु जरूरी छ । नियम संगत रूपमा संचालित सहकारीहरूले सदस्यहरूको बचतको सुरक्षाको विषयमा विशेष ध्यान दिएको हुन्छ, तरलताको उचित तथा समयानुकुल व्यवस्थापन तथा नियम संगत ऋण लगानी तथा ऋण असुलि गरेको हुन्छ । नियम संगत संचालित सहकारीहरूमा कुनै प्रकारको समस्या छैन तथापी सदस्यहरूको विश्वासको खडेरी सिंगो सहकारी अभियानमा परेको छ । सहकारी अभियान प्रति डग्मगाएको सदस्यहरूको विश्वासलाई अटल बनाउनको निमित्त सम्पूर्ण प्रारम्भिक सहकारीहरू तथा अभियानले सदस्य पहिचान तथा सदस्य शिक्षालाई जोड दिनुपर्ने हुन्छ ।

गत आर्थिक वर्षमा सहकारी ऐन २०७४ मा संशोधन भयो त्यस पश्चात नेपाल राष्ट्र बैंकबाट बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ जारी भयो र सहकारी ऐन बमोजिम बचत तथा ऋण सहकारीको मुख्य कारोवार गर्ने सहकारीहरूको नियमनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको पनि गठन भयो । सहकारी ऐन २०७४ को संशोधनले सहकारी क्षेत्रको सुधारको लागि धेरै सकारात्मक विषयहरूलाई सम्बोधन गरेको छ जस्तै कर्जा सूचना केन्द्रमा सहकारीहरूलाई पनि आवद्ध गराउने र सहकारीको छुट्टै कर्जा असुली न्यायधिकरण पनि गठन भई सकेको छ । न्यायधिकरण गठन त भएको छ, यो स्वागत योग्य छ, तर केही प्रकृयागत समस्याका कारण हाल सहकारीलाई यसबाट लाभ भन्दा पनि समस्या हुने देखिन्छ, मलाई लाग्छ यस विषयमा नेपाल सरकारले पक्कै पनि सहजिकरण गर्नेछ । अर्को विषय छ सहकारी नियमन प्राधिकरण, यो गठन हुनु पनि सहकारी क्षेत्रको लागि निकैनै सुधारात्मक, सकारात्मक तथा उपलब्धिमुलक कार्य हो, मलाई लाग्छ अव सरकारले सहकारीको नियमन निकाय केवल प्राधिकरण मात्र हुने व्यवस्था गर्नु पर्छ । अहिले सम्पूर्ण सहकारीहरू अन्यौलमा छ, किनभने नियमन निकायनै धेरै भयो र सबै निकायले आ-आफ्नो तरिकाले नियमन मापदण्ड तोक्न सक्ने भएकोले यो अन्यौलतालाई मिलाउन जरूरी भएको छ । नेपाल राष्ट्र बैंक र सहकारी नियमन प्राधिकरणबाट सहकारीको नियमनको लागि नियमकीय मापदण्ड जारी भएको छ । संशोधनि सहकारी ऐन र मापदण्डमा धेरै प्राविधिक विषयहरू रहेको छ । ऋण जोखिम कोषको व्यवस्था परिवर्तन गरिएको छ तर सहकारी ऐन सँग बाझिएको छ, बचत तथा ऋणको प्रति व्यक्ति सिमा निर्धारण गरिएको छ, पुँजी पर्याप्तता कायम गर्नुपर्ने भएको छ, संचालक समितिको संख्या र कार्यकालको विषयमा पनि धेरै परिवर्तन भएको छ र व्यवस्थापन प्रमुखहरू अव करारमै राख्नु पर्ने व्यवस्था भएको छ । नयाँ आएका विषयहरू निकै सुधारात्मक र सकारात्मक छन् तर सहकारी संस्थाहरूले कति विषयहरू तत्काल र कति विषयहरूलाई छोटो समय अवधि भित्र मापदण्डमा उल्लेख भए बमोजिम कायम गर्नुपर्ने भएकोले यसमा सहकारीहरूलाई केही समस्या पर्ने देखिन्छ । हामी सचेत भई सकेका छौं,

हामी सुधार गर्छौं, हामी सम्पूर्ण नियमहरू पालना गर्छौं तर त्यसको लागि हामीलाई दिइएको समय पर्याप्त भएन हामीलाई केही समय थप भयो भने पक्कै पनि नियम कानुनका विषयहरू अक्षरसः पालना गर्नेछौं ।

हामीले संस्थालाई सहकारी सिद्धान्त, मुल्य मान्यता, सहकारीको आदर्श तथा नियमकिय नियकाको निर्देशन अनुसार सञ्चालन गरिरहेको विषय यहाँहरूमा सहर्ष जानकारी गर्दछु साथै भविष्यमा पनि यसरी नं राम्रो सँग संचालन गर्ने प्रतिवद्धता पनि व्यक्त गर्दछु । समय सापेक्ष संस्था सञ्चालनका नीति तथा कार्यविधिहरूमा परिमार्जन तथा अद्यावधिक गर्दै सुशासन कायम राख्ने, कारोबारलाई पारदर्शी बनाउने र प्रविधियुक्त प्रतिस्पर्धी कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरेका छौं । संस्थालाई चुस्त, दुरूस्त र पारदर्शी ढंगले संचालन गरि सदस्यहरूलाई प्रविधियुक्त गुणस्तरीय र प्रतिस्पर्धी सेवा प्रदान गर्ने उद्देश्यले व्यवसायिक, सक्षम र दक्ष कर्मचारीको व्यवस्थापन गरिएको छ । सदस्यहरूको सेवालाई छिटो छरितो ढंगले सम्पादन गर्न तथा उत्कृष्ट र गुणस्तरिय सेवा प्रदान गर्न मुख्य कार्यालय सहित २ वटा सेवाकेन्द्रहरूको पनि व्यवस्थापन गरिएको छ । चुनौतीपूर्ण वातावरण भएता पनि चुनौतीलाई पार गर्न प्रत्येक सदस्यको साथ, सुझाव, सर्म्थन तथा विश्वास निरन्तर रूपमा पाइरहने विस्वास लिएका छौं । हामी सुधार र प्रगतीको पथमा अग्रसर छौं । हामीले वर्तमान परिपेक्षमा चलिरहेको अस्वस्थ प्रतिस्पर्धाबाट अलग रही एउटा स्वस्थ प्रतिस्पर्धाको सिद्धान्त अँगाली नियम अनुसार आफ्ना सदस्यहरू तथा समाजप्रति उत्तरदायित्व निर्वाह गर्ने उद्देश्य सहित आज हाम्रो संस्था सफलताका साथ अगाडि बढिरहेको निवेदन गर्दछु । तथापी अस्वस्थ प्रतिस्पर्धाले गर्दा धरै चुनौतीहरूको सामना गर्नु परिरहेको अवस्थामा सहकारी विभागबाट ऋण लगानीमा तोकिएको सन्दर्भ ब्याजदरमा हामीले ऋण लगानी गर्नुपर्ने हुन्छ । यस कारण संस्थाले बचतको ब्याजदरमा पनि केही समायोजन गर्नुपर्ने हुन्छ । तसर्थ म सम्पूर्ण सदस्यज्यूहरूलाई के आग्रह गर्न चाहन्छु भने बचतमा असान्दर्भिक र अस्वाभाविक ब्याजदर यदि कनै संस्थाले प्रदान गर्छ भने सम्पूर्ण सदस्यहरूले बिचार पुऱ्याउनु पर्ने हुन्छ । सदस्यहरूको पुँजीको सुरक्षा र अधिकतम लाभका लागि संस्थाले सदैव सदस्यहरूको हितलाई केन्द्रमा राखेको छ । यसका लागि सदस्यहरूको बचतमा उचित व्याज प्रदान गर्नुको साथै शेयर लगानीमा पनि उचित प्रतिफल प्रदान गर्दै आइरहेका छौं ।

*शेयर सदस्य महानुभावहरू,*

अन्तमा, यस संस्थालाई आजको अवस्थासम्म पुऱ्याउन सहयोग गर्नुहुने शेयर सदस्यज्यूहरू, नियमन निकाय, सञ्चालक समितिका पदाधिकारी एवं उप समितिका पदाधिकारीहरू तथा कर्मचारी मित्रहरूलाई धन्यवाद तथा नजिकिदैं आएको यस वर्षको शुभ विजया दशमी तथा शुभ दिपावलीको शुभकामना व्यक्त गर्दै म मेरो मन्तव्य यहिं टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

जय आभाष, जय सहकारी

# सचिवको वार्षिक प्रगति प्रतिवेदन

धर्मभक्त प्रधान
**सचिव**

यस संस्थाको २०८१ श्रावण देखि २०८२ असारसम्मको प्रगति प्रतिवेदन यस प्रकार रहेको जानकारी गर्दछु ।

**१. संस्थाको संगठनात्मक ढाँचा सदस्यता विवरण**

आर्थिक वर्ष २०८०/०८१ को असार मसान्त सम्ममा कुल सदस्य संख्या ६७५८ जना मध्ये शेयर सदस्य ५८९९ (पुरूष सदस्यता संख्या ३०६५, महिला सदस्यता संख्या २७९८ र संस्थागत सदस्यता संख्या ३४) र बाल बचतकर्ता ८५९ रहेकामा आर्थिक वर्ष २०८१/०८२ मा कुल सदस्य संख्यामा १३५ जना सदस्य तथा ८६ जना बालबचतकर्ताहरू बृद्धी भई कुल संख्या ६९७२ रहको छ उक्त संख्या मध्ये शेयर सदस्य ६००८ (पुरूष सदस्यता संख्या ३११२, महिला सदस्यता संख्या २८६७ र संस्थागत सदस्यता संख्या २९) र बाल बचतकर्ता ९६४ रहेको छ । संस्था संचालन गर्नको लागि ११ सदस्यीय सञ्चालक समिति, ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति, ३ सदस्यीय ऋण व्यवस्थापन उपसमिति, ३ सदस्यीय शिक्षा तथा सामजिक क्रियाकलाप उपसमिति, ३ सदस्ययीय महिला उपसमिति र प्रत्येक सेवाकेन्द्र अन्तर्गत सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरू रहेका छन् । दैनिक कार्य सम्पादनको गर्नको लागि अनुभवी, दक्ष र व्यवसायी २१ जना कर्मचारीहरूको व्यवस्थापन समूह रहेको छ ।

**२. आवद्धता**

यस आभाष बचत तथा ऋण सहकारी संस्था देहाय बमोजिमाका निकायहरूमा आवद्ध रहेको जानकारी गराउँदछु ।

- काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
- जिल्ला सहकारी संघ लि., काभ्रे
- बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
- राष्ट्रिय सहकारी बैंक लि.
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.

**३. पन्ध्रौं वार्षिक साधारण सभा**

आभाष बचत तथा ऋण सहकारी संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा मिति २०८१ असोज ५ गते शनिबारको दिन स्मार्ट प्यालेसमा सम्पन्न भएको थियो । उक्त साधारण सभामा कुल सदस्य संख्या ५९४३ रहेकोमा ३८७३ जना (कुल सदस्यको ६५.१७ प्रतिशत) सदस्यहरूको उपस्थिति रहेको जानकारी गराउँदछु ।

**४. बैठक**

आर्थिक वर्ष २०७९/०८० मा निम्न बमोजिम समिति, उप-समितिहरूको बैठक बसेको थियो ।

| | |
|---|---|
| • संचालक समिति | १२ पटक |
| • लेखा सुपरिवेक्षण समिति | २ पटक |
| • ऋण उप-समिति | ७ पटक |
| • शिक्षा तथा सामाजिक क्रियाकलाप उपसमिति | ४ पटक |
| • महिला उपसमिति | ० पटक |
| • पदपूर्ति उपसमिति | ४ पटक |
| • कार्यक्रम तथा बजेट मस्यौदा उपसमिति | २ पटक |
| • धितो लिलाम उपसमिति | ३ पटक |
| • कार्यविधि पुनरावलोकन उपसमिति | १ पटक |
| • निर्वाचन उपसमिति | ३ पटक |
| • पनौती सेवाकेन्द्र व्यवस्थापन उपसमिति | ४ पटक |
| • भकुण्डे सेवाकेन्द्र व्यवस्थापन उपसमिति | २ पटक |

**५. व्यवस्थापन तथा कर्मचारी**

क) मिति २०८१/९/४ गते भकुण्डे सेवाकेन्द्रमा बजार प्रतिनिधि पदमा कार्यरत कर्मचारी श्री सुशिला श्रेष्ठले आफ्नो पदबाट दिनु भएको राजिनामालाई व्यवस्थापकिय निर्णयबाट मिति २०८१/९/२६ गतेबाट लागु हुने गरि स्वीकृत गरिएको ।

ख) मिति २०८१/१०/०६ गते बसेको पदपूर्ती उपसमितिको बैठक नं. ८१/८२–२ को निर्णय नं. १ बाट २०८१ माघ १ गते देखी लागु हुने गरि नमोबुद्ध ७, काभ्रे ठेगाना भएको नागरिकता नं. ३०-०१-७६-०००६९ का श्री रस्मिता खनाल श्रेष्ठलाई भकुण्डे सेवाकेन्द्रमा कनिष्ठ सहयोगी श्रेणी अन्तर्गत बजार प्रतिनिधि पदमा नियुक्ती गरियो ।

ग) मिति २०८२/१/१५ गते पनौती सेवाकेन्द्रमा टेलर पदमा कार्यरत कर्मचारी श्री विमला भुजेलले आफ्नो पदबाट दिनु भएको राजिनामालाई व्यवस्थापकिय निर्णयबाट मिति २०८२/२/२५ गतेबाट लागु हुने गरि स्वीकृत गरिएको ।

**६. सहभागिता - तालिम तथा गोष्ठी**

क) मिति २०८१ कात्तिक १३ गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. ले आयोजना गरेको **सहकारीः हाम्रो साझा सवाल Cooperative: Our Commen Agenda** कार्यक्रममा संस्थाका प्रमुख प्रवन्धक श्री सुवास बैद्य सहभागि हुनुभएको ।

ख) मिति २०८१ फागुन २२ र २३ गते काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. ले आयोजना गरेको दुई दिने **बजार प्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम** मा यस संस्थाका बजार प्रतिनिधिहरू श्री संगिता प्रधान, श्री बिमला मानन्धर र श्री सञ्जु केसी सहभागी हुनुभएको ।

ग) मिति २०८१ फागुन २५ गते जिल्ला सहकारी संघ लि. काभ्रेले आयोजना गरेको एक दिने Fake Note & Signature Verification तालिममा यस संस्थाका कर्मचारीहरू श्री सलिल राजबाहाक र श्री सावित्रि साप्कोटा सहभागी हुनुभएको ।

घ) मिति २०८१ फागुन २८ गते डाईनामिक रिसर्च एण्ड डेभलपमेन्ट सेन्टरले आयोजना गरेको एक दिने **ऋण लगानी र असूलीका कानूनी प्रकृया तथा गैह्र वित्तिय सम्पत्ति व्यवस्थापन तालिम** मा कर्मचारीहरू श्री रिकेश थापा र श्री केदार प्रसाद खनाल सहभागी हुनुभएको ।

ङ) मिति २०८१ चैत्र ६ गते डाईनामिक रिसर्च एण्ड डेभलपमेन्ट सेन्टरले आयोजना गरेको एक दिने **फ्रन्ट डेस्कका कर्मचारीहरूको उत्प्रेरणा तथा अभिमूखिकरण कार्यक्रम** मा कर्मचारीहरू श्री मनिषा महत र श्री अञ्जना थापा सहभागी हुनुभएको ।

## ७. संस्थाका वस्तु तथा सेवाहरू

**७.१ बचत कार्यक्रम :** संस्थाले प्रत्येक महिना सदस्यहरूबाट कम्तिमा रू १०० नियमित रूपमा बचत संकलन गर्दछ । यस्को अतिरिक्त अन्य ऐच्छिक तथा आवधिक बचतहरू सदस्यहरूले जम्मा गर्न सक्दछन् । सम्पूर्ण बचत खाताहरूमा संस्थाले प्रतिस्पर्धी र आकर्षक व्याजदर प्रदान गर्दछ ।

| क्र.सं. | बचत खाता प्रकार | क्र.सं. | बचत खाता प्रकार |
|---|---|---|---|
| १ | आभाष आवधिक बचत | ८ | आभाष दैनिक बचत |
| २ | आभाष सेभिङ प्लस | ९ | आभाष सुपर सेभिङ |
| ३ | आभाष नारी बचत | १० | आभाष नियमित बचत |
| ४ | आभष जेष्ठ नागरिक बचत | ११ | आभाष खुट्किला बचत |
| ५ | आभाष बाल बचत(३ बर्ष ) | १२ | मासिक अनिवार्य बचत |
| ६ | आभाष बाल बचत(५ बर्ष ) | १३ | आभाष नानीबाबु बचत |
| ७ | आभाष बिद्यार्थी बचत | १४ | आभाष प्रिमियम बचत |

**७.२ ऋण लगानी सेवाः** संस्थाले सदस्यहरूलाई विभिन्न आय आर्जनका व्यवसायमा लगानी गरी आर्थिक अवस्था सुधार गर्न आय मूलक ऋण प्रदान गर्दै आइरहेको छ ।

| क्र.सं. | ऋणका प्रकारहरू |
|---|---|
| १ | कृषि तथा पशुपंक्षीपालन ऋण |
| २ | आवास ऋण |
| ३ | औद्योगिक ऋण |
| ४ | शैक्षिक ऋण |
| ५ | सामुहिक ऋण (महिला समुहमा अवद्धलाई मात्र) |
| ६ | हायर पर्चेज ऋण |
| ७ | ब्यवसाय ऋण |
| ८ | स्वास्थ उपचार ऋण |
| ९ | व्यक्तिगत ऋण |

| क्र.सं. | ऋणका प्रकारहरू |
|---|---|
| १० | सरल ऋण |
| ११ | आवधिक रसिद धितो ऋण |

**७.३ निः शुल्क ए.बि.बि.एस सेवा :** संस्थाले आफ्नो मुख्य कार्यालय बनेपा, पनौती सेवाकेन्द्र र भकुण्डे सेवाकेन्द्रबाट सदस्यहरूलाई निःशुल्क ए.बि.बि.एस सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

**७.४ मोवाइल कारोवार तथा एस.एम.एस अलर्ट सेवा :** संस्थामा आवद्ध सदस्यहरूलाई प्रदान गर्ने सेवा विस्तारको सन्दर्भमा २०७४ भाद्र २४ गते भएको संस्थाको आठौं वार्षिक साधारण सभामा यस कार्यक्रमको उद्घाटन भएको र सोही समय देखिनै संस्थाले मोवाइल कारोवार तथा एस.एम.एस अलर्ट सेवा प्रदान गर्दै आइरहेको छ । यो सेवा मार्फत सदस्यहरूलाई मोवाइलबाटै कारोवारको अलर्ट, टपलप तथा रिचार्ज, बत्ति तथा पानीको महसुल, विमा तथा इन्टरनेटको बिल भुक्तानी, हवाइहजारको टिकट खरिद, बैंक ट्रान्फर र संस्थाको सूचना सम्बन्धी सेवा प्रदान गर्दछ । मोवाइल कारोवारको सेवाको लागि पहिलो वर्ष निःशुल्क गरिएको छ भने त्यस पछि वार्षिक रूपमा रू २००/- शुल्क तथा एस.एम.एस अलर्ट सेवाको लागि वार्षिक रूपमा रू ३००/- शुल्क निर्धारण गरिएको छ ।

**७.५ रेमिटेन्स सेवा :** संस्थाले IME, I-Pay, Western Union Money Transfer, City Remit र Himal Remit लगायतका रेमिटेन्स कम्पनीहरूसँग सहकार्य गरेर सदस्यहरू लगायत सम्पूर्ण रेमिट सेवाग्रहीहरूलाई रेमिटेन्सको सेवा प्रदान गर्दै आइरहेको छ ।

## ८. सुमह कार्यक्रम

आभाष बचत तथा ऋण सहकारी संस्था लि. मा स्वेच्छाले सम्मिलित भएका व्यक्ति र समुहलाई संगठित गरी आर्थिक, सामाजिक तथा समूदायिक कार्यक्रमहरू सुव्यवस्थित तरिकाबाट प्रजातान्त्रिक तवरले संचालन गर्न २०७२ साल असोज १५ गतेको छैठौं वार्षिक साधारण सभाबाट पारित गरिएको कार्यक्रमको आधारमा १० जना देखि बढिमा २५ जना सम्म सदस्य रहने गरि समूह गठन गरी समूह संयोजकको नेतृत्व तथा प्रतिनिधित्वमा कार्यक्रम विस्तार तथा सेवा आदान प्रदान गर्न संस्थाले समुह संचालन निर्देशिका २०७२ लागु गरेको छ ।

**<u>कार्यक्रमको उद्देश्य</u>**

क) सदस्यहरू बीच सामूहिक जिम्मेवारी र संस्थाको उद्देश्य प्राप्तिका लागि उत्तरदायित्वको बोध गराउने ।

ख) एकका लागि सबै र सबैका लागि एकको भावनालाई अंगिकार गरि आपसमा मिलेर सहकार्य गर्ने ।

ग) सदस्यहरू बिच आपसी सहयोग, सहानुभूति एवं सद्भावको अभिबृद्धि गर्ने, समुहका सदस्यहरूको आर्थिक, सामाजिक, नेतृत्व विकासका लागि कार्यक्रम समुह मार्फत संचालन गर्ने ।

घ) जनसमुदायमा सहकारिताको प्रचार प्रसार गरी समुहमा आवद्ध भई संस्था संचालनमा सहमागी गराउने ।

ङ) आर्थिक, सामाजिक र सामुदायिक विकासका कार्यक्रमहरू समूह मार्फत मिलेर संचालन गर्ने ।

**समुह गठन**

समुह संचालन निर्देशिका २०७२ को अधिनमा रहि संस्थामा आवद्ध महिला सदस्यहरूलाई सहकारीको गतिविधिहरूमा सहभागि गराई आर्थिक तथा सामाजिक रूपमा सवल बनाउने उद्देश्यले महिलाहरू सम्मिलित समुह गठन कार्यक्रमलाई प्राथमिकताका साथ अगि बढाइएको छ । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८०/८१ मा कुल ४७ वटा महिला समुह गठन भएकोमा आर्थिक वर्ष २०८१/८२ मा २ वटा महिला समुह थप भएको हुनाले कुल महिला समुह ४९ वटा समुह गठन भई सक्रिय रूपमा संचालित भइरहेको जानकारी गर्दछु ।

## ९. आभाष सदस्य सुरक्षा कार्यक्रम

पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन भएको प्रस्तावित कार्यक्रम तथा योजना अन्तर्गत सदस्यहरूको सुविधालाई मध्येनजर गरि यस संस्थाले सदस्यहरूको आर्थिक सहभागितामा आभाष सदस्य सुरक्षा कार्यक्रम लागु गरि सो अन्तर्गत देहाय बमोजिमको सुविधाको व्यवस्था गरेको छ ।

सुविधाहरू :

क) सदस्य सुरक्षा नीतिमा तोकिए बमोजिमको केही घातक रोग लागी सोको उपचार गराउनु परेमा वा उपचारको क्रममा सदस्यको मृत्यु भएमा सोबाट परिवारमा पुग्न जाने क्षतिमा संस्थाको तर्फबाट यस संस्थामा आवद्ध सदस्यहरूको जिवनको सुरक्षा तथा सदस्यमा आश्रित परिवारलाई आर्थिक सहयोग सुविधा पुऱ्याउने उद्देश्यले क्षतिपूर्ति वापत रू २५,०००।- प्रदान गरिनेछ ।

ख) बुँदा नं. "क" मा उल्लेख गरेको वाहेक अन्य कुनै रोग लागि उपचारको क्रममा शल्यक्रिया गर्नु परेमा सदस्यलाई लागेको रोग र सोको उपचार खर्चको आधारमा रू १०,०००।- प्रदान गरिनेछ ।

ग) यदि कुनै सदस्य १० दिन वा सो भन्दा बढि अस्पतामा भर्ना हुनु परेमा रू ५०००।- प्रदान गरिनेछ ।

घ) सुरक्षा कार्यक्रममा सहभागि भएका सदस्यहरूको काल गतिले मृत्यु भएमा रू २०,०००।- प्रदान गरिनेछ र यस कार्यक्रममा आवद्ध नभएका सदस्यहरूको मृत्यु भएमा नियमानुसार रू ५०००।- देखि रू १०,०००।- प्रदान गरिनेछ

**प्रावधानहरू :**

- उक्त कार्यक्रममा सहभागि हुन ७५ वर्ष ननाघेका सदस्यहरूले रू २०००।- रकम संस्थामा बुझाई सदस्यता लिन सक्नु हुनेछ ।
- सुविधा वापत रकम केवल एक पटकको लागि मात्र प्रदान गर्नेछ । दोहोरो सुविधा प्रदान गरिने छैन ।
- एक पटक सुविधा रकम प्रप्त गरिसकेपछि पुनः सदस्य सुरक्षा कार्यक्रममा रू २०००।- रकम बुझाई सदस्यता नविकरण गुर्न पर्नेछ । तर बुँदा नं. ग र घ को सुविधा प्राप्त गरे पश्चात नविकरण गर्नु पर्नेछैन ।

- कुनै एक प्रकारको रोगको लागि गरिएको शल्यक्रियाको एक पटकमात्र क्षती पूर्ति दिइनेछ । नविकरण पश्चात पुनः सोही रोगको शल्यक्रिया गर्नु परेमा क्षति पूर्ति प्रदान गरिने छैन ।

**प्रगति विवरण :**

- आर्थिक वर्ष २०८०÷८१ मा ४१४४ जना सदस्यहरू सुरक्षा कार्यक्रममा सहभागि हुनु भएकोमा आर्थिक वर्ष २०८०/८१ मा ३११ जना सदस्यहरू थप सहभागी भई सुरक्षा कार्यक्रममा कुल सदस्य ४४५५ जना सहभागि हुनु भएको र सुरक्षा कार्यक्रममा २०८२ असार मसान्त सम्ममा कुल रू ८०,७६,२९२।८८ (अक्षरूपी अस्सी लाख छहत्तर हजार दुई सय बयानब्बे रूपैयाँ अठासी पैशा मात्र) संकलन भएको जनकारी गराउन चहान्छु ।
- सदस्यहरूको हितलाई थप मध्यनजर गरि सदस्यहरूको सुझाव बमोजिम यस कार्यक्रममा सुविधाहरू थप गर्ने योजना रकेको व्यहोरा पनि यस सम्मानित सभामा जानकारी गराउन चहान्छु ।

भावि दिनहरूमा उक्त कार्यक्रममा सदस्यहरूको उत्साहजनक सहभागिता हुनेछ भन्ने आशा गर्दै सुविधाहरू पनि थप हुँदै जाने विश्वास दिलाउन चाहन्छु । सम्पूर्ण सदस्य महानुभावहरूलाई कार्यक्रममा अनिवार्य सहभागि गराउने लक्ष्यका साथ लागु गरिएको कार्यक्रममा आफ्नो सहभागिता जनाई दिनुहुन विनम्र अनुरोध गर्दै कार्यक्रमको सदस्यता तथा सुविधाका लागि नियमहरू तर्जुमा भएको हुनाले सदस्यहरूले सदस्यता दर्ता गर्दा संस्थाले लागु गरेका नियम तथा प्रावधानहरू अक्षरस बुझेर सदस्यता दर्ता गरिदिनु हुन पनि अनुरोध गर्दछु ।

**सुरक्षा कोष अन्तर्गत सुविधा रकम वितरण गरिएको विवरणः**

सुरक्षाकोषमा आबद्ध भएको सदस्यहरू मध्ये ८ जना सदस्यको कालगतीले मृत्युभएको कारण कुल रू १७०,०००/-, यस कार्यक्रममा आवद्ध नभएको सदस्यहरू मध्ये ६ जना सदस्यको मृत्येभएको कारण कुल रू ६०,०००/-, ६ जना सदस्यलाई घातक रोग भएको कारण कुल रू १५०,०००/- र विभिन्न रोग लागि उपचार गर्ने क्रममा शल्यक्रिया गरेको कारण ८३ जना सदस्यहरूलाई कुल रू ८,३०,०००/- तथा सुत्केरी भेटधाट कार्यक्रम अन्तर्गत ३८ जना महिला सदस्यहरूलाई कुल रू ३८,०००÷– गरि सुरक्षा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा १४१ जना सदस्यहरूलाई कुल सुविधा रकम रू १२,४८,०००/- (अक्षरूपी बाह्र लाख अठ्चालिस हजार रूपैयाँ मात्र) प्रदान गरिएको जानकारी गर्दछु ।

## १०. छोरी अभियान कार्यक्रम :

सहकारीको सात सिद्धान्त मध्ये एक हो "समुदाय प्रति चासो" यसै सिद्धान्तलाई आत्मसाथ गर्दै संयुक्त राष्ट्र संघले लिएको दिगो विकास लक्ष्यलाई आधार मानी ६० औं राष्ट्रिय सहकारी दिवसको "दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारी" भन्ने नारालाई सार्थक बनाउने उद्देश्यले दिगो विकासको दुई लक्ष्य "स्वास्थ र समुन्नत समाज" र "लैंगिक समानता" हासिल गर्नको निमित्त आभाष साकोसको प्रयास हो छोरी अभियान ।

**छोरी अभियान किन ?**

- प्रजनन् स्वास्थको शिक्षा तथा जनचेतनाको कमीका कारण धेरै आमा तथा शिशुहरूले ज्यान गुमाइरहेका छन् । तसर्थ मातृ मृत्युदर तथा शिशु मृत्युदर कम गर्न मानिसहरूमा प्रसव अस्पतालमा गराउनु पर्छ भन्ने भावनालाई जागृत गर्नु ।
- शिशुहरूमा यदि छोरी भएमा भ्रुणहत्या गर्ने प्रबृत्तिलाई निरूत्साहित गर्न ।
- हाम्रो समाजमा छोरीलाई हेलाको दृष्टिकोणले हेरिन्छ सो दृष्टिकोणलाई परिवर्तन गर्न ।
- छोरा आम्दानी हो र छोरी खर्च मात्र हो भन्ने सोच परिवर्तन गर्न ।
- छोरा वरदान र छोरी अभिसाप हो भन्ने मानसिकता परिवर्तन गर्न ।
- छोरा र छोरी दुवै बरदान हो र दुवै समान हो भन्ने भावना जागृत गर्न ।

**छोरी अभियान अन्तरगत कार्यक्रम**

छोराले मात्र कमाउन सक्छ र छोरीले कमाउन सक्दैन भन्ने भ्रमको निवारण गरि छोरीले जन्मने वित्तिकै पनि कमाउन सक्छ भन्ने विश्वास दिलाउनको लागि शिर मेमोरियल अस्पतालमा प्रत्येक नववर्षमा जन्मने पहिलो एकजना छोरी र प्रत्येक वर्ष मंसिर १४ गते आभाष साकोसको वार्षिक उत्सवको दिन जन्मने पहिलो एकजना छोरीलाई यस संस्थाको तर्फबाट रू १०,०००/- (अक्षरूपी दश हजार रूपैयाँ मात्र) प्रोत्साहन स्वरूप रकम प्रदान गरिनेछ ।

**छोरी अभियान अन्तर्गत रकम वितरण गरिएको विवरणः**

१) २०८१ मंसिर १४ गते शिर मेमोरियल अस्पतालमा बनेपा ८, काभ्रे स्थायी ठेगाना भएको दम्पत्ति श्री राम प्यारी गमल र पुजन मानन्धरको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

२) २०८२ बैशाख १ गते शिर मेमोरियल अस्पतालमा मण्डनदेउपुर न.पा स्थायी ठेगाना भई हाल बनेपा १० निवासी आमा श्री प्रमिला तामाङ्ग र बुवा श्री कृष्ण लामाको छोरीलाई रू १०,०००/- प्रदान गरियो ।

## ११. जोखिम व्यवस्थापन

संस्थामा रहेको सम्पत्तिहरूको नगद परिचालन नीति २०७० तथा अन्य प्रावधान बमोजिम संस्थामा दैनिक कारोवार गर्नको निमित्त संस्थाको कार्यालय परिसर भित्र रहने नगदको जोखिम व्यवस्थापन गर्न काउन्टर र भल्टको मुख्य कार्यालयको लागि रू ३०,००,०००।-, पनौती सेवाकेन्द्रको लागि रू ५,००,०००।- र भकुण्डे सेवाकेन्द्रको लागि रू ५,००,०००।- को गरिएको ।

## १२. एकिकृत व्यवस्थापन सूचना प्रणली (COPOMIS) मा आवद्धता र कार्यान्वयनको अवस्था

- सहकारी नियमावली २०७५ को नियम ७२(२) बमोजिम एकिकृत व्यवस्थापन सूचना प्रणली (COPOMIS) मा संस्था अवद्ध भईसकेको ।
- उक्त प्रणालीमा वार्षिक रूपमा अद्यावधिक गर्नुपर्ने समष्टिगत विवरण प्रविष्टि गरिएको छ ।
- उक्त प्रणालीमा संस्थामा आवद्ध शेयर सदस्यहरूको विवरण अद्यावधिक गर्नुपर्ने सम्बन्धमा हाल सम्म संस्थाको कुल सदस्य संख्याको ४२ प्रतिशत भन्दा बढि सदस्यहरूको विवरण

अद्यावधिक भइसकेको छ र बाँकी रहेको सदस्यहरूको यस आर्थिक वर्ष ५भत्र विवरण अद्यावधिक सम्पन्न गरिनेछ ।

- संस्थाले मासिक रूपमा आर्थिक विवरणहरू यस प्रणालीमा अद्यावधिक गर्दै आइरहेको छ ।

## १३. आभाष साकोसमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ मा तोकिएका कार्यहरूको कार्यान्वयन अवस्था

**सदस्य पहिचान सम्बन्धी व्यवस्था (KYM Update)**

- नयाँ सदस्यको हकमा सदस्य पहिचान फारम भरी सदस्यको विवरण सिस्टममा नियमित रूपमा अद्यावधिक गर्ने गरीएको
- सदस्यको विवरण अद्यावधिक गर्ने सन्दर्भमा आ.व. २०८१÷८२ सम्म कुल सदस्य संख्या ७००७ रहेकोमा ५३९८ जना सदस्यको सदस्य पहिचान फारम अद्यावधि गरि सिस्टममा पनि अद्यावधिक गरिसकेको र बाकी १६०९ जना सदस्यहरूको यस आर्थिक वर्ष भित्र पूर्ण रूपमा अद्यावधिक गर्ने कार्य भइरहेको । हाल सम्मको कुल सदस्य संख्यको ७७.०३ प्रतिशत सदस्यहरूको सदस्य विवरण अद्यावधिक भएको छ ।

**जोखिमका आधारमा सदस्य वर्गीकरǀ**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ/संस्थालाई जारी गरिएको निर्देशन २०७४ बमोजिम हाल सम्म संस्थामा अव४ सदस्यहरुको देहाय बमोजिम वर्गीकरǀ भएको जनाकारी गर्द५ ।

- उच्च जोखिममा परेको सदस्य संख्या २ जना
- मध्ययम जोखिममा परेको सदस्य संख्या ६४८ जना
- न्यून जोखिममा परेको सदस्य संख्या ६३५७ जना

**सीमा कारोबारको प्रतिवेदन :** सीमा कारोबार (थ्रेस्होल्ड ट्रान्जेक्सन) सम्बन्धी प्रतिवेदन त्यस्तो कारोबार सम्पन्न भएको मितिले १५ दिनभित्र वित्तीय जानकारी इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाईमा प्रदान गर्रिदै आएको छ ।

**सीमा कारोबारको स्रोत खुलासा लिनुपर्ने :** रू.१० लाख र सो भन्दा बढी रकम कारोवारको हकमा अनिवार्य स्रोतको विवरण खुलाउने व्यवस्था गरिएको छ र उक्त विवरण सिस्टममा पनि अद्यावधिक गर्ने गरिएको छ ।

**उच्च पदस्थ पदाधिकारी सदस्य संख्या :** कार्यविधिले तोके बमोजिमका उच्च पदस्थ पदाधिकारी नरहेको ।

**वित्तीय जानकारी इकाईको निर्देशन पालना :** संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा कारोबार तथा शङ्कास्पद कारोबार सम्बन्धी निर्देशन तथा मार्गदर्शनको पालना गरिरहेको छ ।

**प्रतिवेदन पठाउने सम्बन्धमा:** संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सम्पादन गरेका कार्यहरूको नियमित रूपमा प्रतिवेदन सम्बन्धित नियकामा पठाउने व्यवस्था गरेको ।

## १४. सम्पन्न भएका कार्यक्रम तथा योजनाहरू

क) मिति २०८१ श्रावण ३० गते रेयुकाई एइको मासुनागा आँखा अस्पतालको प्राविधिक सहयोगमा नासिका स्थानमा एक दिने आँखा शिविर संचालन गरिएको ।

ख) मिति २०८१ भाद्र २९ गते देखि राष्ट्रिय बाल दिवसको अवसरमा संस्थामा आवद्ध बालबचतकर्ताहरूलाई शैक्षिक सामाग्रि वितरण गरिएको ।

ग) मिति २०८१ असोज २३ गते बडा दशैं तथा शुभदिपावलीको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरिएको ।

घ) मिति २०८१ मंसिर १४ गते यस आभाष बचत तथा ऋण सहकारी संस्था लि. को पन्ध्रौं वार्षिक उत्सवको उपलक्ष्उमा रक्तदान कार्यक्रमको आयोजना गरियो ।

ङ) मिति २०८१ मंसिर १४ गते यस आभाष बचत तथा ऋण सहकारी संस्था लि. को पन्ध्रौं वार्षिक उत्सवको उपलक्ष्उमा छोरी अभियान कार्यक्रमको आयोजना गरियो ।

च) मिति २०८१ मंसिर १५ गते संस्था सुरूवात गर्दाको समयमा आवद्ध हुनु भएका सदस्यहरूको एक दिने भेला तथा शिक्षा शिविर कार्यक्रम संचालन गरिएको ।

छ) मिति २०८१ मंसिर १५ गते शनिवारको दिन बनेपा स्थित स्मार्ट प्यालेसमा यस संस्थामा आवद्ध जेष्ठ सदस्यहरूलाई सम्मान कार्यक्रमको आयोजना गरिएको ।

ज) मिति २०८१ पौष ९ गते यस संस्थाको भकुण्डे सेवाकेन्द्र मार्फत पतञ्जलि योग समिति नमोबुद्धको व्यवस्थापन, पतञ्जलि आयुर्वेद मेडिकल कलेज एवं अनुसन्धान केन्द्रको प्राविधिक सहयोग तथा नमोबुद्ध नगरपालिका सँगको सहकार्यमा एक दिने निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर आयोजना गरिएको ।

झ) मिति २०८१ पौष १२ गते संस्थाको सामाजिक दायित्व अन्तर्गत पनौती ७ स्थित श्री पनौती आधारभूत विद्यालयमा कक्ष १ देखि १० सम्मको जेहेन्दार छात्र र छात्रा १/१ जना गरि २० जना विद्यार्थिहरूलाई शैक्षिक सामाग्रि वितरण गरिएको र विद्यालयलाई भित्ते घडि एक थान, डिक्सनरी एक थान तथा अभ्यास पुस्तिका दुई दर्जन प्रदान गरिएको ।

ञ) मिति २०८१ चैत्र १४ गते संस्थामा आवद्ध संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य उपसमितिका पदाधिकारी तथा सदस्यहरूको लागि सहकारी व्यवस्थापन तथा समिति उपसमितिको भुमिका सम्बन्धी एक दिने तालिमको आयोजना गरिएको ।

## १५. अनुमोदनका लागि सभा समक्ष प्रस्तावित छलफलका विषयहरू :

१) आ.व. २०८१/८२ को सचिवको प्रगति प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२) आ.व. २०८१/८२ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

३) आ.व. २०८१/८२ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

४) आ.व. २०८१/८२ को लेखा परिक्षक प्रतिवेदन, लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

५) आ.व. २०८२/८३ को प्रस्तावित वार्षिक कार्ययोजना र वार्षिक बजेट उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

६) आ.व. २०८२/८३ को लेखा परिक्षण गर्ने लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

७) आ.व २०८१/८२ को शेयर लाभांश वितरण प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
८) आ.व २०८१/८२ को संरक्षित पुँजी फिर्ता कोषको रकम व्यवस्थापन सम्बन्धमा ।
९) आन्तरिक कार्यविधिहरूको संशोधन प्रस्ताव उपर छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
   ९.१) आर्थिक प्रशासन व्यवस्थापन कार्यविधि २०६७ (पाँचौं संशोधन)
   ९.२) कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ (तेस्रो संशोधन)
   ९.३) ऋण व्यवस्थापन कार्यविधि २०७३ (सातौं संशोधन)
   ९.४) नगद परिचालन कार्यविधि २०७० (दोस्रो संशोधन)
   ९.५) सम्पत्ति शद्धिकरण सम्बन्धित एएमएल (AML) कार्यविधि २०७३ (प्रथम संशोधन २०८२)
१०) सञ्चालक समितिको सेवा सुविधा तथा प्रमुख प्रवन्धकको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
११) साधारण सभाको निर्णय पुस्तीकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
१२) विविध ।

## १६. स्वीकृत गर्नुपर्ने संशोधित कार्यविधिहरू

संस्थामा रहेका नीति तथा कार्यविधिहरूलाई समय सापेक्ष अद्यावधिक तथा परिमार्जन गर्नुपर्ने भएकोले देहाय बमोजिम कार्यविधिहरूको संशोधन प्रस्ताव स्वीकृतीको लागि पेश गरिएको छ ।

### १) आर्थिक प्रशासन व्यवस्थापन कार्यविधि २०६७ (पाँचौं संशोधन)

| क्र.सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक प्रशुासन व्यवस्थापन कार्यविधि २०६७ (चौंठों संशोधन २०८१) रहने छ । | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक प्रशुासन व्यवस्थापन कार्यविधि २०६७ (पाँचौं संशोधन २०८२) रहने छ । | कार्यविधिको सातौं संशोधन भएकोले |
| २. | **४. बैंक खाता तथा नगद सञ्चालन तथा लेखाङ्कन प्रक्रिया :**<br>४.३ बैंक खाता तथा संस्थामा कायम गरेको बैंक खाता सम्बन्धी तथ्यांक प्रत्येक महिनाको ७ गते भित्र लेखा शाखा भएमा सो शाखाले र लेखा शाखा नभएमा संचालन प्रमुखले दुवै तथ्यांक रूजु गरी बैंक रिकन्सिलेसन स्टेट्मेण्ट (Bank Reconcilation Statement) तयार गरी व्यवस्थापन प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ । | **४. बैंक खाता तथा नगद सञ्चालन तथा लेखाङ्कन प्रक्रिया :**<br>४.३ बैंक खाता तथा संस्थामा कायम गरेको बैंक खाता सम्बन्धी तथ्यांक प्रत्येक महिनाको १२ गते भित्र लेखा शाखा भएमा सो शाखाले र लेखा शाखा नभएमा प्रशासकिय अधिकृतले वा आधिकारिक कर्मचारीले दुवै तथ्यांक रूजु गरी बैंक रिकन्सिलेसन स्टेट्मेण्ट (Bank Reconcilation Statement) तयार गरी व्यवस्थापन प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ । | हाल संचालन प्रमुख पद नरहेको हुनाले संशोधन गर्नु परेको । |
| ३. | **५. कार्यक्रम तथा बजेट तर्जुमा :**<br>५.२ सञ्चालक समिति आफैले वा निम्न व्यक्तिहरू भएको ४ सदस्यीय कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति गठन गरी कार्यक्रम तथा बजेट मस्यौदा तयार गर्न गराउन सक्नेछ ।<br>क)सञ्चालक समितिका सचिवको संयोजकत्वमा कोषाध्यक्ष, ऋण व्यवस्थापन उपसमिति संयोजक र व्यवस्थापन प्रमुख सहित ४ जना<br>ख) व्यवस्थापन प्रमुख उप-समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।<br>आवश्यकता अनुसार विषय विशेषज्ञहरूलाई उप-समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । | **५. कार्यक्रम तथा बजेट तर्जुमा :**<br>५.२ सञ्चालक समिति आफैले वा निम्न व्यक्तिहरू भएको बढिमा ३ सदस्यीय कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति गठन गरी कार्यक्रम तथा बजेट मस्यौदा तयार गर्न गराउन सक्नेछ ।<br>क)सञ्चालक समितिका सचिवको संयोजकत्वमा कोषाध्यक्ष, र एक जना संचालक समितिबाट मनोनय भएको सदस्य सहित ३ जना ।<br>आवश्यकता अनुसार विषय विशेषज्ञहरू तथा अन्य उपसमितिका संयोजकहरूलाई उप-समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । | कार्यक्रम तथा बजेट मस्यौदा उपसमितिको सदस्यहरूको सन्दर्भमा केही संशोधन गर्नु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| ४. | **६- बजेट स्विकृती :**<br>नियम ५ बमोजिम तर्जुमा गरिएको अनुमानित कार्यक्रम तथा बजेटलाई आर्थिक वर्ष सुरू भएको बढिमा २० दिन भित्र सञ्चालक समितिले स्विकृत गरि लागु गर्नुपर्नेछ र सो कार्यक्रम तथा बजेटलाई साधारणसभामा पेश गराई अनुमोदन गर्नुपर्नेछ तर संचालक समिति र व्यवस्थापन प्रमुखको सेवा सुविधाको सम्बन्धमा भने साधारण सभाबाट स्वीकृत गराए पश्चात मात्र लागू हुनेछ । | **६. बजेट स्विकृती :**<br>नियम ५ बमोजिम तर्जुमा गरिएको अनुमानित कार्यक्रम तथा बजेटलाई आर्थिक वर्ष सुरू भएको बढिमा २० दिन भित्र सञ्चालक समितिले स्विकृत गरि लागु गर्नुपर्नेछ र सो कार्यक्रम तथा बजेटलाई साधारणसभामा पेश गराई अनुमोदन गर्नुपर्नेछ तर संचालक समिति र व्यवस्थापन प्रमुखको सेवा सुविधाको सम्बन्धमा भने साधारण सभाबाट स्वीकृत गराए पश्चात मात्र लागू हुनेछ । उक्त २० दिन भित्र भएको सम्पूर्ण खर्च तथा अन्य भुक्तानीहरू बजेट बमोजिम भएको मानिनेछ । | बजेट स्वीकृत नभएको अवस्था सम्ममा भएका खर्च तथा अन्य भुक्तानीहरूलाई आधिकारिकता प्रदान गर्नको लागि संशोधन गरिएको । |
| ५. | **१०. खर्च गर्ने व्यवस्था :**<br>१०.४ कार्यक्रम बजेट कुनै कारणबश समितिबाट स्वीकृत भई नसकेको अवस्थामा संस्थाको दैनिक कारोबार चलाउन रकमको अत्यावश्यक भएमा पछि स्वीकृत हुने बजेटमा व्यहोरिने गरी समितिले पेश्की बजेटको रूपमा रकम निकासा दिन सक्नेछ । | **१०. खर्च गर्ने व्यवस्था :**<br>१०.४ कार्यक्रम तथा बजेट कुनै कारणबश नियम ६ मा व्यवस्था भएको स्वीकृत हुनु पर्ने अवधि भित्र समितिबाट स्वीकृत नभएको अवस्थामा संस्थाको दैनिक कारोबार चलाउन रकमको अत्यावश्यक भएमा पछि स्वीकृत हुने बजेटमा व्यहोरिने गरी समितिले पेश्की बजेटको रूपमा रकम निकासा दिन सक्नेछ । | बजेट स्वीकृत नभएको अवस्थामा पेश्की बजेटको व्यवस्थाको लागि । |
| ६. | **११. खर्च स्वीकृत गर्ने अधिकार :**<br>११.४.३ सञ्चालक समितिको बैठकवाट स्विकृत भएपछि अध्यक्षले आवश्यक विल भर्पाई स्वकृत/प्रमाणित गर्ने । | **११. खर्च स्वीकृत गर्ने अधिकार :**<br>११.४.३ सञ्चालक समितिको बैठकवाट स्विकृत भएपछि व्यवस्थापन प्रमुखले आवश्यक विल भर्पाईको रकम भुक्तानीको लागि स्वकृत गर्ने । | स्वीकृत भएको बिल भर्पाईमा भुक्तानी स्वीकृतीको आदेश दिने विषयलाई स्पष्ट व्यवस्था गर्नको लागि । |
| ७. | **७९. नगद तथा जिन्सी सामान सम्बन्धि व्यवस्थाः**<br>७९.१ संस्थामा हरेक दिन बचत, ऋण र अन्य विबिध शिर्षकमा हुने नगदकारोवारको उचित खातामा सही ढंगबाट लेखा राखि विल भरपाईहरू लिने दिने गर्नु पर्दछ । नगद बुझिलिँदा सो बापत हुने बिल, भौचर वा भर्पाई दिनु पर्ने छ भने नगद भुक्तानी दिँदा सो बापत भुक्तानी फारम, भुक्तानी स्लिप, विल, भपाई आदि लिनु पर्ने छ । सो सम्बन्धि कार्य सो सम्बन्धित व्यक्ती अनुसार लेखापाल वा संचालन प्रमुखले गर्नेछन् । सो बापत जम्मा हुने नगद तोकिएको मापदण्ड भन्दा माथि भएमा यथासम्भव सोही दिन वा सो दिन बैंक पठाउन ढिला भएमा भोलीपल्ट पहिलो सत्रमै बैंक दाखिला गर्नुपर्ने छ ।<br>७९.२ कुनै माल सामान विक्री तथा लिलामबाट प्राप्त नगद रकमलाई क्रेताले लेखापाल भए निजलाई र निज नभए संचालन प्रमुखलाई बुझाई विल भरपाई लिनु पर्नेछ ।<br>७९.३ संस्थामा कारोवार संचालनको लागि प्राप्त हुने बिभिन्न सामानहरूको उचित नाप तौल संख्या गिन्ती गरी लेखापाल वा संचालन प्रमुख वा जिम्मेवार कर्मचारीले बुझिलिनु पर्ने | **७९. नगद तथा जिन्सी सामान सम्बन्धि व्यवस्थाः**<br>७९.१ संस्थामा हरेक दिन बचत, ऋण र अन्य विबिध शिर्षकमा हुने नगदकारोवारको उचित खातामा सही ढंगबाट लेखा राखि विल भरपाईहरू लिने दिने गर्नु पर्दछ । नगद बुझिलिँदा सो बापत हुने बिल, भौचर वा भर्पाई दिनु पर्ने छ भने नगद भुक्तानी दिँदा सो बापत भुक्तानी फारम, भुक्तानी स्लिप, विल, भपाई आदि लिनु पर्ने छ । सो सम्बन्धि कार्य सदस्य सेवा विभागका जिम्मेवार कर्मचारीले गर्नेछ र प्रशासकिय अधिकृतले सोको निरिक्षण तथा सुपरिवेक्षण गर्नुपर्नेछ । सो बापत जम्मा हुने नगद तोकिएको मापदण्ड भन्दा माथि भएमा यथासम्भव सोही दिन वा सो दिन बैंक पठाउन ढिला भएमा भोलीपल्ट पहिलो सत्रमै बैंक दाखिला गर्नुपर्ने छ ।<br>७९.२ कुनै माल सामान विक्री तथा लिलामबाट प्राप्त नगद रकमलाई क्रेताले लेखापाल भए निजलाई र निज नभए सदस्य सेवा विभागका आधिकारिक कर्मचारीलाई बुझाई विल भरपाई लिनु पर्नेछ ।<br>७९.३ संस्थामा कारोवार संचालनको लागि प्राप्त हुने बिभिन्न सामानहरूको उचित नाप तौल संख्या गिन्ती गरी सदस्य सेवा विभाग अन्तर्गतको रिसेप्सनको कर्मचारीले बुझिलिनु पर्ने छ । सोको | संचालन प्रमुख नभएको हुनाले संशोधन गरिएको । |

| | | | |
|---|---|---|---|
| | छ । सोको आवश्यक व्यवस्था मिलाएर राख्ने र सामान मौज्दात खातामा चढाएर राख्ने कार्य सम्बन्धित कर्मचारीको दायित्व हुने छ । | आवश्यक व्यवस्था मिलाएर राख्ने र सामान मौज्दात खातामा चढाएर राख्ने कार्य सम्बन्धित कर्मचारीको दायित्व हुने छ । | |

## ३) कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ (तेस्रो संशोधन)

| क्र. सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | **१. संक्षिप्त नाम र प्रारम्भ : –**<br>१) यो नीतिको नाम श्री आभाष बचत तथा ऋण सहकारी संस्था लि. को "कर्मचारी व्यवस्थापन कार्यविधि २०७७-दोस्रो संशोधन २०८१" रहने छ । | **१. संक्षिप्त नाम र प्रारम्भ : –**<br>१) यो कार्यविधिको नाम श्री आभाष बचत तथा ऋण सहकारी संस्था लि. को "कर्मचारी व्यवस्थापन कार्यविधि २०७७-तेस्रो संशोधन २०८१" रहने छ । | सहकारी ऐनको दफा २८ बमोजिमको व्यवस्था कायम गर्न ।<br>(नोट : यस संशोधन पश्चात कुनै पनि दस्तावेजमा उल्लेखित कर्मचारी व्यवस्थापन नीति लाई कर्मचारी व्यवस्थापन कार्यविधि भनिनेछ ) |
| २. | हाल नीति भन्ने शब्द प्रयोग भएको | यस कार्यविधिमा जहाँ जहाँ नीति भन्ने शब्द उल्लेख भएको छ उक्त नीति भन्ने शब्दलाई परिवर्तन गरि कार्यविधि भन्ने शब्द राख्ने । | सहकारी ऐन बमोजिम संस्थाले कार्यविधिमात्र तयार गर्न सक्ने भएकोले नीति भन्ने शब्द परिवर्तन गरिएको । |
| ३. | **३. नीतिको व्यवस्था :**<br>१) कुनै अधिकार प्राप्त अधिकारीले यो नीतिको प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै कर्मचारीलाई मर्का परेमा निजले समिति समक्ष उजुरी दिन सक्ने छ ।<br>२) उपनियम (१) बमोजिम पर्न आएको उजुरीको सम्बन्धमा समितिले नीतिको अन्तिम व्याख्या गर्नेछ र समितिले गरेको व्याख्या सम्बन्धित सबैको लागि मान्य हुनेछ । | **३. कार्यविधिको कार्यान्वयन**<br>१) यो कार्यविधिका प्रावधान कार्यान्वयन गर्ने सम्बन्धमा कुनै अधिकारी उल्लेख भएकोमा त्यस्तो अधिकारीले र उल्लेख नभएकोमा व्यवस्थापन प्रमुखले यो कार्यविधिको कार्यान्वयन गर्नेछ ।<br>२) यस कार्यविधिको कार्यान्वयन गर्दा देहायका कुराहरूलाई निर्देशक सिद्धान्त (Guiding Principles) को रूपमा लिइनेछ ।<br>(क) कुनै पनि कर्मचारीलाई धर्म, जात, जाति, लिङ्ग, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।<br>(ख) कर्मचारी प्रशासन सम्बन्धी सबै काम कारवाहीहरु उच्च उत्पादकत्व र कर्मचारीको हितबाट निर्देशित हुनेछन ।<br>(ग) संस्थाका नीति, रणनीति, कार्यविधि, योजना, कार्यक्रम तथा कर्मचारीका आवश्यकता, समस्या र सुझावका सम्बन्धमा व्यवस्थापन र कर्मचारी बीच प्रभावकारी सञ्चार (Effective Communication) व्यवस्था गर्न प्रोत्साहन गरिनेछ र यसका लागि देहायका कुनै वा सबै तरिका अपनाउन सकिनेछ ।<br>१. नियमित रूपमा कर्मचारीको बैठक (Regular Staff Meeting) गर्ने ।<br>२. सूचनापाटीमा सूचना तथा जानकारी (Information) टास्ने । | नीतिको व्यवस्थामा भएका प्रावधानहरू कार्यविधिको व्याख्यामा रहेको हुनाले कार्यान्वयनको विषयलाई नियम ३ मा समावेश गर्ने । |

| | | | |
|---|---|---|---|
| | | ३. संस्थाको वर्तमान गतिविधि तथा प्रशासन सम्बन्धी बुलेटिन प्रकाशित गर्ने ।<br>४. मनोरञ्जनात्मक क्रियाकलाप तथा अनौपचारिक भेला गर्ने ।<br>५. Electronics Media को माध्यमबाट सूचना सम्प्रेषण गर्ने । | |
| ४. | **१०. पदपूर्तिको व्यवस्था :**<br>हाल उपनियम ४ सम्मा मात्र व्यवस्था भएको । | **१०. पदपूर्तिको व्यवस्था मा उपनियम ५ र ६ थप गर्ने**<br>५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पदपूर्ति गर्नु पर्ने कुनै पदको सम्बन्धमा नियुक्ति हुने वा बढुवा हुने पद भन्दा तल्लो तहमा रहेको कर्मचारी वा पदपूर्ति उपसमितिको कुनै सदस्य आफै वा निजको परिवारको सदस्य वा नजिकको नातेदार उम्मेदवार भएमा त्यस्तो सदस्यले त्यस्तो पदपूर्तिका लागि पदपूर्ति उपसमितिको काम कारबाहीमा भाग लिन पाउने छैन ।<br>६) उपनियम (५) बमोजिम पदपूर्ति उपसमितिको कुनै काम, कारबाहीका सम्बन्धमा कुनै सदस्यले भाग लिन नसक्ने अवस्था भएमा समितिले सो प्रयोजनको लागि अर्को व्यक्तिलाई पदपूर्ति उपसमितिको सदस्य तोक्नेछ । | पदपूर्ति उपसमितिको व्यवस्थामा पारदर्शिता कायम गर्न । |
| ५. | **१२. प्रतियोगिताको किसिम र छनौट :**<br>हाल उपनियम ७ सम्मा मात्र व्यवस्था भएको । | **१२. प्रतियोगिताको किसिम र छनौट मा नियम ८ थप गर्ने ।**<br>८) संस्थामा कायम वा सञ्चालक समितिले नयाँ दरबन्दी सिर्जना गरी आफै वा पदपुर्ति उप समिति वा व्यवस्थापन प्रमुख मार्फत कुनै खास पदमा खास योग्यता तथा अनुभव भएको व्यक्ति नीजको अनुभव र योग्यताका कारण संस्थालाई आवश्यक देखीएमा व्यवस्थापन प्रमुख वा अध्यक्ष मार्फत समितिको पूर्व स्वीकृतीमा नीजको सेवा सुविधा आपसी सहमतीमा निर्धारण गरी अधिकृत श्रेणी र व्यवस्थापन श्रेणीमा कर्मचारी छनौट गर्न सकिनेछ । यस उपनियम बमोजिम कर्मचारी छनौट गर्दा विज्ञापन तथा प्रतियोगीताको आवश्यकता पर्ने छैन । | संस्थालाई आवश्यक जनशक्ति परिचालन गर्न । |
| ६. | **३५. निमित्त सम्बन्धी ब्यवस्था :-**<br>१) उच्च ब्यबस्थापन, व्यवस्थापन तथा अधिकृत श्रेणीका कर्मचारीहरूले आफु अनुपस्थिती हुने भएमा निजले गरि आएका दैनिक कार्यहरू तत्काल गर्नको लागि समान अथवा एक तहमुनिका सबैभन्दा बरिष्ठ कर्मचारीलाई निमित्त मुकरर गरिनेछ । १ तहमुनिको कर्मचारी नभएमा २ तहमुनिको बरिष्ठ कर्मचारीलाई निमित्त मुकरर गरीनेछ ।<br>२) उपनियम (१) बमोजिम निमित्त मुकरर गर्नुपर्ने भएमा व्यवस्थापन प्रमुखको हकमा संचालक समितिका सचिवबाट र सो भन्दा मुनिका सम्पूर्ण कर्मचारीहरूको हकमा व्यवस्थापन प्रमुखबाट | **३५. निमित्त भई काम गर्ने:**<br>१. कुनै विभागिय प्रमुख विदामा वसेको, काजमा गएको वा अन्य कुनै कारणले निज आफ्नो जिम्मेवारी पूरा गर्न संस्थाको कार्यालयमा उपस्थित हुन नसक्ने भएमा त्यस्तो पदमा तत्काल कार्य संचालनका लागि सोही कार्यालयको एक तह मुनिको सबै भन्दा वरिष्ठ कर्मचारीलाई निज अनुपस्थित रहने अबधिसम्मका लागि व्यवस्थापन प्रमुखले बढिमा ७ दिन सम्मा सो पदमा निमित्त भई काम गर्न तोक्नु पर्नेछ ।<br>२. उपनियम (१) बमोजिमको अवस्था परी कुनै विभागिय प्रमुख संस्थाको कार्यालयमा | पहिलेको प्रावधानहरूमा केही विषयहरू थप गर्नुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | स्वीकृत गराउनु पर्नेछ ।<br>३) नमित्त मुकरर भै कार्य गर्ने कर्मचारीले सम्बन्धित पदका कर्मचारीले दैनिक नियमित गर्नु पर्ने कार्य बाहेक संस्थाका महत्वपूर्ण तथा दुरगामी प्रभाव पार्ने विषयहरूमा निर्णय गर्न सक्ने छैन ।<br>४) अधिकतम ३०(तीस) दिनसम्मको लागि मात्र निमित्त मुकरर गर्न सकिने छ ।<br>५) नमित्त **अनुसुचि १३** बमोजिम तोकिएको ढांचामा मुकरर गरीनेछ । | उपस्थित हुन नसकेको र कुनै कर्मचारीलाई निमित्त भई काम काज गर्न नतोकिएको अवस्थामा त्यस्तो कर्मचारीले गरी आएको काम त्यस्तो पदभन्दा मुनिको निकटतम वरिष्ठ कर्मचारीले त्यस्तो पदको काम स्वतः निमित भई गर्नेछ।<br>३. उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन प्रमुख सात दिन भन्दा कम अवधिका लागि विदामा बसेमा वा कारणवश कार्यालयमा उपस्थित हुन नसकेमा आफु भन्दा मुनीको बरिष्ठ कर्मचाारीलाई निमित्त तोक्न सक्नेछ।<br>४. व्यवस्थापन प्रमुख सात दिन भन्दा बढीको अवधि अनुपस्थित हुने भएमा अध्यक्षको स्वीकृति लिनु पर्नेछ । यस नियम बमोजिम निमित्त भई कामकाज गराउदा वा गर्दा त्यसरी काम गरेको व्यहोरा केन्द्रीय प्रशासन शाखामा यथाशीघ्र जानकारी गराउनु पर्नेछ।<br>५. कुनै कर्मचारीले कुनै पदमा निमित्त भई काम गरेकोमा त्यस्तो पदको काम गरेको अवधिका लागि सम्पूर्ण काम कारवाहीको उत्तरदायित्व निमित्त भई काम गर्नेको हुनेछ।<br>६. निमित्त भई काम गरे वापत कुनै अतिरिक्त रकम तथा सुविधा प्रदान गरिने छैन ।<br>७. निमित्त मुकरर भै कार्य गर्ने कर्मचारीले सम्बन्धित पदका कर्मचारीले दैनिक नियमित गर्नु पर्ने कार्य बाहेक संस्थाका महत्वपूर्ण तथा दुरगामी प्रभाव पार्ने विषयहरूमा निर्णय गर्न सक्ने छैन ।<br>८. अधिकतम ३०(तीस) दिनसम्मको लागि मात्र व्यवस्थापन प्रमुखको निमित्त मुकरर गर्न सकिने छ ।<br>९. नमित्त **अनुसुचि १३** बमोजिम तोकिएको ढांचामा मुकरर गरीनेछ । | |
| ७. | **४४. पोसाक सुविधा :**<br>संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई आवश्यक पोसाकको व्यवस्थापनको लागि संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ । | **४४. पोशाक सुविधा**<br>१. संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई आवश्यक पोसाकको व्यवस्थापनको लागि संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>२. उपनियम (१) बमोजिम दिएको रकमबाट प्रत्येक कर्मचारीले संस्थाले निर्धारण गरे बमोजिमको पोशाक खरिद गर्नमा खर्च गर्नु पर्नेछ र कार्यालयले तोकेको समयमा त्यस्तो पोशाक लगाएर कार्यसम्पादन गर्नु पर्नेछ।<br>३. उपनियम (२) बमोजिम निर्धारण गरेको पोशाक नलगाउने कर्मचारीको संस्थाको प्रशासन शाखाबाट अभिलेख राखिनेछ।<br>४. उपनियम (३) बमोजिमको अभिलेखबाट सात दिन भन्दा बढी संस्थाबाट निर्धारण भएको पोशाक नलगाउने कर्मचारीलाई अर्को बर्ष पोशाक सुविधाको रकम नदिन सकिनेछ। | पोशाक सुविधालाई अनुशासन सँग जोड्नको लागि । |

| | | | |
|---|---|---|---|
| ८. | **४७. तलब सम्बन्धि अन्य व्यवस्था :**<br>१) संचालक समितिले संस्थाको कुल सम्पत्तिमा बृद्धि, मुनाफामा बृद्धि, मुद्रास्फिती, देशको आर्थिक बृद्धि, तरलताको अवस्था, खर्चको भारको अवस्था, बजारको अवस्था र कर्मचारीहरूले प्राप्त गरेको लक्ष्य र कार्य सम्पादन मुल्यांकनलाई आधार मानि कर्मचारीहरूको तलब तथा अन्य आर्थिक सुविधा पुनरावलोकन गर्न सक्नेछ ।<br>२) पुनरावलोकन गर्ने समयको विषयमा संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।<br>३) संचालक समितिले निर्णय गरेको मितिदेखि तलब तथा अन्य आर्थिक सुविधाहरूको बृद्धि लागु हुनेछ ।<br>४) कर्मचारीहरू बढुवा भएको अवस्थामा कायम हुने कुल आर्थिक सुविधा बढुवा भन्दा पहिले कायम रहेको पदमा वाहाल रहँदा खाईपाई आएको कुल अर्थिक सुविधा भन्दा कम भएमा खाईपाई आईरहेको आर्थिक सुविधामा १०% बढाएर सुविधा कायम गरिनेछ ।<br>५) व्यवस्थापन प्रमुखको बाहेक अन्य कर्मचारीहरूको तलब बृद्धि गर्दा देहाय बमोजिमका आधारमा गर्नुपर्नेछ । देहायको आधारको प्रतिशतमा संचालक समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।<br>आधारहरू<br>• कार्यसम्पादन मुल्याङ्कन को २० प्रतिशत ।<br>• संस्थाले दिएको व्यक्तिगत वार्षिक लक्ष्यको ८० प्रतिशत ।<br>६) व्यवस्थापन प्रमुखको सिफारिसमा मात्र समितिले अन्य कर्मचारीहरूको तलब नियमानुसार बढाउन स्विकृत गर्नेछ ।<br>७)व्यवस्थापन प्रमुखको तलब बृद्धि गर्नका लागी समितिले निर्णय गरे बमोजिम हुनेछ र साधारण सभाबाट स्वीकृत भए पश्चात मात्र लागु हुनेछ । | **४७. तलब सम्बन्धि अन्य व्यवस्था :**<br>१) कर्मचारीहरूको तलब तथा अन्य आर्थिक सुविधा प्रत्येक दुई आर्थिक वर्षको एकपटक पुनरावलोकन गरिनेछ । सो समय पहिलेको तलब बृद्धि भएको समयदेखि गणना गरिनेछ ।<br>२) संचालक समितिले संस्थाको कुल सम्पत्तिमा बृद्धि, मुनाफाको अवस्था, संस्थागत पुँजीको बृद्धि, ऋण लगानीको अवस्था, सदस्यता बृद्धि, सरकारी तलबको बृद्धि र मुद्रास्फितीलाई मुख्य आधार तथा तरलताको अवस्था, खर्चको भारको अवस्था र बजारको अवस्थालाई सहायक आधार मानि कर्मचारीहरूको तलब तथा अन्य आर्थिक सुविधा पुनरावलोकन गर्न सक्नेछ ।<br>३) संचालक समितिले कर्मचारी तलबमान पुनरावलोकनको लागि **अनुसूची १४** मा व्यवस्था भए बमोजिम कर्मचारी तलबमान पुनरावलोकन फारम अद्यावधिक गरि सोही बमोजिम तलबमान बृद्धि प्रतिशत निर्धारण गर्न सक्नेछ ।<br>४) संचालक समितिले निर्णय गरेको मितिदेखि तलब तथा अन्य आर्थिक सुविधाहरूको बृद्धि लागु हुनेछ।<br>५) कर्मचारीहरू बढुवा भएको अवस्थामा कायम हुने कुल आर्थिक सुविधा बढुवा भन्दा पहिले कायम रहेको पदमा वाहाल रहँदा खाईपाई आएको कुल अर्थिक सुविधा भन्दा कम भएमा खाईपाई आईरहेको आर्थिक सुविधामा १०% बढाएर सुविधा कायम गरिनेछ ।<br>६) व्यवस्थापन प्रमुखको बाहेक अन्य कर्मचारीहरूको तलब बृद्धि गर्दा देहाय बमोजिमका आधारमा गर्नुपर्नेछ । देहायको आधारको प्रतिशतमा संचालक समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।<br>आधारहरू<br>• कार्यसम्पादन मुल्याङ्कन को २० प्रतिशत ।<br>• संस्थाले दिएको व्यक्तिगत वार्षिक लक्ष्यको ८० प्रतिशत ।<br>७) व्यवस्थापन प्रमुखको सिफारिसमा मात्र समितिले अन्य कर्मचारीहरूको तलब नियमानुसार बढाउन स्विकृत गर्नेछ ।<br>८) व्यवस्थापन प्रमुखको तलब बृद्धि गर्नका लागी समितिले निर्णय गरे बमोजिम हुनेछ र साधारण सभाबाट स्वीकृत भए पश्चात मात्र लागु हुनेछ । | तलबको पुनरावलोकन तथा तलब बृद्धिको आधारहरूको तय गर्नको लागि । |

| | | | |
|---|---|---|---|
| ९. | **४९. काम गर्ने समय, समयपालन र हाजिरी :**<br>१) संस्थाको काम गर्ने समय विहान ९:३० बजे देखि बेलुका ६ बजेसम्म रहनेछ । शुक्रवार बिहान ९:३० बजे देखि साँझ ४ बजे सम्म रहनेछ । कार्तिक १५ देखि माघ १५ सम्म कार्यालय समय बिहान ९:३० देखि ५ बजे सम्म र शुक्रवार बिहान ९:३० बजे देखि साँझ ४ बजे सम्म रहनेछ ।<br>२) कर्मचारीले सार्वजनिक बिदाको दिनमा वाहेक प्रतिदिन आठ घण्टा र एक हप्तामा अठ्चालिस घण्टा हाजिर भई काम गर्नु पर्नेछ ।<br>३) साप्ताहिक बिदा १ दिन शनिबार रहने छ ।<br>४) उपनियम १ बमोजिम निर्धारण गरिए बमोजिम समयमा सम्पूर्ण कर्मचारीहरू हाजिर भई समयको पालना गर्नु पर्नेछ ।<br>५) कुनै पनि कर्मचारी मुनासिव माफिकको कारण परेमा बाहेक बिदा स्वीकृत नगराई बिदामा रहन पाउने छैन ।<br>६) कर्मचारीहरूको कामको प्रकृति बमोजिम हाजिरको समय निर्धारण गनुपर्ने भएको हुनाले हाजिरी सम्बन्धी व्यवस्थाको लागि व्यवस्थापन प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ । | **४९. काम गर्ने समय, समयपालन र हाजिरी :**<br>१) कर्मचारीहरूको कामको प्रकृति बमोजिम हाजिरको समय निर्धारण गनुपर्ने भएको हुनाले हाजिरी समय सम्बन्धी व्यवस्थाको लागि व्यवस्थापन प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ । व्यवस्थापन प्रमुखले निर्धारण गरेको कर्मचारीहरूको काम गर्ने समय पछिल्लो पटक बस्ने संचालक समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।<br>२) कर्मचारीलाई सार्वजनिक बिदाको दिनमा वाहेक प्रतिदिन बढिमा आठ घण्टा र एक हप्तामा बढिमा अठ्चालिस घण्टा हाजिर गराई काम गराउन सक्नेछ ।<br>३) साप्ताहिक बिदा १ दिन शनिबार रहने छ ।<br>४) उपनियम १ बमोजिम निर्धारण गरिए बमोजिम समयमा सम्पूर्ण कर्मचारीहरू हाजिर भई समयको पालना गर्नु पर्नेछ ।<br>५) कुनै पनि कर्मचारी मुनासिव माफिकको कारण परेमा बाहेक बिदा स्वीकृत नगराई बिदामा रहन पाउने छैन ।<br>६) निर्धारित समयमा कार्यालय नआउने र पटक पटक ढिलो गरी आउने, चांडो जाने तथा कार्यालयको काममा वाहेक कार्यालय समयमा स्वीकृति नलिई कार्यालय छोड्ने कर्मचारीलाई कार्यालय प्रमुखले गयल गर्न वा अन्य कारवाही गर्न सक्नेछ। | कार्यालय समयमा संशोधन गर्नुपर्ने भएकोले । |
| १०. | **१२३. अधिकार प्रत्यायोजन :**<br>यस नीति बमोजिम समिति वा अध्यक्षलाई प्राप्त अधिकार व्यवस्थापन प्रमुखलाई र व्यवस्थापन प्रमुखलाई प्राप्त अधिकार संस्थामा कार्यरत कनिष्ठ अधिकृत वा सो भन्दा माथिको पदमा बहाल रहेका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिने छ । अधिकार पुनः प्रत्यायोजन गर्न पाईने छैन । | **१२३. अधिकार प्रत्यायोजन**<br>१. समितिले यस कार्यविधि बमोजिम आफूमा निहित अधिकार मध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार कुनै उपसमिति वा व्यवस्थापन प्रमुखलाई प्रत्यायोजन गर्नसक्नेछ ।<br>२. व्यवस्थापन प्रमुखले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आफ्नो सुपरिवेक्षण र जवाफदेहीतामा आफ्नो मातहतका अधिकृत वा सो भन्दा माथिका कर्मचारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।<br>२. एक पटक प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गर्न पाइने छैन ।<br>४. कर्मचारीलाई कारवाही गर्ने र उजुरी सुन्ने अधिकार प्रत्यायोजन हुने छैन ।<br>५. यो कार्यविधिमा भएका प्रावधान कार्यान्वयन गर्ने अधिकारी उल्लेख भएकोमा सोही अनुसार र उल्लेख नभएकोमा व्यवस्थापन प्रमुखले कार्यान्वयन गर्नेछ । | अधिकार प्रत्यायोजन प्रकृयालाई अझ स्पष्ट पार्नको लागि । |

| | | | |
|---|---|---|---|
| ११. | **१२५. प्रशासकीय आदेशः**<br>यो नीतिको अन्तर्गत आवश्यक प्रशासकिय आदेश व्यवस्थापन प्रमुखले दिनेछ । निजको अनुपस्थितिमा यस्तो आदेश निजको कार्यभार सम्हाल्ने कर्मचारीले दिनेछ । तर यस प्रकारको आदेश दिंदा समितिले प्रत्यायोजित अधिकार क्षेत्रभित्र रही कार्य गर्नु पर्नेछ । | **१२५. प्रशासकीय आदेश दिने र बाधा अडचन फुकाउन**<br>१. संस्थाको दैनिक व्यवस्थापनका कार्यलाई प्रभावकारी र गतिशील तुल्याउन, समितिको निर्देशन एवं प्रत्यायोजित अधिकार भित्र रही उचित देखिएका आदेश, निर्देशन व्यवस्थापन प्रमुखले समय समयमा जारी गर्न सक्नेछ । यस्ता आदेश, निर्देशनको पालना गर्नु कर्मचारीको कर्तव्य हुनेछ ।<br>२. यो कार्यविधिको प्रावधानलाई कार्यान्वयन गर्दा बाधा अडचन आएमा कार्यविधिको मर्मको विपरीत नहुने गरी व्यवस्थापन प्रमुखले त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ ।<br>३. यो कार्यविधि प्रयोग गर्दा कर्मचारीलाई मर्का परेमा समिति समक्ष उजुरी गर्न सक्नेछ । | बाधा अडचन फुकाउने व्यवस्था थप गर्न । |
| १२. | **१२८. नीतिको व्याख्या :**<br>यस नीतिको व्याख्या गर्ने अधिकार समितिमा रहनेछ । | **१२८. कार्यविधिको व्याख्या**<br>१. यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ ।<br>२. संस्थाको व्यवस्थापन वा कुनै कर्मचारीले यस कार्यविधि प्रयोग गर्दा गरेको व्यख्या कुनै कर्मचारीलाई चित्त नबुझेमा वा त्यस्तो व्याख्याबाट निजलाई कुनै किसिमको मार्का परेमा सोको कारण खुलाई निजले व्यवस्थापन प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।<br>३. उपनियम (२) बमोजिम निवेदन परेमा निवेदन माग बमोजिम यस कार्यविधिको प्रयोग वा व्याख्यामा कुनै जटिल प्रश्न समावेश भएको देखिएमा व्यवस्थापन प्रमुखले त्यस्तो निवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।<br>४. उपनियम (३) बमोजिम निवेदन पेश भएकोमा समितिले सो बिषयमा व्याख्या गरी व्यवस्थापनलाई सो बमोजिम कार्यन्वयन गर्न निर्देशन दिनेछ ।<br>५. उपनियम(४) बमोजिम समितिले गरेको व्याख्या अन्तिम हुनेछ । | कार्यविधिको व्याख्यालाई अझ थप स्पष्ट गर्न । |
| १३. | **हाल व्यवस्था नभएको** | **१२९. कार्यविधिको पालना**<br>१. यस कार्यविधिमा व्यवस्था गरिएका सेवाका शर्तहरूको जानकारी राखी त्यस बमोजिम पालना गर्नु प्रत्येक कर्मचारीको कर्तव्य हुनेछ ।<br>२. कुनै व्यक्ति संस्थाको कुनै पदमा स्थायी, करार वा अन्य कुनै किसिमबाट नियुक्त भएमा निजले यस कार्यविधि बमोजिम भएको सेवाका शर्त सम्बन्धी व्यवस्था स्वीकार गरी पालना गर्न मञ्जुर गरेको मानिनेछ । | यस कार्यविधिको कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यविधि पालनाको विषयलाई थप गरिएको । |
| १४. | **हाल व्यवस्था नभएको** | **१३१. निर्देशिका बनाउन सकिने**<br>१. यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न सहज बनाउन व्यवस्थापन प्रमुखले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।<br>२. उपनियम (१) बमोजिम बनाईएको | कार्यविधिका केही विषयहरूमा यदि थप निर्देशन दिनु पर्ने भएमा निर्देशिका लागु गर्न व्यवस्था गरिएको । |

| | | | |
|---|---|---|---|
| | | निर्दिशिकामा सम्पूर्ण कर्मचारीको पहुँच हुने गरी सार्वजनिक गर्नु पर्नेछ । | |
| १५. | **अनुसूची १५**<br>**ऋण सापटी सम्बन्धि व्यवस्था**<br>**२) आवाश ऋण :**<br>३. उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाले आवधिक निक्षेपमा निर्धारण गरेको अधिक्तम व्याजदर वा १२ प्रतिशत जुन कम हुन्छ त्यती प्रतिशत व्याजदर कायम गरिनेछ तर कर्मचारी सेवा निबृत वा मृत्यू भएमा बाहेक अरू कारणबाट सेवामा नरहेमा आवाश ऋण रकम बाँकी रहन आएमा सेवा नरहेको मिति देखि संस्थाको नियमानुसार अन्य सदस्यहरूलाई जति व्याज कायम गरिएको छ सोही व्याजदर कायम गरिनेछ ।<br>**३) हायरपर्चेज ऋण :**<br>● **मोटरसाइकल खरिद गर्न :**<br>○ उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाले आवधिक निक्षेपमा निर्धारण गरेको अधिक्तम व्याजदर वा १२ प्रतिशत जुन कम हुन्छ त्यती व्याजदर कायम गरिनेछ ।<br>● **गाडी खरिद गर्न :**<br>○ संस्थागत तथा आफ्नो व्यक्तिगत प्रयोजनका लागि गाडि खरिद गर्न ।<br>○ ऋण रकमको सिमा गाडिको लागतको ६०% वा रू १५,००,०००।– (अक्षरूपी पन्ध्र लाख मात्र) जुन कम हुन्छ त्यति रकम ।<br>○ ऋणको अवधि बढिमा १५ वर्ष सम्मको हुनेछ ।<br>○ उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाले आवधिक निक्षेपमा निर्धारण गरेको अधिक्तम व्याजदर वा १२ प्रतिशत जुन कम हुन्छ त्यती व्याजदर कायम गरिनेछ ।<br>○ गाडी खरिद गर्नको लागि केवल व्यवस्थापन श्रेणीको प्रवन्धक पद वा सो भन्दा माथि तथा उच्च व्यवस्थापन श्रेणीको कर्मचारीहरूले मात्र ऋणको सुविधा प्राप्त गर्न सक्नेछन् ।<br>○ यदि कर्मचारीले संस्थागत प्रयोजनको लागि उक्त गाडी उपलब्ध गराएमा लागतको ८०% वा रू २०,००,०००।– (अक्षरूपी बीस लाख मात्र) जुन कम हुन्छ त्यति रकम संचालक समितिले तोके बमोजिम सहुलियत व्याजरमा ऋण लगानी गरिनेछ । | **अनुसूची १५**<br>**ऋण सापटी सम्बन्धि व्यवस्था**<br>**२) आवाश ऋण :**<br>३. उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाको सम्पूर्ण बचतको औषत व्याजदरमा थप २ प्रतिशत वा १२ प्रतिशत जुन कम हुन्छ त्यती प्रतिशत व्याजदर कायम गरिनेछ तर कर्मचारी सेवा निबृत वा मृत्यू भएमा बाहेक अरू कारणबाट सेवामा नरहेमा आवाश ऋण रकम बाँकी रहन आएमा सेवा नरहेको मिति देखि संस्थाको नियमानुसार अन्य सदस्यहरूलाई जति व्याज कायम गरिएको छ सोही व्याजदर कायम गरिनेछ ।<br>**३) हायरपर्चेज ऋण :**<br>● **मोटरसाइकल खरिद गर्न :**<br>○ उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाले आवधिक निक्षेपमा निर्धारण गरेको अधिक्तम व्याजदर वा १२ प्रतिशत जुन कम हुन्छ त्यती व्याजदर कायम गरिनेछ ।<br>● **गाडी खरिद गर्न :**<br>○ संस्थागत तथा आफ्नो व्यक्तिगत प्रयोजनका लागि गाडि खरिद गर्न ।<br>○ व्यवस्थापन श्रेणीको कर्मचारीहरूको हकमा ऋण रकमको सिमा गाडिको मुल्याङ्कनको ८०% वा रू २०,००,०००।– (अक्षरूपी बीस लाख मात्र) जुन कम हुन्छ त्यति रकम र अधिकृत तथा वरिष्ठ अधिकृत पदको हकमा ऋण रकमको सिमा गाडिको मुल्याङ्कनको ६०% वा रू ८,००,०००।– (अक्षरूपी आठ लाख मात्र) जुन कम हुन्छ त्यति रकम ।<br>○ ऋणको अवधि बढिमा १५ वर्ष सम्मको हुनेछ ।<br>○ उक्त ऋणमा व्याज निर्धारण गर्दा संस्थाको सम्पूर्ण बचतको औषत व्याजदरमा थप २ प्रतिशत वा १२ प्रतिशत जुन कम हुन्छ त्यती व्याजदर कायम गरिनेछ । | कर्मचारीहरूको लागि लागु गरिएको ऋण सुविधामा समय सापेक्ष व्याजदर कायम गर्न र केही सुविधा थप गर्न |

## ४) ऋण व्यवस्थापन कार्यविधि २०७३ (सातौं संशोधन)

| क्र. सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को ऋण व्यवस्थापन कार्यविधि २०७३ (छैठौं संशोधन २०८१) रहने छ । | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को ऋण व्यवस्थापन कार्यविधि २०७३ (सातौं संशोधन २०८२) रहने छ । | कार्यविधिको सातौं संशोधन भएकोले |
| २. | **४.२ ऋणको प्रकार**<br>हाय कायम रहेको १२ वटा ऋणको प्रकारहरूमा ऋणको अधिकतम सिमा प्राथमिक पुँजी कोषको १० प्रतिशत भन्दा बढि हुने छैन भनि उल्लेख भएको । | **४.२ ऋणको प्रकार**<br>ऋण व्यवस्थापन कार्यविधिमा कायम रहेको १२ वटा ऋणको प्रकारहरूमा ऋणको अधिकतम सिमा प्राथमिक पुँजी कोषको १५ प्रतिशत भन्दा बढि हुने छैन भनि संशोधन गर्ने । | सहकारी ऐन २०७४ (संशोधन सहित) को दफा ५२ को उपदफा २ बमोजिम कायम गर्न । |
| ३. | **४.२.६ आवधिक रसिद धितो ऋण**<br>**४.२.६.३ आवधिक रसीदको धितोमा ऋण प्रवाह गर्दा अपनाउनुपर्ने प्रकृया :**<br>क) आवधिक रसिद धितोमा संस्थाले तोकेको मार्जिन कट्टा गरी बाँकी हुन आउने रकमसम्मका लागि तमसुक बनाई ऋण प्रदान गर्न सक्नेछ । | **४.२.६ आवधिक रसिद धितो ऋण**<br>**४.२.६.३ आवधिक रसीदको धितोमा ऋण प्रवाह गर्दा अपनाउनुपर्ने प्रकृया :**<br>क) आवधिक रसिद धितोमा संस्थाले तोकेको मार्जिन कट्टा गरी बाँकी हुन आउने रकमसम्मका लागि तमसुक बनाई ऋण प्रदान गर्न सक्नेछ । नाबालकको आवधिक बचतको हकमा संस्थामा आवधिक बचत खोल्दा कायम भएको हकवाला वा संरक्षकलाई तमसुक गराई ऋण प्रवाह गर्न सकिनेछ । | नाबालकको आवधिक बचतको धितोको आधारमा ऋण लिने प्रकृयालाई सहज गर्नको लागि । |
| ४. | **४.२.१२ स्वास्थ उपचार ऋण**<br>**४.२.१२.१ ऋणको लागि योग्यता**<br>ख) सदस्य सुरक्षा कार्यक्रम अन्तर्गत सहभागि भएका सदस्यहरू वा एकाघरको कुनै व्यक्ति बिरामी भई औषधी उपचार गर्नुपर्ने भएमा मात्र यस प्रकारको ऋण उपभोग गर्न पाउने छ । | **४.२.१२ स्वास्थ उपचार ऋण**<br>**४.२.१२.१ ऋणको लागि योग्यता**<br>ख) सदस्य सुरक्षा कार्यक्रममा सहभागि भएको २ वर्ष अवधि पुरा भएका सदस्यहरू वा निज सदस्यको एकाघरको कुनै व्यक्ति बिरामी भई औषधी उपचार गर्नुपर्ने भएमा सदस्यको सदस्यता अवधि भर बढिमा २ पटकको लागि मात्र यस प्रकारको ऋण उपभोग गर्न पाउने छ । | स्वास्थ्य उपचार ऋणको योग्यतामा केही संशोधन गर्नुपर्ने भएको हुनाले । |
| ५. | **५.६ जमानी सम्बन्धि व्यवस्था :**<br>**५.६.१ निम्न अवस्थामा निम्नबमोजिम व्यक्तिगत जमानी लिनुपर्दछ :**<br>हाल व्यवस्था नभएको | **५.६ जमानी सम्बन्धि व्यवस्था :**<br>**५.६.१ निम्न अवस्थामा निम्नबमोजिम व्यक्तिगत जमानी लिनुपर्दछ :**<br>छ) संचालकले आफू जमानी बसी कुनै पनि ऋण प्रवाह गर्न पाइनेछैन । | बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियमकिय मापदण्ड, २०८२ को परिच्छेद ७ को १.६ बमोजिम व्यवस्था गर्न |
| ६. | **५.७ सुरक्षण फुकुवा :**<br>**५.७.२ आंशिक सुरक्षण फुकुवा**<br>घ) आंशिक धितो फुकुवा गर्दा पहिले जनु समिति वा उपसमितिबाट ऋण सवीकृत गरिएको हो सोही निकायबाट आंशिक धितो फुकुवाको निर्णय गराएर मात्र धितो फुकुवा गरिनु पर्दछ । | **५.७ सुरक्षण फुकुवा :**<br>**५.७.२ आंशिक सुरक्षण फुकुवा**<br>घ) आंशिक धितो फुकुवा गर्दा ऋण व्यवस्थापन उपसमितिको बैठकबाट आंशिक धितो फुकुवाको निर्णय गराएर मात्र धितो फुकुवा गरिनु पर्दछ । | सदस्यहरूलाई परेको असुविधालाई मध्येनजर गरि आंशिक धितो फुकुवा प्रकृया सहज गर्नको लागि । |

| | | | |
|---|---|---|---|
| ७. | **५.७ सुरक्षण फुकुवा :**<br>५.७.३ आंशिक धितो सुरक्षण फुकुवा गर्दा पहिले गरिएको दृष्टिबन्धकलाई पूर्ण रूपमा फुकुवा गरि बाँकी ऋणलाई लिइने सुरक्षणको पनः दृष्टिबन्धक गराउनु पर्दछ । धितो सुरक्षण फुकुवा गर्दा धितो बन्धक गर्न लेखिएको पत्र संख्या, धितोको विवरण सहित फुकुवाको लागि सिफारिस गरि संस्थाको ऋण विभाग अन्तर्गतका कर्मचारीनै अनिवार्य रूपमा पठाउने व्यवस्था गर्नुपर्दछ । साथै, रोक्का लगत कट्टा गर्न संस्थाको पत्र सम्बन्धित मालपोत कार्यालयमा पठाउँदा धितो बन्धक गरेको सक्कल तमसुकको पछाडी फुकुवाका लागि सिफारिश गरी व्यवस्थापन प्रमुख वा सम्बन्धित अधिकारीले दस्तखत गर्नुपर्दछ र संस्थाको छापसमेत लगाइदिनु पर्दछ । | **५.७ सुरक्षण फुकुवा :**<br>५.७.३ आंशिक धितो सुरक्षण फुकुवा गर्दा जुन धितो फुकुवा गर्नुपर्ने हो सोही धितोलाई मात्र फुकुवा गराउनु पर्दछ । धितो सुरक्षण फुकुवा गर्दा धितो बन्धक गर्न लेखिएको पत्र संख्या, धितोको विवरण सहित फुकुवाको लागि सिफारिस गरि संस्थाको ऋण विभाग अन्तर्गतका कर्मचारीनै अनिवार्य रूपमा पठाउने व्यवस्था गर्नुपर्दछ । साथै, रोक्का लगत कट्टा गर्न संस्थाको पत्र सम्बन्धित मालपोत कार्यालयमा पठाउँदा धितो बन्धक गरेको सक्कल तमसुकको पछाडी फुकुवाका लागि सिफारिश गरी व्यवस्थापन प्रमुख वा सम्बन्धित अधिकारीले दस्तखत गर्नुपर्दछ र संस्थाको छापसमेत लगाइदिनु पर्दछ । | सदस्यहरूलाई परेको असुविधालाई मध्येनजर गरि आंशिक धितो फुकुवा प्रकृया सहज गर्नको लागि तथा पुरै धितो फुकुवा गरि पुनः धितो रोक्का गर्दा संस्थालाई जोखिम बढि हुने भएकोले यो व्यवस्था गरिएको । |
| ८. | **८.१ ऋण असुली प्रकृया :**<br>८.१.२ ऋणीले ऋणको म्यादभित्र ऋण चुक्ता गर्न नआएमा तत्काल ऋण चुक्ता गर्न आउनेबारे सुचना दिनका निमित्त टेलिफोनबाट सम्पर्क गर्नुपर्नेछ । टेलिफोनबाट सूचना प्रदान गर्दा पनि ऋणीले आलटाल गरेमा वा ऋणको वक्यौता तिर्न नआएमा ७ दिनको सूचना दिई ताकेता पत्र ऋण विभाग प्रमुख वा प्रमुख नभएको अवस्थामा सम्बन्धित विभागको कर्मचारीले जारी गर्नुपर्दछ । एक पटक ताकेता पत्र जारी गरे पश्चात ऋणीको तर्फबाट आंशिक ऋण रकम भुक्तानी गरेमा ऋणीसंग छलफल गरे पश्चात संस्थाले मञ्जुर गरेको समय र शर्तबमोजिम सम्पूर्ण ऋण राफसाफ नगरेमा थप कारवाही गर्न पुनः ताकेता पत्र जारी गर्न आवश्यक पर्ने छैन । | **८.१ ऋण असुली प्रकृया :**<br>८.१.२ ऋणीले ऋणको म्यादभित्र ऋण चुक्ता गर्न नआएमा तत्काल ऋण चुक्ता गर्न आउनेबारे सुचना दिनका निमित्त टेलिफोनबाट सम्पर्क गर्नुपर्नेछ । टेलिफोनबाट सूचना प्रदान गर्दा पनि ऋणीले आलटाल गरेमा वा ऋणको वक्यौता तिर्न नआएमा ७ दिनको सूचना दिई ताकेता पत्र ऋण असुलि प्रमुख वा प्रमुख नभएको अवस्थामा आधिकारिक कर्मचारीले जारी गर्नुपर्दछ । एक पटक ताकेता पत्र जारी गरे पश्चात ऋणीको तर्फबाट आंशिक ऋण रकम भुक्तानी गरेमा ऋणीसंग छलफल गरे पश्चात संस्थाले मञ्जुर गरेको समय र शर्तबमोजिम सम्पूर्ण ऋण राफसाफ नगरेमा थप कारवाही गर्न पुनः ताकेता पत्र जारी गर्न आवश्यक पर्ने छैन । | ऋण असुलिको विषय भएकोले ऋण असुलि प्रमुखलाई जिम्मेवारी दिनेका निमित्त । |
| ९. | **८.२ लगानीमा रहेको ऋणको प्रकार :**<br>जोखिमको आधारमा लगानीमा रहेको ऋणलाई देहाय बमोजिम ३ भागमा विभाजन गरिनेछ ।<br>८.२.१ असल ऋण : तोकिएको समयमा ब्याज तथा किस्ता प्राप्त भईरहेको ऋण<br>८.२.२ शंकास्पद ऋण : १ देखि १२ महिना सम्म भाखा नाघेको ऋण<br>८.२.३ खराब ऋण : १२ महिना भन्दा बढी नाघेको ऋण | **८.२ लगानीमा रहेको ऋणको वर्गिकरण :**<br>संस्थाले प्रवाह गरेको ऋणलाई किस्ता/व्याज भुक्तानी अवधिका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।<br>८.२.१ सक्रिय ऋण (Performing Loan)<br>क) भाखा ननाघेको वा भाखा नाघी ३ महिना व्यतित नभएको ।<br>ख) सदस्यहरूको बचतको सुरक्षणमा प्रवाह गरेको ऋण ।<br>८.२.२ निष्क्रिय ऋण (Non Performing Loan)<br>क) कमसल ऋण (Sub Standard) : ३ देखि ६ महिना सम्म भाखा नाघेका ऋण ।<br>ख) शंकास्पद ऋण (Doubtful): ६ देखि १२ महिना सम्म भाखा नाघेको ऋण ।<br>ग) खराब ऋण (Loss) : १२ महिना भन्दा बढी नाघेको ऋण । | बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियमकिय मापदण्ड, २०८२ को परिच्छेद ३ को ३ बमोजिम व्यवस्था गर्न |

| | | | |
|---|---|---|---|
| १०. | **८.३ भाखा नाघेको ऋणको गणना :**<br>८.३.१ संस्थालाई तिर्नुपर्ने किस्ता तोकिएको मितिले १ महिनासम्म प्राप्त नभएमा बाँकी साँवा रकमलाई नै भाखा नाघेको ऋणको रूपमा गणना गरिनेछ । | **८.३ भाखा नाघेको ऋणको गणना :**<br>८.३.१ संस्थालाई तिर्नुपर्ने किस्ता तोकिएको मितिले ३ महिनासम्म प्राप्त नभएमा बाँकी साँवा रकमलाई नै भाखा नाघेको ऋणको रूपमा गणना गरिनेछ । | बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियमकिय मापदण्ड, २०८२ को परिच्छेद ३ को ३ बमोजिम व्यवस्था गर्न |
| ११ | **८.४ ऋण जोखिम कोषको व्यवस्था :**<br>प्रत्येक महिनाको मसान्तमा असल ऋण तथा भाखा नाघेको ऋणको लागि देहाय बमोजिम ऋण जोखिम व्यवस्था कोषको व्यवस्था गरीनेछ ।<br>८.४.१ लगानीमा रहेको ऋणमध्ये असल ऋण रकमको हकमा १ प्रतिशतले हुन आउने रकम ।<br>८.४.२ शंकास्पद ऋणको हकमा ऋण रकमको ३५ प्रतिशतले हुन आउने रकम ।<br>८.४.३ खराब ऋणको हकमा ऋण रकमको १०० प्रतिशतले हुन आउने रकम ।<br>८.४.४ ऋण जोखिम ब्यवस्था कोषको लागि आवश्यक रकम खर्च हिसाबमा देखाई कोष खडा गरिनेछ ।<br>८.४.५ भाखा नाघेको ऋण असुली भई जोखिम ब्यवस्था कोषको रकम बढी हुन आएमा बढी हुन आएको रकमलाई संस्थाको आम्दानी हिसाबमा राखिनेछ ।<br>८.४.६ सम्भव भएसम्मका परियोजना तथा धितोको विमा गर्न लगाउनु पर्नेछ जसले परियोजना तथा जमानतमा रहेको धितोको सम्भाव्य जोखिमबाट सुरक्षा गर्छ । | **८.४ ऋण जोखिम कोषको व्यवस्था :**<br>असल ऋण तथा भाखा नाघेको ऋणको लागि देहाय बमोजिम ऋण जोखिम व्यवस्था कोषको व्यवस्था गरीनेछ ।<br>८.४.१ लगानीमा रहेको ऋणमध्ये असल ऋण रकमको हकमा १ प्रतिशतले हुन आउने रकम ।<br>८.४.२ कमसल (Sub Standard) : ऋण रकमको २५ प्रतिशतले हुन आउने रकम ।<br>८.४.३ शंकास्पद ऋण (Doubtful) : ऋण रकमको ५० प्रतिशतले हुन आउने रकम ।<br>८.४.४ खराब ऋण (Loss) : ऋण रकमको १०० प्रतिशतले हुन आउने रकम ।<br>८.४.५ ऋण जोखिम ब्यवस्था कोषको लागि आवश्यक रकम खर्च हिसाबमा देखाई कोष खडा गरिनेछ ।<br>८.४.६ भाखा नाघेको ऋण असुली भई जोखिम ब्यवस्था कोषको रकम बढी हुन आएमा बढी हुन आएको रकमलाई संस्थाको आम्दानी हिसाबमा राखिनेछ ।<br>८.४.७ सम्भव भएसम्मका परियोजना तथा धितोको विमा गर्न लगाउनु पर्नेछ जसले परियोजना तथा जमानतमा रहेको धितोको सम्भाव्य जोखिमबाट सुरक्षा गर्छ । | बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियमकिय मापदण्ड, २०८२ को परिच्छेद ३ को ४ बमोजिम व्यवस्था गर्न |
| १२. | **८.५ भाखा नाघेको ऋण असुली कार्यविधि**<br>८.५.८ पत्रिकामा नाम प्रकाशन भएको ३५ दिन भित्र पनि ऋणीले ऋण चुक्ता नगरेमा ऋणको सुरक्षणमा रहेको धितो लिलामीको प्रकृया अगाडी बढाईने छ । साथै असुली तथा लिलामी प्रकृयामा लागेको सम्पूर्ण खर्चहरू ऋणीसंग असुल उपर गरी लिईनेछ । तर यदि ऋणी अथवा ऋणीको परिवार वा जमानीकर्ताले संस्थामा सम्पर्क गरि ३५ दिन भित्र तिर्न नसक्ने र सो भन्दा बढिको समय माग गरेमा संचालक समितिले ३५ दिनको म्याद सकेको मितिले बढिमा एक महिनाको म्याद थप गर्न सक्नेछ तर सो म्याद थप गर्नको निमित्त ऋणमा उठेको व्याज तथा हर्जनको वक्यौता रकमको कम्तीमा पनि आधा रकम चुक्ता भएको हुनु पर्नेछ ।<br>८.५.९ ऋण तिर्न आउने ३५ दिने म्याद वा ३५ दिन पश्चातको थप अवधिको म्यादा वा धितो लिलामीको ३५ दिने म्याद जुनै पनि | **८.५ भाखा नाघेको ऋण असुली कार्यविधि :**<br>८.५.८ पत्रिकामा नाम प्रकाशन भएको ३५ दिन भित्र पनि ऋणीले ऋण चुक्ता नगरेमा पुनः ७ दिनको अवधि राखी पत्रिकामा ३ पुस्ते नामावली सहित ऋण तिर्नबुझाउन सार्वजनिक सूचना प्रकाशित गरिनेछ त्यस पश्चात पनि ऋणीले ऋण चुक्त नगरेमा ऋणको सुरक्षणमा रहेको धितो लिलामीको प्रकृया अगाडी बढाईने छ । साथै असुली तथा लिलामी प्रकृयामा लागेको सम्पूर्ण खर्चहरू ऋणीसंग असुल उपर गरी लिईनेछ । तर यदि ऋणी अथवा ऋणीको परिवार वा जमानीकर्ताले संस्थामा सम्पर्क गरि ३५ दिन भित्र तिर्न नसक्ने र सो भन्दा बढिको समय माग गरेमा संचालक समितिले ३५ दिनको म्याद सकेको मितिले बढिमा एक महिनाको म्याद थप गर्न सक्नेछ तर सो म्याद थप गर्नको निमित्त ऋणमा उठेको व्याज तथा | ७ दिने सूचना पुनः प्रकाशन गर्नु पर्ने भएको हुनाले । |

| | | | |
|---|---|---|---|
| | समयमा यदि ऋणीले ऋणको बाँकी वक्यौता सबै चुक्ता गरि तमसुकको बाँकी अवधिभर तिर्न बुझाउनु पर्ने बक्यौता बाँकी नरहने गरि नियमित किस्ता तिर्न बुझाउन कबुलिय गर्छ भने संचालक समितिले धितो लिलामीको प्रकृता जुनसकै समयमा पनि स्थगित गर्न सक्नेछ । | हर्जनको वक्यौता रकमको कम्तीमा पनि आधा रकम चुक्ता भएको हुनु पर्नेछ ।<br>८.५.९ ऋण तिर्न आउने ३५ दिने म्याद वा ३५ दिन पश्चातको थप ७ दिने म्यादा वा धितो लिलामीको ३५ दिने म्याद जुनै पनि समयमा यदि ऋणीले ऋणको बाँकी वक्यौता सबै चुक्ता गरि तमसुकको बाँकी अवधिभर तिर्न बुझाउनु पर्ने बक्यौता बाँकी नरहने गरि नियमित किस्ता तिर्न बुझाउन कबुलिय गर्छ भने संचालक समितिले धितो लिलामीको प्रकृता जुनसकै समयमा पनि स्थगित गर्न सक्नेछ । | |
| १३. | **८.७ धितो लिलामीको व्यवस्था :**<br>संस्थाको खराव ऋण असुल उपर गर्न देहाय बमोजिम धितो लिलाम प्रकिया अपनाईने छ ।<br>८.७.१ दफा ८.५ को उपदफा ८.५.९ का मुताविक ऋणीलाई प्रदान गरिएको ३५ दिने ऋण तिर्न बुझाउन आउने म्याद सम्म पनि ऋणी सम्पर्कमा नआएमा वा ऋण नतिरेमा संचालक समितिको बैठकको निर्णयबाट धितो लिलाम बढाबढ सम्बन्धि तीन पुस्ते, धितोको विवरण, धितो लिलाम बढाबढ हुने स्थान, समय सहित ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तोकिएको म्यादभित्र पनि रकम नबुझाएमा ३६ औं दिनमा लिलामी बढाबढ गरिने व्यहोराको जानकारी सम्बन्धित ऋणीलाई दिई सहिछाप गराई लिइनेछ । ३६ औं दिनमा धितो लिलामी समितिको रोहवरमा तोकिएको समय र स्थानमा धितो लिलाम बढाबढ गरिनेछ र उक्त सदस्यलाई शेयर सदस्यताबाट निष्काशन गर्न सकिनेछ । | **८.७ धितो लिलामीको व्यवस्था :**<br>संस्थाको खराव ऋण असुल उपर गर्न देहाय बमोजिम धितो लिलाम प्रकिया अपनाईने छ ।<br>८.७.१ नियम ८.५ को उपनियम ८.५.९ का बमोजिम ऋणीलाई प्रदान गरिएको ऋण तिर्न बुझाउन आउने म्याद सम्म पनि ऋणी सम्पर्कमा नआएमा वा ऋण नतिरेमा संचालक समितिको बैठकको निर्णयबाट धितो लिलाम बढाबढ सम्बन्धि तीन पुस्ते, धितोको विवरण, धितो लिलाम बढाबढ हुने स्थान, समय सहित ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी तोकिएको म्यादभित्र पनि रकम नबुझाएमा ३६ औं दिनमा लिलामी बढाबढ गरिने व्यहोराको जानकारी सम्बन्धित ऋणीलाई दिईनेछ । ३६ औं दिनमा धितो लिलामी उपसमितिको रोहवरमा तोकिएको समय र स्थानमा धितो लिलाम बढाबढ गरिनेछ र उक्त सदस्यलाई शेयर सदस्यताबाट निष्काशन गर्न सकिनेछ । | |
| १४. | **१०.१ ऋण व्यवस्थापन उपसमितिको गठन**<br>संचालकको संयोजकत्वमा शेयर सदस्य, कर्मचारी तथा सम्बन्धित विषयका विषेशज्ञहरू मध्येबाट कुनै ४ जना सदस्य समेत गरी ५ सदस्यीय ऋण उप समिति गठन हुनेछ । | **१०.१ ऋण व्यवस्थापन उपसमितिको गठन**<br>संचालकको संयोजकत्वमा बढिमा ४ जना सदस्य रहेन गरि बढिमा ५ सदस्ययीय ऋण व्यवस्थापन उपसमिति गठन गर्न सक्नेछ । | संस्थाको विनियममा भएको व्यवस्था बमोजिम कायम गर्न । |

## ५) नगद परिचालन कार्यविधि २०७० (दोस्रो संशोधन)

| क्र. सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को नगद परिचालन कार्यविधि २०७० रहने छ । | **१.१ संक्षिप्त नाम र प्रारम्भः-**<br>१.१.१ यो कार्यविधिको नाम आभाष बचत तथा ऋण सहकारी संस्था लि. को नगद परिचालन कार्यविधि २०७० (दोस्रो संशोधन २०८२) रहने छ । | कार्यविधिको दोस्रो संशोधन भएकोले । (नोट : यस संशोधन पश्चात कुनै पनि दस्तावेजमा उल्लेखित नगद परिचालन नीति लाई नगद परिचालन कार्यविधि भनिनेछ ) |

| | | | |
|---|---|---|---|
| २. | **५.१) टेलरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>ठ) टेलरलाई बचत रकम जम्मा गर्न रू ५,००,०००/– (अक्षरूपी पाँच लाख मात्र) सम्म र बचत रकम भुक्तानी गर्न रू १,००,०००/– (अक्षरूपी एक लाख मात्र) सम्मको अधिकार हुनेछ । सो भन्दा बढिको कारोवार गर्नको लागि आफु भन्दा माथिल्लो तहको सम्बन्धित कर्मचारीको स्विकृती लिनुपर्नेछ । | **५.१) टेलरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>ठ) टेलरलाई बचत रकम जम्मा गर्ने र बचत रकम भुक्तानी गर्ने रकमको सिमा संस्थाले तोके बमोजिम हुनेछ । अधिकार सिमा भन्दा बढिको कारोवार गर्नको लागि आफु भन्दा माथिल्लो तहको सम्बन्धित कर्मचारीको स्विकृती लिनुपर्नेछ । | समय सापेक्ष रूपमा अधिकार प्रदान गर्नको निमित्त । |
| ३. | **५.२) प्रमुख टेलरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**<br>ड) प्रमुख टेलरलाई बचत रकम जम्मा गर्न रू ५,००,०००/– (अक्षरूपी पाँच लाख मात्र) देखि रू १०,००,०००/– (अक्षेरूपी दश लाख मात्र) सम्म र बचत रकम भुक्तानी गर्न रू १,००,०००/– (अक्षेरूपी एक लाख मात्र) भन्दा माथि रू ५,००,०००/– (अक्षेरूपी पाँच लाख मात्र) सम्मको अधिकार हुनेछ । सो भन्दा बढिको कारोवार गर्नको लागी आफु भन्दा माथिल्लो तहको सम्बन्धित कर्मचारीको स्विकृती लिनुपर्नेछ । | **५.२) प्रमुख टेलरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**<br>ड) प्रमुख टेलरलाई बचत रकम जम्मा गर्ने र बचत रकम भुक्तानी गर्ने रकमको सिमा संस्थाले तोके बमोजिम हुनेछ । अधिकार सिमा भन्दा बढिको कारोवार गर्नको लागि आफु भन्दा माथिल्लो तहको सम्बन्धित कर्मचारीको स्विकृती लिनुपर्नेछ । | समय सापेक्ष रूपमा अधिकार प्रदान गर्नको निमित्त । |
| ४. | **५.३) अपरेसन इन्चार्जको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>ज) अपरेसन इन्चार्जलाई बचत रकम जम्मा गर्न रू १०,००,०००/– (अक्षेरूपी दश लाख मात्र) देखि रू २०,००,०००/– (अक्षेरूपी बीस लाख मात्र) सम्म र बचत रकम भुक्तानी गर्न रू ५,००,०००/– (अक्षेरूपी पाँच लाख मात्र) भन्दा माथि रू १०,००,०००/– (अक्षेरूपी दश लाख मात्र) सम्मको अधिकार हुनेछ । सो भन्दा बढिको कारोवार गर्नको लागी व्यवस्थापन प्रमुखको स्विकृती लिनुपर्नेछ । | **५.३) अपरेसन इन्चार्जको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**<br>ज) अपरेसन इन्चार्जलाई बचत रकम जम्मा गर्ने र बचत रकम भुक्तानी गर्ने रकमको सिमा संस्थाले तोके बमोजिम हुनेछ । अधिकार सिमा भन्दा बढिको कारोवार गर्नको लागि आफु भन्दा माथिल्लो तहको सम्बन्धित कर्मचारीको स्विकृती लिनुपर्नेछ । | समय सापेक्ष रूपमा अधिकार प्रदान गर्नको निमित्त । |
| ५. | **५.४) व्यवस्थापन प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>ग) व्यवस्थापन प्रमुखलाई बचत रकम स्विकृत गर्नमा कुनै रोकटोक हुने छैन तर रकम भुक्तानी गर्ने अवस्थामा भने रू ५०,००,०००/– (अक्षेरूपी पचास लाख मात्र) सम्मको अधिकार हुनेछ । | **५.४) व्यवस्थापन प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>ग) व्यवस्थापन प्रमुखलाई बचत रकम स्विकृत गर्नमा कुनै रोकटोक हुने छैन तर रकम नगदमा भुक्तानी गर्ने अवस्थामा भने रू १०,००,०००/– (अक्षेरूपी दस लाख मात्र) भन्दा कम मात्र नगदमा रकम भुक्तानी गर्ने अधिकार हुनेछ । सो भन्दा माथिको रकम | सम्पत्ति शुद्धिकरणको नियमलाई पालना गर्नको निमित्त संशोधन गरिएको । |

| | | | |
|---|---|---|---|
| | सो भन्दा माथिको रकम भुक्तनी गर्दा नगद नभई अनिवार्य रूपमा बैंक खाता परिचालन गर्नुपर्नेछ । उक्त रकम बैंक खाताबाट भुक्तनी गर्दा बैंकको चेकमा कोषाध्यक्ष, व्यवस्थापन प्रमुख र अन्य एकजना संचालक समितिबाट बैंक खाता संचालन गर्न अधिकार दिईएको पदाधिकारीको पनि अनिवार्य रूपमा हस्ताक्षर गराउनु पर्नेछ । | भुक्तनी गर्दा अनिवार्य रूपमा बैंकको चेक मार्फत भुक्तानी गर्नुपर्नेछ । | |
| ६. | **हाल व्यवस्था नभएको** | **५.३ क) प्रशासकिय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**<br>क) संस्थाको सम्पूर्ण वित्तिय कारोवारको पूर्ण जिम्मेवारी ।<br>ख) तोकिएको समयमा प्रभावकारी रूपमा संस्थाको वित्तिय प्रतिवेदन तयार गरी पेश गर्ने ।<br>ग) संस्थाको सम्पूर्ण बहिखाताको जिम्मेवारी लिई सम्पूर्ण बहिखाताको प्रविष्टिको जाँच गर्ने ।<br>घ) कर्मचारीहरूको मासिक तलब भुक्तान तालिक तयार गर्ने र भौचर प्रविष्टि गर्ने ।<br>ङ) संस्थाको नगद प्रवाहको उचित व्यवस्थापन गर्ने ।<br>च) वार्षिक बजेट तयार गर्न कर्मचारीहरूको तर्फबाट प्रतिवेदन पेश गर्ने ।<br>छ) भुक्तानी दिनु र लिनु पर्ने सम्पूर्ण रकमको पूर्ण जिम्मेवारी लिने र सही समयमा सो को फस्यौट गर्ने गराउने ।<br>ज) स्थीर सम्पत्तिको संरक्षण गर्ने र सोको सहि सदुपयोग भएको छ।छैन जाँच गर्ने, मर्मत सम्भार गर्ने, सरसफाई तथा चलायमान अवस्थामा राख्ने ।<br>झ) भल्ट, काउन्टर तथा मार्गस्थ विमाको प्रावधान बमोजिम कार्य गर्ने गराउने र विमाको अवधिको जानकारी राखी नविकरण गर्नुपर्ने भएमा प्रमुख प्रवन्धकसँग समन्वय गरि सोको लागि काम कारवाही अगाडी बढाउने ।<br>ञ) Admin तथा Compliance सम्बन्धमा प्रतिवेदनहरू तयार गर्ने र हरपल सो विषयहरूमा आफु जानकार भइ रहने । प्रमुख प्रवन्धक तथा अन्य सम्बन्धित नियकाबाट प्रतिवेदनहरू माग भएमा तत्काल प्रदान गर्न सक्ने अवस्थामा तयारी गर्ने गराउने ।<br>ट) संस्था संचालनको लागि सरकारी नियम कानुन तथा संस्थाको नीति नियमहरूको पूर्ण ज्ञान हासिल गरि संस्थाको नियमहरूलाई समय सापेक्ष कायम गर्न प्रमुख प्रवन्धकलाई | प्रशासकिय अधिकृतको काम कर्तव्य र अधिकार तोक्नु पर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | सुझाव दिने ।<br>ठ) प्रमुख प्रवन्धकले प्रदान गर्ने विभागिय तथा अन्य संस्थागत जिम्मेवारीहरूलाई स्वीकार गरि कार्यसम्पादन गर्ने ।<br>ड) सदस्य सेवा विभाग तथा बचत तथा बजार व्यवस्थापन विभागको कर्मचारी तथा कार्यहरूको पूर्ण जिम्मेवारी बहन गर्दै उक्त विभागहरू अन्तर्गतका कार्यहरूको नियन्त्रण तथा सुरक्षाको उचित व्यवस्थापन गर्ने गराउने र सो बमोजिम कार्यसम्पादन भएको छ वा छैन सोको निश्चय गर्ने ।<br>ढ) संस्थाको संचालन खर्च यथासक्य कम गर्न प्रयासरत रहने ।<br>ण) संस्थाको नीति तथा समय समयमा प्रमुख प्रवन्धकले प्रेसित गरेको सुचना ९ऋष्चअगबिच० लाई सम्बन्धित कर्मचारीहरूलाई जानकारी गराउने र सोही बमोजिम कार्य गर्न लगाउने र गरेको छ वा छैन भनि सुपरिवेक्षण गर्ने ।<br>त) संस्थामा भएको दैनिक आर्थिक कारोवारको जाँच गरी संचालन प्रमुख वा टेलरले तयार गरेको भौचर रूजु गर्ने र प्रमुख प्रवन्धबाट प्रमाणित गराई सुरक्षित गरी राख्ने ।<br>थ) बजार प्रवर्द्धनका लागी नयाँ योजनाहरू बनाई बचत बृद्धि गर्नुपर्ने तथा संस्थागत कार्यक्रमहरू सम्पन्न गर्न सहयोग पुर्‍याउने ।<br>द) संस्थाको मुख्य आर्थिक श्रोतको रूपमा रहेको बचतलाई उचित व्यवस्थापन गर्नु, अनिवार्य बचतलाई नियमित गराउनु र सदस्यको बचत बृद्धि गराई ऋण लगानीमा टेवा पुर्‍याउने प्रमुख दायित्व हुनेछ ।<br>ध) संस्थामा प्रमुख टेलर र अपरेसन इर्न्चाज नियुक्त नभएको अवस्थामा उक्त पदको कार्य तथा जिम्मेवारी पनि प्रशासकिय अधिकृतको हुनेछ । | |
| ७. | **७) सेफ व्यवस्थापन**<br>क) सेफको प्रयोग गर्ने अधिकार केवल प्रमुख टेलर, अपरेसन इन्चार्ज र प्रबन्धकलाई हुनेछ ।<br>ख) सेफको साँचो कार्यालय समयमा अपरेसन इन्चार्ज अथवा अपरेसन इन्चार्जको स्विकृतिमा प्रमुख टेलर संग हुनेछ र कार्यालय समयपछि व्यवस्थापन प्रमुखको जिम्मामा सेफको साँचो रहनेछ ।<br>ग) सेफको कोड नम्वर केवल व्यवस्थापन प्रमुखसंग हुनेछ र यदि व्यवस्थापन प्रमुखले आवश्यक ठानेमा | **७) सेफ व्यवस्थापन**<br>क) सेफको प्रयोग गर्ने अधिकार केवल टेलरलाई हुनेछ । टेलर अनुपस्थित भएको समयमा टेलरको कार्य गर्ने कर्मचारीलाई मात्र सेफको प्रयोग गर्नेछ ।<br>ख) सेफको साँचो एक थान टेलर सँग र अर्को एक थान प्रशासकिय अधिकृतले तोकेको कर्मचारी सँग हुनेछ ।<br>ग) सेफको कोड नम्वर केवल व्यवस्थापन प्रमुखसंग हुनेछ र यदि व्यवस्थापन प्रमुखले आवश्यक ठानेमा अपरेसन इन्चार्ज वा प्रशासकिय अधिकृतलाई मात्र सो कोडको बारेमा जानकारी दिन मिल्नेछ । अन्य | सेफ व्यवस्थापनमा समय सापेक्ष अधिकार प्रदान गर्न । |

| | | | |
|---|---|---|---|
| | अपरेसन इन्चार्जलाई मात्र सो कोडको बारेमा जानकारी दिन मिल्नेछ । अन्य कर्मचारीहरूलाई सो जानकारी दिन मिल्ने छैन । | कर्मचारीहरूलाई सो जानकारी दिन मिल्ने छैन ।<br>बाँकी घ देखि झ सम्मा पहिलेकै यथावत कायम रहनेछ । | |
| ८. | **१०.२) नगद बैंक तथा वित्तिय संस्थाहरूमा जम्मा गर्ने प्रकिया :**<br>छ) प्रमुख टेलर अनुपस्थित भएमा अथवा दरवन्दी नभएको अवस्थामा सम्पूर्ण कार्य अपरेसन इन्चार्जले सम्हाल्नु पर्नेछ । जे जसो भएतापनि नगद व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी अपरेसन इन्चार्ज र व्यवस्थापन प्रमुखको हुनेछ । | **१०.२) नगद बैंक तथा वित्तिय संस्थाहरूमा जम्मा गर्ने प्रकिया :**<br>छ) प्रमुख टेलर अनुपस्थित भएमा अथवा दरवन्दी नभएको अवस्थामा सम्पूर्ण कार्य अपरेसन इन्चार्जले सम्हाल्नु पर्नेछ र यदि दुबै नभएको अवस्थामा प्रशासकिय अधिकृतले सम्हाल्नु पर्नेछ । नगद व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी काउन्टरमा कार्यरत कर्मचारीहरू र प्रशासकिय अधिकृतको हुनेछ । | नगद कारोवारको जिम्मेवारीमा केही संशोधन गर्नुपर्ने भएकोले । |
| ९. | **१०.३) बैंक तथा वित्तिय संस्थाहरूबाट रकम निकाल्ने प्रकिया**<br>छ) नगद व्यवस्थापनको सम्पुर्ण जिम्मेवारी अपरेसन इन्चार्ज र व्यवस्थापन प्रमुखको भएतापनि यदि नगद रूजु गर्दा नमिलेको खण्डमा नगद ल्याउने कर्मचारी नै जिम्मेवार हुनेछ । | **१०.३) बैंक तथा वित्तिय संस्थाहरूबाट रकम निकाल्ने प्रकिया**<br>छ) यदि नगद रूजु गर्दा नमिलेको खण्डमा नगद ल्याउने कर्मचारी नै जिम्मेवार हुनेछ । | दोहोरिएको विषयलाई हटाएको । |
| १०. | **१२) हस्ताक्षर (नियन्त्रण/अधिकार) र प्रमाणीकरणः**<br>घ) सदस्यले सदस्यता लिँदा सम्पुर्ण विवरण र कारोवार गर्नका लागि प्रयोग गर्ने हस्ताक्षर सहितको सदस्यता र बचत खाता खोल्ने फारम र हस्ताक्षर नमुना कार्ड भरेको हुनुपर्नेछ । बचत फारमको हकमा जुन कर्मचारीले फारम भरिदिएको अथवा रूजु गरेको हुन्छ सो कर्मचारीले हस्ताक्षर नमुना कार्डको बायाँ पट्टि रूजु गरेको भनी पुष्टि गर्नका लागी दस्तखत गर्ने र स्विकृतिका लागी अपरेसन इन्चार्जलाई फाराम पेश गर्ने ।<br>ङ) अपरेसन इन्चार्जले सवै विवरण पुनः रूजु गरी सम्पुर्ण आवश्यक दस्तावेज समावेश भएको छ कि छैन जाँच गर्ने । सवै ठिक भएमा अपरेसन इन्चार्जले बचत खाता खोल्न स्विकृतिका लागि फाराम व्यवस्थापन प्रमुखलाई पेश गर्नेछ । व्यवस्थापन प्रमुखले सवै जाँच गरी हस्ताक्षर नमुना कार्डको दायाँ पट्टि र बचत खाता खोल्ने फारमको पछाडी पट्टि स्विकृति दिनका निमित्त दस्तखत गर्नुपर्नेछ । | **१२) हस्ताक्षर (नियन्त्रण/अधिकार) र प्रमाणीकरणः**<br>घ) सदस्यले सदस्यता लिँदा सम्पुर्ण विवरण र कारोवार गर्नका लागि प्रयोग गर्ने हस्ताक्षर सहितको सदस्यता र बचत खाता खोल्ने फारम र हस्ताक्षर नमुना कार्ड भरेको हुनुपर्नेछ । बचत फारम तथा दस्तखत नमुना कार्डमा संस्थाको तर्फबाट दस्तखत गर्ने अधिकारिक कर्मचारी व्यवस्थापन प्रमुखले तोके बमोजिम हुनेछ ।<br>ङ) व्यवस्थापन प्रमुखले समय समयमा बचत खाता खेल्ने फारमको जाँच गर्नुपर्नेछ । | दस्तावेजहरूमा हस्ताक्षर गर्ने व्यवस्थाको अन्यौलतालाई हटाउनेका लागि संशोधन गरिएको । |

| | | | |
|---|---|---|---|
| ११. | **१४.२) संस्थाभित्र नगद परिचालन गर्दा ध्यान दिनु पर्ने विषयहरू :**<br>क) सेफमा नगद राख्दा र नगद निकाल्दा अपरेसन इन्चार्ज अथवा व्यवस्थापन प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ । | **१४.२) संस्थाभित्र नगद परिचालन गर्दा ध्यान दिनु पर्ने विषयहरू :**<br>क) सेफमा नगद राख्दा र नगद निकाल्दा अपरेसन इन्चार्ज वा प्रशासकिय अधिकृतको अनिवार्य उपस्थिति हुनुपर्नेछ । | प्रशासकिय अधिकृतको व्यवस्था भएकोले जिम्मेवारी थप गर्नको निमित्त । |
| ११ | **१४.४) संस्था वाहिर नगद परिचालन गर्दा ध्यान दिनु पर्ने विषयहरू :**<br>घ) नगद संस्था बाहिर परिचालन गर्दा नगद वाहकसंग एक जना सहायक कर्मचारी अथवा सुरक्षा गार्ड अनिवार्य रूपमा हुनुपर्नेछ र कर्मचारीहरूले उक्त कार्यका लागी संस्थाले उपलब्ध गराएको सवारी साधनमात्र प्रयोग गर्नु पर्नेछ । अपरेसन इन्चार्जले सोको निगरानी गर्नुपर्नेछ । | **१४.४) संस्था वाहिर नगद परिचालन गर्दा ध्यान दिनु पर्ने विषयहरू :**<br>घ) नगद संस्था बाहिर परिचालन गर्दा नगद वाहकसंग एक जना सहायक कर्मचारी अथवा सुरक्षा गार्ड अनिवार्य रूपमा हुनुपर्नेछ र कर्मचारीहरूले उक्त कार्यका लागी आफ्नो निजी सवारी साधनमात्र प्रयोग गर्नु पर्नेछ । अपरेसन इन्चार्जले सोको निगरानी गर्नुपर्नेछ । | संस्थाले सवारी साधान प्रदान नगर्ने भएको हुनाले व्यवस्था संशोधन गरिएको । |
| १२. | **२०) कार्यविधि कार्यान्वयन :**<br>संचालक समितिको निर्देशनको अधिनमा रही यो कार्यविधिको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी व्यवस्थापन प्रमुखलाई हुनेछ । | **२०) कार्यविधि कार्यान्वयन :**<br>क) संचालक समितिको निर्देशनको अधिनमा रही यो कार्यविधिको कार्यान्वयन गर्ने गराउने जिम्मेवारी व्यवस्थापन प्रमुखलाई हुनेछ ।<br>ख) कार्यविधि कायान्वयनको लागि यस कार्यविधिमा जेजस्तो उल्लेख भएता पनि यदि प्रमुख टेलर नभएको अवस्थामा टेलर पदमा कायम रहेको कर्मचारीहरू मध्ये वरिष्ठ कर्मचारी र संचालन प्रमुख नभएको अवस्थामा प्रशासकिय अधिकृतलाई उक्त पदहरूको सम्पूर्ण काम, कर्तव्य र अधिकार स्वतः प्रदान भएको मानिनेछ । | कार्यविधिको धेरै नियम तथा प्रकृयाहरूमा प्रमुख टेलर र अपरेसन इन्चार्जको व्यवस्था भएको तर हाल संस्थामा दुबै पद खाली भएको हुनाले यो व्यवस्था गरिएको । |

## ६) एएमएल (AML) कार्यविधि २०७३ (प्रथम संशोधन २०८२)

| क्र. सं. | हालको व्यवस्था | परिवर्तित व्यवस्था | कारण |
|---|---|---|---|
| १. | **१. संक्षिप्त नाम र प्रारम्भः-**<br>१. यो कार्यविधिको नाम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण नीति २०७६ रहने छ । | **१. संक्षिप्त नाम र प्रारम्भः-**<br>१. यो कार्यविधिको नाम सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण कार्यविधि २०७६ (प्रथम संशोधन २०८२) रहने छ । | कार्यविधिको प्रथम संशोधन भएकोले । |
| २. | हाल नीति भन्ने शब्द प्रयोग गरिएको । | सम्पूर्ण नियमहरूमा नीति शब्दलाई परिवर्तन गरि कार्यविधि भन्ने शब्द प्रयोग गर्ने । | संस्थाले कार्यविधि मात्र तयार गर्ने सक्ने प्रावधान भएको हुनाले । |
| ३. | **१२. सदस्य पहिचान गर्ने समय :**<br>१(ख) एक लाखभन्दा बढी रकमको आकस्मिक कारोबार गर्दा, | **१२. सदस्य पहिचान गर्ने समय :**<br>१(ख) हटाउने | सम्पूर्ण सदस्यको सदस्य पहिचान गर्नुपर्ने भएकोले रकमको व्यवस्थालाई हटाएको । |

| | | | |
|---|---|---|---|
| ४. | **१४. पहिचानसम्बन्धी प्रक्रिया :**<br>**स्पष्टीकरण :** सहकारी संस्था र सहकारी ऐन २०७४ को दफा ३० को उपदफा २ बमोजिमका संघसंस्थाको निकायको पहिचानलगायत अन्य व्यवस्था सम्बन्धमा छुट्टै कार्यविधि तयार गरिनेछ । | **१४. पहिचानसम्बन्धी प्रक्रिया :**<br>स्पष्टीकरण हटाइएको । | यस विषयलाई कार्यविधिमा राख्न जरूरी नभएको । |
| ५. | **१५. सदस्यको पहिचान गर्दा लिनुपर्ने विवरण :**<br>२. सदस्य बनाउँदा वा खाता खोल्दा प्रचलित कानुनको अधीनमा रही सदस्य वा खाता सञ्चालनको ल्याप्चे सहीछाप लिइनेछ । | **१५. सदस्यको पहिचान गर्दा लिनुपर्ने विवरण :**<br>२. सदस्य बनाउँदा, खाता खोल्दा वा सदस्यको पहिचान गर्दा प्राकृतिक व्यक्तिको हकमा निजको दस्तखत र ल्याप्चे छाप र सहकारी ऐन २०७४ को दफा ३० को उपदफा २ बमोजिमका सदस्यका हकमा आधिकारिक छाप र खाता सञ्चालकको ल्याप्चे छाप र दस्तखत समेत लिइनेछ । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा ३ को उपदफा ४ बमोजिम कायम गर्न । |
| ६. | **१५. सदस्यको पहिचान गर्दा लिनुपर्ने विवरण :**<br>४. नाबालक वा ज्येष्ठ नागरिकको हकमा अभिभावक/संरक्षकको कागजात तथा विवरण लिइनेछ । | **१५. सदस्यको पहिचान गर्दा लिनुपर्ने विवरण :**<br>४. ज्येष्ठ नागरिकको हकमा हकवालाको कागजात तथा विवरण लिइनेछ र अभिभावक वा संरक्षकको हैसियतले कसैले बाल बचत खातामा बचत जम्मा गरेको रहेछ भने त्यस्तो अभिभावक वा संरक्षकको दस्तखत र ल्याप्चे छाप लिइनेछ । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा ३ को उपदफा ५ बमोजिम कायम गर्न । |
| ७. | **१८. उच्च पदस्थ व्यक्ति पहिचान :**<br>हाल व्यवस्था नभएको | **१८. उच्च पदस्थ व्यक्ति पहिचान :**<br>१ मा (च) बुँदा थप गर्ने<br>(च) पदमा नरहेका उच्च पदस्थ व्यक्ति । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा ८ को उपदफा २क बमोजिम कायम गर्न । |
| ८. | **१८. उच्च पदस्थ व्यक्ति पहिचान :**<br>६. एकपटक उच्च पदस्थ रहेको व्यक्तिको सूची निज पदमा बहाल नरहेको दिन वा मृत्यु भएको मितिले कम्तीमा पाँच वर्षसम्म राखिनेछ । | **१८. उच्च पदस्थ व्यक्ति पहिचान :**<br>६. उच्च पदस्थ व्यक्तिको अभिलेख पछिल्लो पटक निज पदबाट हटेको मितिले कम्तिमा पनि दश वर्षसम्म राख्न पर्नेछ । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा ८ को उपदफा ३ बमोजिम कायम गर्न । |
| ९. | **२५. जोखिमको मूल्याङ्कन, पहिचान तथा व्यवस्थापन :**<br>**४ मा रहेको स्पष्टीकरण :** जोखिम मूल्याङ्कनको पद्धति राष्ट्रिय सहकारी महासङ्घसँग सहकार्य गरी तय गर्न सकिनेछ । कम्तीमा दुई वर्षमा अद्यावधिक गरिनेछ । | **२५. जोखिमको मूल्याङ्कन, पहिचान तथा व्यवस्थापन :**<br>**४ मा रहेको स्पष्टीकरण हटाउने ।** | यस विषयलाई कार्यविधिमा राख्न जरूरी नभएको । |

| | | | |
|---|---|---|---|
| १०. | **२५. जोखिमको मूल्याङ्कन, पहिचान तथा व्यवस्थापन :**<br><br>**हाल व्यवस्था नभएको** | **२५. जोखिमको मूल्याङ्कन, पहिचान तथा व्यवस्थापन :**<br>५. संस्थाले सदस्यहरूको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी विवरण सहकारी विभागले जारी गरेको निर्देशनको अनुसूची ३ को ढाँचामा प्रत्येक वर्ष श्रावण मसान्त भित्र सहकारी विभागमा पेश गर्नेछ ।<br>६. संस्थाले सहकारी विभागले जारी गरेको निर्देशनको दफा १३ को उपदफा ७ मा उल्लेख भए बमोजिमको वर्ष भरि गरेका काम कारवाहीको समिक्षा सहितको वर्षिक प्रतिवेदन तयार गरि आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिना भित्र सहकारी विभागमा पेश गर्नेछ । यसरी पेश हुने प्रतिवेदनमा संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि कार्यविधि बनाएको/नबनाएको, बनाएकोमा सो कार्यविधिमा परिमार्जन गरेको/नगरेको, जोखिम विश्लेषण गरिएको/नगरिएको, गरिएको भए सो आधारमा वर्गीकरण गरिएको सदस्यहरूको संख्या, वित्तिय जानकारी इकाइको goAML system मा आवद्ध भएको/नभएको, आवद्ध भएको भए goAML system मा पठाएको प्रतिवेदनको संख्या र सदस्य पहिचान तथा सम्पुष्टि गरिएका सदस्य संख्या लगायत संस्थाले गरेका अन्य काम कारवाही समावेश गरिनेछ । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा १३ को उपदफा ३ र ७ बमोजिम प्रतिवेदन पेश गर्न । |
| ११. | **२६. शङ्कास्पद कारोबार पहिचानः**<br>६. शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदनको ढाँचा, पद्धति तथा कार्यविधि वित्तीय जानकारी इकाइले तोकिदिएबमोजिम हुनेछ ।<br>**स्पष्टीकरण :** वित्तीय जानकारी इकाइले तोकेको हालको ढाँचा **अनुसूची ३** मा रहेको छ । | **२६. शङ्कास्पद कारोबार पहिचानः**<br>६. शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदनको ढाँचा, पद्धति तथा कार्यविधि वित्तीय जानकारी इकाइले तोकिदिएबमोजिम हुनेछ । संस्थाले goAML Software System मार्फत यस्तो प्रतिवेदन वित्तीय जानकारी ईकाइमा पेश गर्नेछ ।<br>(अनुसूची ३ हटाइएको छ।) | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा २० को उपदफा ५ बमोजिम कायम गर्न । |
| १२. | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>२. सीमा कारोबार प्रतिवेदनको ढाँचा तथा पठाउने पद्धति वित्तीय जानकारी इकाइले तोकेबमोजिम हुनेछ ।<br>स्पष्टीकरण : वित्तीय जानकारी इकाइले तोकेको हालको ढाँचा अनुसूची ४ मा रहेको छ । | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>२. सीमा कारोबार प्रतिवेदनको ढाँचा तथा पठाउने पद्धति वित्तीय जानकारी इकाइले तोकेबमोजिम हुनेछ ।<br><br>**अनुसूची ४ हटाइएको ।** | अनुसूची ४ लाई हटाइएको छ । वित्तिय जानकारी इकाइमा goAML system को production environment मार्फत सिमा कारोवारको प्रतिवेदन पाठाउने गरिएको हुनाले । |

| | | | |
|---|---|---|---|
| १३. | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>४. सीमा कारोबारको प्रतिवेदन वित्तीय जानकारी इकाइमा खामबन्दी गरेर भौतिक रूपमा पठाउने वा फ्याक्समार्फत पठाइनेछ । | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>४. सीमा कारोबारको प्रतिवेदन वित्तीय जानकारी इकाइमा goAML Software System मार्फत बुझाइनेछ । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा १९ बमोजिम कायम गर्न । |
| १४. | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>६. सीमा कारोबार भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोबारलाई सम्झनुपर्छ ।<br>(क) कुनै सदस्यले एकैपटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकम एउटै वा एकै सदस्यले विभिन्न खातामा गरेको नगद एकमुष्ठ कारोबार,<br>(ख) कुनै सदस्य वा व्यक्तिलाई एकैपटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकम बराबरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी,<br>(ग) सीमा कारोबारका लागि रकम हिसाब गर्दा डेबिट र क्रेडिट दुवैतर्फको कारोबारको जोड होइन, कुनै एकतर्फमा १० लाख वा सोभन्दा बढी भएको हुने । | **२८. सीमा कारोबारको प्रतिवेदन :**<br>६. सीमा कारोबार भन्नाले नेपाल राष्ट्र बैंकले तोकेको देहायको कारोबारलाई सम्झनुपर्छ ।<br>(क) कनै सदस्यले संस्थामा एकै पटक वा पटक/पटक गरि एक दिनमा कुनै खातामा गरेको रू १० लाख वा सो भन्दा बढि रकमको नगद जम्मा वा नगद फिर्ता कारोवार वा एकै पटक वा पटक/पटक गरि एक दिनमा कुनै खाताबाट गरेको रू १० लाख वा सो भन्दा बढि रकमको नगद खर्च कारोवार ।<br>(ख) कनै सदस्यले संस्थामा एकै पटक वा पटक/पटक गरि एक दिनमा संस्थाको बैंक तथा वित्तिय संस्था वा सहकारी बैंकको खातामा गरेको रू १० लाख वा सो भन्दा बढि रकमको नगद जम्मा वा नगद फिर्ता कारोवार ।<br>(ग) कुनै सदस्य वा व्यक्तिलाई एकैपटक वा पटक-पटक गरी एक दिनमा गरेको रू. १० लाख वा सोभन्दा बढी रकम बराबरको विद्युतीय वा अन्य स्थानान्तरण तथा भुक्तानी,<br>(घ) सीमा कारोबारका लागि रकम हिसाब गर्दा डेबिट र क्रेडिट दुवैतर्फको कारोबारको जोड होइन, कुनै एकतर्फमा १० लाख वा सोभन्दा बढी भएको हुने । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को दफा १९ को उपदफा १ बमोजिम कायम गर्न । |
| १५. | **३१. रिपोर्टिङ :**<br>**१. को १ मा रहेको सहकारी विभागको** निर्देशनको अनुसूची ६ बमोजिमको विवरण यस कार्यविधिको अनुसूची ५ मा रहेको भन्ने व्यवस्था भएको । | **३१. रिपोर्टिङ :**<br>यस नियम अन्तर्गतको उपनियम १ को टेबलमा उल्लेख भएको अनुसूची ५ को प्रावधान हटाउने र अनुसूची ५ पनि हटाउने । | विभागले जारी गरेको निर्देशनको चौथो संशोधन २०८१ को अनुसूची ६ सँग सम्बन्धित भएको तर विभागको निर्देशनमा हाल उक्त अनुसूची हटाएको हुनाले सोही बमोजिम कायम गर्न । |
| १६. | **३६. कारबाही :**<br>२. उपनियम (१) बमोजिम नभएको अवस्थामा हुन सक्ने कारबाही ऐनको दफा ७ (फ) मा उल्लेख भएको र सोको प्रयोगको सामान्य आधार निर्देशनमा दिइएकोले जानकारीका लागि अनुसूची ६मा रहेको छ ।<br>स्पष्टीकरण : | **३६. कारबाही :**<br>२. उपनियम (१) बमोजिम नभएको अवस्थामा हुन सक्ने कारबाही ऐनको दफा ७ (फ) र विभागले जारी गरेको निर्देशनको दफा ३२ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>स्पष्टीकरण :<br>संस्थालाई यसअनुसार कारबाही हुने भएको अवस्थामा त्यस्तो कारबाही संस्थाको कुनै | कारवाहीको सन्दर्भमा समय परिस्थिती अनुसार ऐन तथा निर्देशनमा संशोधन हुने भएकोले अनुसूची हटाइएको । |

| | | | |
|---|---|---|---|
| | संस्थालाई यसअनुसार कारबाही हुने भएको अवस्थामा त्यस्तो कारबाही संस्थाको कुनै पदाधिकारी वा कर्मचारीको काम कारबहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमबमोजिम कारबाही गर्नेछ । | पदाधिकारी वा कर्मचारीको काम कारबहीको कारणले भएको देखिएमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई संस्थाले प्रचलित कानुन वा संस्थाको विनियमबमोजिम कारबाही गर्नेछ । | |

**<u>आर्थिक वर्ष २०८२/८३ को लागि प्रस्तावित कार्यक्रमहरू</u>**

१. संस्थामा आवद्ध बाल बचतकर्ताहरूलाई शैक्षिक सामाग्रि वितरण गर्ने ।
२. मधुमेह सँग सम्बन्धीत कार्यक्रमहरू गर्ने ।
३. सामुदायिक विद्यालयमा शैक्षिक सामाग्रि वितरण कार्यक्रम गर्ने ।
४. संस्थाको १६ औं वार्षिक उत्सवको अवसरमा संस्थामा अवद्ध ७० वर्ष माथिका जेष्ठ सदस्यहरूको सम्मान कार्यक्रम आयोजना गर्ने ।
५. संस्थाको १६ औं वार्षिक उत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गर्ने ।
६. छोरी अभियान कार्यक्रमलाई निरन्तरता दिने ।
७. महिलाहरूको पाठेघरको मुखको क्यान्सर सम्बन्धी कार्यक्रम गर्ने ।
८. संस्थामा संचालित महिला समुहरूको संयुक्त भेला कार्यक्रम आयोजना गर्ने ।
९. स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरू गर्ने ।
१०. वृक्षा रोपन कार्यक्रम आयोजना गर्ने ।
११. यस आर्थिक वर्षमा ४ पटक सम्म आँखा शिविर संचालन गर्ने ।
१२. महिलाहरूको लागि शिपमुलक तालिमको आयोजना गर्ने ।
१३. मुटु सम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।

अन्तमा यस संस्थाको सोह्रौं वार्षिक साधारण सभामा सफलता पूर्वक संचालन गर्न सहयोग गर्नुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यहाँहरूको अमुल्य सुझाव तथा सल्लाह पाउने अपेक्षा गर्दै संस्थाको प्रगति प्रतिवेदन यहि अन्त गर्न चाहन्छु । धन्यवाद ।

जय आभाष, जय सहकारी !

# आर्थिक प्रतिवेदन

सुर्यकुमार रंजित
**कोषाध्यक्ष**

यस संस्थाको २०८१ श्रावण देखि २०८२ असार सम्मको आर्थिक प्रतिवेदन यस प्रकार रहेको छ ।

**१) कुल सम्पत्ति**

संस्थाले आर्थिक वर्ष २०८०/८१ मा कुल सम्पत्ति रू ८४,२४,६६,५४१।८५ (अक्षरूपी चौरासी करोड चौबीस लाख छैसट्ठी हजार पाँच सय एकचालिस रूपैयाँ पचासी पैसा मात्र) रहेकोमा संस्थाको कुल सम्पत्तिमा रू ८,८४,८२,०८९।९८ (अक्षरूपी आठ करोड चौरासी लाख बयासी हजार उनान्नब्बे रूपैयाँ अन्ठानब्बे पैशा मात्र) ले बृद्धि भई रू ९३,०९,४८,६३१।८३ (अक्षरूपी त्रियानब्बे करोड नौ लाख अठ्चालिस हजार छ सय एकतीस रूपैयाँ त्रियासी पैसा मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम कुल सम्पत्तिमा बृद्धि मुद्रास्फिटि भन्दा बढि हुनुपर्नेमा मुद्रास्फिटि ४.७२% को हाराहारीमा रहेको र कुल सम्पत्तिमा १०.५% ले बृद्धि भएको छ ।

**२) शेयर पूँजी**

आ. व. २०८०/८१ सम्ममा संस्थाको शेयर पूँजी रू ३,७६,६३,०००।- (अक्षरूपी तीन करोड छहत्तर लाख त्रिसट्ठी हजार रूपैयाँ मात्र) रहेकोमा आ. व. २०८१/८२ मा रू १९,२००/- ( अक्षरूपी उन्नाइस हजार रूपैयाँ मात्र) ले बृद्धि भई शेयर पूँजी रू ३,७६,८२,२००।- (अक्षरूपी तीन करोड छहत्तर लाख बयासी हजार दुई सय रूपैयाँ मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम शेयर पुँजी कुल सम्पत्तिको १०% देखि २०% हुनु पर्नेमा संस्थाको शेयर पुँजी ४.०४% रहेको छ ।

**३) बचत संकलन**

आ. व. २०८०/८१ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू. ७२,७३,४६,६९६।४७ (अक्षरूपी बहत्तर करोड त्रिहत्तर लाख छयालिस हजार छ सय छयानब्बे रूपैंया सत्चालिस पैसा मात्र) बचत संकलन गरेकोमा आ. व. २०८१/८२ मा विभिन्न बचत शिर्षक अन्तर्गत रू. १०,०३,२७,०४९/७७ (अक्षरूपी दश करोड तीन लाख सत्ताइस हजार उन्नचास रूपैंया सतहत्तर पैसा मात्र) ले बचत संकलन बृद्धि भई आ. व. २०८१/८२ को अन्त सम्ममा कुल रू. ८२,७६,७३,७४६।२४ (अक्षरूपी बयासी करोड छहत्तर लाख त्रिहत्तर हजार सात सय छयालिस रूपैंया चौबीस पैसा मात्र) बचत जम्मा हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम निक्षेप रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थामा निक्षेप रकम ८८.१९% रहेको छ ।

## ४) ऋण लगानी

आ. व. २०८०/८१ सम्ममा यस संस्थाले विभिन्न शिर्षकहरू अन्तर्गत कुल रू ६२,४१,१४,३१६।३३ (अक्षरूपी बैसट्ठी करोड एकचालिस लाख चौध हजार तीन सोह्र रूपैँया तेत्तिस पैसा मात्र) ऋण लगानी गरेकोमा आ. व. २०८१/८२ मा विभिन्न ऋण शिर्षकहरू अन्तर्गत थप रू. ४,१५,८७,८७६/४९ ( अक्षरूपी चार करोड पन्ध्र लाख सतासी हजार आठ सय छहत्तर रूपैँया उनान्चास पैशा मात्र) ले बृद्धि भई आ. व. २०८१/८२ सम्ममा कुल रू ६६,५७,०२,१९२।८१ (अक्षरूपी छैसट्ठी करोड सन्तावन्न लाख दुई हजार एक सय बयानब्बे रूपैँया एकासी पैसा मात्र) ऋण लगानीमा रहेको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम ऋण लगानी रकम कुल सम्पत्तिको ७०% देखि ८०% हुनु पर्नेमा संस्थाको ऋण लगानी रकम ७१.५१% रहेको छ ।

## ५) स्थीर सम्पत्ति

सम्पत्ति तर्फ आ. व. २०८०/८१ सम्ममा कुल स्थीर सम्पत्ति रू ११,४८,११३/३२ (अक्षरूपी एघार लाख अठ्चालिस हजार एक सय तेह्र रूपैंया बत्तीस पैसा मात्र) रहेकोमा आ. व. २०८१/८२ मा रू. ४,१२,०४५।०० (अक्षरूपी चार लाख बाह्र हजार पैंतालिस रूपैयाँ मात्र) को थप सम्पत्ति खरिद भएकोमा ह्रास कट्टी रू. ३,५३,७५७।०८ (अक्षरूपी तीन लाख त्रिपन्न हजार सात सय सन्ताउन्न रूपैँया आठ पैसा मात्र) कट्टा गरि आ. व. २०८१/८२ सम्ममा कुल स्थीर सम्पत्ति रू १२,०६,४०१/२४ (अक्षरूपी बाह्र लाख छ हजार चार सय एक रूपैंया चौबीस पैसा मात्र) रहेको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम स्थीर सम्पत्तिको वर्गीकरण नकमाउने सम्पत्ति अन्तर्गत पर्दछ र नकमाउने सम्पत्ति कुल सम्पत्तिको ५% भन्दा कम हुनु पर्नेमा संस्थाको कुल नकमाउने सम्पत्ति ४.९१% रहेको छ ।

## ६) आम्दानी र खर्च तर्फ

आ. व. २०८१/८२ मा विभिन्न शिर्षकहरूबाट रू १०,८७,७९,४१९।८८ (अक्षरूपी दश करोड सतासी लाख उनान्अस्सी हजार चार सय उन्नाइस रूपैयाँ अठासी पैसा मात्र) कुल आम्दानी रहेको छ भने कुल खर्च रू ९,८६,८१,८२६।३९ (अक्षरूपी नौ करोड छयासी लाख एकासी हजार आठ सय छब्बीस रूपैँया उनान्चालिस पैसा मात्र) रहेको छ । जोखिम व्यहोर्ने कोषमा रू. २१,८८,०५६।०० (अक्षरूपी एक्काइस लाख अठासी हजार छपन्न रूपैयाँ मात्र) थप खर्च लेखी व्यवस्था गरे पछि आयकर व्यवस्था वापत रू. ८,४९,१८०।१४ (अक्षरूपी आठ लाख सत्तरी हजार तीन सय दश रूपैँया अन्ठाउन्न पैसा मात्र) कट्टी गरेपछि खुद मुनाफा रू. ६७,०८,४३९।४८ (अक्षरूपी सत्सट्ठी लाख आठ हजार चार सय उनान्चालिस रूपैँया अठ्चालिस पैसा मात्र) हुन आएको छ । पर्ल्स अनुगमन प्रणाली बमोजिम शुद्ध बचत औसत सम्पत्तिको १०% हुनु पर्नेमा संस्थाको शुद्ध बचत ०.७६% रहेको छ ।

## ७) कर दायित्व

संस्थाले आ. व. २०८१/८२ मा सदस्यहरूको बचतमा दिएको व्याजमा कट्टी गरेको कर रकम रू ५२,४९,५६७।७६ (अक्षरूपी बवन्न लाख उनान्चास हजार पाँच सय सतसट्ठी रूपैयाँ छहत्तर पैसा मात्र) र त्यसै गरि घर बहाल, बैठक भत्ता, पारिश्रमिक, लाभांस र अन्य भुक्तानीमा कट्टी गरिएको कर रकम रू ६,१०,९०८।५८ (अक्षरूपी छ लाख दस हजार नौ सय आठ रूपैयाँ अन्ठाउन्न पैसा मात्र) गरि जम्मा रू ५८,६०,४७६।३४ (अक्षरूपी अन्ठाउन्न लाख साठ्ठी हजार चार सय छहत्तर रूपैयाँ चौंतीस पैसा मात्र) सम्बन्धित आन्तरीक राजश्व कार्यालय तथा नगरपालिकामा दाखिला गरिएको र मुनाफामा लाग्ने आयकर रू. ८,४९,१८०।१४ (अक्षरूपी आठ लाख सत्तरी हजार तीन सय दश रूपैँया अन्ठाउन्न पैसा मात्र) को व्यवस्था गरिएको छ ।

## ८) जगेडा कोष

आ. व. २०८०/८१ सम्ममा जगेडा कोषमा रू २,६३,६३,९७९।२३ (अक्षरूपी दुई करोड त्रिस¶ी लाख त्रिस¶ी हजार नौ सय उनान्अस्सी रूपैयाँ तेइस पैसा मात्र) रहेकोमा आ. व. २०८१/८२ मा गत वर्ष सम्ममा अन्य कोषमा खर्च भई बाँकी रहेको रकम रू १३,८०,०१६।२९ (अक्षरूपी तेह्र लाख अस्सी हजार सोह्र रूपैयाँ उनान्तीस पैसा मात्र) र यस वर्षमा मुनाफाबाट छुट्याईएको रकम रू १६,७७,१०९।८७ (अक्षरूपी सोह्र लाख सतहत्तर हजार एक सय नौ रूपैयाँ सतासी पैसा मात्र) थप भई जगेडा कोषमा आ. व. २०८१/८२ को अन्त सम्ममा रू २,९४,२१,१०५।३९ (अक्षरूपी दुई करोड चौरानब्बे लाख एक्काइस हजार एक सय पाँच रूपैयाँ उनान्चालिस पैसा मात्र) जम्मा भएको छ ।

## ९) जोखिम व्यहोर्ने कोष

आ. व. २०८०/८१ सम्ममा जोखिम व्यहोर्ने कोषमा रहेको रकम रू ३,२८,३५,२९६।०० (अक्षरूपी तीन करोड अट्ठाइस लाख पैंतीस हजार दुई सय छयानब्बे रूपैयाँ मात्र) रहेकोमा आ. व. २०८१/८२ मा जोखिम व्यहोर्ने कोषमा रू. रू. २१,८८,०५६।०० (अक्षरूपी एक्काइस लाख अठासी हजार छपन्न रूपैयाँ मात्र) खर्च लेखी आर्थिक वर्ष २०८१/८२ मा ऋण जोखिम कोषमा कुल रू ३,५०,२३,३५२।०० (अक्षरूपी तीन करोड पचास लाख तेइस हजार तीन सय बवन्न रूपैयाँ मात्र) व्यवस्था गर्ने प्रस्ताव स्वीकृत गरिएको ।

## १०) खुद मुनाफा बाँडफाँट

आ. व. २०८१/८२ मा हुन आएको खुद मुनाफा रू. ६७,०८,४३९।४८ (अक्षरूपी सत्सठ्ठी लाख आठ हजार चार सय उनान्चालिस रूपैँया अठ्चालिस पैसा मात्र) लाई सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ मा व्यवस्था भए बमोजिम संस्थाको विनियममा संशोधन गरि सोही व्यवस्था बमोजिम विभिन्न कोषहरूमा बाँडफाँट गरिएको छ ।

आदरणीय सदस्यज्यूहरू अब म संक्षिप्तमा आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित वित्तिय श्रोत र त्यसको परिचालन तथा आम्दानी तथा खर्चको बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**आर्थिक वर्ष २०८२।८३ को बजेट**

आर्थिक वर्ष २०८२।८३ मा संस्थाको कुल सम्पत्तिमा बृद्धि ६.४१% रहने पुर्वानुमानका आधारमा संस्थाको कुल सम्पत्ति रू ९३,०९,४८,६३१।८३ (अक्षरूपी त्रियानब्बे करोड नौ लाख अठ्चालिस हजार छ सय एकतीस रूपैयाँ त्रियासी पैसा मात्र) रहेकोमा ६.४९ प्रतिशतका दरले रू ६,०४,९३,६४९।२१ (अक्षरूपी छ करोड चार लाख त्रियानब्बे हजार छ सय उनान्चास रूपैयाँ एक्काइस पैसा मात्र) ले बृद्धि गरि कुल सम्पत्ति रू ९९,१४,४२,२८१।०४ (अक्षरूपी उनान्सय करोड चौध लाख बायालिस हजार दुई सय एकासी रूपैयाँ चार पैसा) पुऱ्याउने लक्ष्य कायम गरिएको र यसैको आधारमा समग्र बजेट तयार गरिएको छ ।

**बजेटको श्रोत**

१) शेयर पुँजी रू ३,७६,८२,२००।- (अक्षरूपी तीन करोड छहत्तर लाख बयासी हजार दुई सय रूपैयाँ मात्र) रहेकोमा रू २,००,०००।०० (अक्षरूपी दुई लाख रूपैयाँ मात्र) ले बृद्धि गरि रू ३,७८,८२,२००।०० (अक्षरूपी तीन करोड अठहत्तर लाख बयासी हजार दुई सय रूपैयाँ मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

२) बचत रकम रू. ८२,७६,७३,७४६।२४ (अक्षरूपी बयासी करोड छहत्तर लाख त्रिहत्तर हजार सात सय छयालिस रूपैँया चौबीस पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष ७.४६% का दरले रू रू ६,१७,३३,६९५।७७ (अक्षरूपी छ करोड सत्र लाख तेत्तीस हजार छ सय पन्चानब्बे रूपैयाँ सतहत्तर पैसा मात्र) ले बृद्धि गरि रू ८८,९४,०७,४४२।०१ (अक्षरूपी अठासी करोड चौरानब्बे लाख सात हजार दुई सय बयालिस रूपैयाँ एक पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

३) जगेडा कोषमा रू २,९४,२१,१०५।३९ (अक्षरूपी दुई करोड चौरानब्बे लाख एक्काइस हजार एक सय पाँच रूपैयाँ उनान्चालिस पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष रू १६,१८,४५५।८१ (अक्षरूपी सोह्र लाख अठाह्र हजार चार सय पचपन्न रूपैयाँ एकासी पैसा मात्र) ले बृद्धि गरि रू ३,१०,३९,५६१।२० (अक्षरूपी तीन करोड दश लाख उनान्चालिस हजार पाँच सय एकसाठ्ठी रूपैयाँ बिस पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

४) अन्य कोषमा रू १,०१,६९,२९९/०६ (अक्षरूपी एक करोड एक लाख उनान्सत्तरी हजार दुई सय उनानेसय रूपैयाँ छ पैसा मात्र) रहेकोमा यस आर्थिक वर्ष रू २०,७०,०६३।३१ (अक्षरूपी बीस लाख सत्तरी हजार त्रिसठ्ठी रूपैयाँ एकतीस पैसा मात्र) थप भई रू १,२२,३९,३६२।३७ (अक्षरूपी एक करोड बाइस लाख उनान्चालिस हजार तीन सय बैसठ्ठी रूपैयाँ सैंतीस पैसा मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

५) ऋण जोखीम कोषमा रू ३,५०,३५,२९६।०० (अक्षरूपी तीन करोड पचास लाख पैंतीस हजार दुई सय छयानब्बे रूपैयाँ मात्र) रहेकोमा यस आर्थिक वर्षमा रू २०,००,०००/- (अक्षरूपी बीस लाख रूपैयाँ मात्र) ले बृद्धि गरि रू ३,७०,३५,२९६।०० (अक्षरूपी तीन करोड सत्तरी लाख पैंतीस हजार दुई सय छयानब्बे रूपैयाँ मात्र) पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ ।

६) आभाष सदस्य सुरक्षा कोषमा सुरक्षा बचतको व्याज रकम, सदस्य हित कोषमा रकम यथावत रहने र कर्मचारी हित कोषमा केही रकम थप हुने व्यवस्था गरिएको ।

७) अन्य दायित्वमा गत आ.व. भन्दा केही रकम बृद्धि सम्भावना भएको ।

**बजेटको श्रोतको परिचालन**

१) नगद तथा बैंक मौज्दात रू १७,७०,३१,८२६।१२ (अक्षरूपी सत्र करोड सत्तरी लाख एकतीस हजार आठ सय छब्बीस रूपैयाँ बाह्र पैसा मात्र) हुने प्रक्षेपन गरिएको छ ।

२) बैंकको मुद्दतीमा रू ६,००,००,०००।०० (अक्षरूपी छ करोड रूपैयाँ मात्र) लगानी गर्न रकम विनियोजन गरिएको छ । यदि ऋण लगानीमा कमी भई तरलता बढि भएमा सोको उचित व्यवस्थापनको लागि संचालक समितिले बैंकको मुद्दतीमा थप रकम लगानी गर्न सक्नेछ ।

३) स्थीर सम्पत्ति थप खरिदको लागि कुल रू ५,२१,०००/- (अक्षरूपी पाँच लाख एक्काइस हजार रूपैयाँ मात्र) को बजेट विनियोजन गरिएको ।

४) यस आर्थिक वर्षमा संघहरूमा शेयर थप नगर्ने । सहकारी नियमन प्राधिकरणको निर्देशन बमोजिम संघहरूमा कारोवार गर्न नपाइने व्यवस्था भएको हुनाले अव क्रमसः शेयर रकम फिर्ता माग गर्ने ।

५) ऋण लगानीमा रू ६६,५६,९०,२४८।८१ (अक्षरूपी छैसट्ठी करोड छपन्न लाख नब्बे हजार दुई सय अठ्चालिस रूपैँया एकासी पैसा मात्र) रहेकोमा आर्थिक वर्ष ८२/८३ मा ९.९६% का दरले रू ६,६३,०२,७२३।१९ (अक्षरूपी छ करोड त्रिसट्ठी लाख दुई हजार सात सय तेइस रूपैयाँ उन्नाइस पैसा मात्र) ले बृद्धि गरि रू ७३,१९,९२,९७२/- (अक्षरूपी त्रिहत्तर करोड उन्नाइस लाख बयानब्बे हजार नौ सय बहत्तर रूपैयाँ मात्र) पुर्‍याउने लक्ष्य निर्धारण गरिएको छ ।

६) अन्य सम्पत्तिमा गैर बैंकीङ्ग सम्पत्ति धेरै भएको हुनाले आ.व. ८१/८२ मा अन्य सम्पत्तिमा रकम अत्याधिक देखिएको र यस आ.व. ८२/८३ मा गैर बैंकिङ्ग सम्पत्तिलाई विक्रि गरि अन्य सम्पत्तिमा कमी गर्ने लक्ष्य निर्धारण गरिएको ।

**श्रोतको लागत तथा खर्चको विवरण**

१. बजेटको मुख्य श्रोत बचत संकलनको लागि रू ७,१४,०५,५४७।२९ (अक्षरूपी सात करोड चौध लाख पाँच हजार पाँच सय सत्चालिस रूपैयाँ उनान्तीस पैसा मात्र) व्याज खर्च हुने प्रक्षेपन गरिएको छ । बाह्य ऋणको लागि व्याज खर्च रू ९,४९,२४९।४६ (अक्षरूपी नौ लाख उनान्चास हजार दुई सय उनान्चास रूपैयाँ छयालिस पैसा) हुने प्रक्षेपन गरिएको छ । कुल व्याज खर्च रू ७,२३,५४,७९६।७४ (अक्षरूपी सात करोड तेइस लाख चवन्न हजार सात सय छयानब्बे रूपैयाँ चवहत्तर पैसा मात्र) हुने प्रक्षेपन गरिएको छ ।

२. बैठक भत्ता : बैठक खर्च अन्तर्गत बैठक भत्तामा प्रति व्यक्ति रू २,३५३/- मा करकट्टा गरि बैठक भत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ । बैठक संख्या र बैठक भत्ता रकम तल उल्लेख गरे बमोजिम विनियोजन गरिएको छ ।

- संचालक समितिको बैठक वर्षमा १३ पटक र कुल भत्ता रकम रू ३,९७,६५७/-
- संयुक्त बैठक वर्षमा १ पटक र कुल भत्ता रकम रू ५१,७६६/-
- लेखा सुपरिवेक्षण समितिको बैठक वर्षमा ६ पटक र कुल भत्ता रकम रू ५६,४७२/-
- ऋण लगानी उप-समितिको बैठक वर्षमा १४ पटक र कुल भत्ता रकम रू २,३०,५९४/-
- शिक्षा तथा सामाजिक क्रियाकलाप उपसमितिको बैठक वर्षमा ४ पटक र कुल भत्ता रकम रू ४७,०६०/-
- महिला उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू १८,८२४/-
- धितो लिलाम उप-समितिको बैठक वर्षमा ५ पटक र कुल भत्ता रकम रू ५८,८२५/-

- पनौती र भकुण्डे सेवा केन्द्र व्यवस्थापन उपसमितिको बैठक वर्षमा ४/४ पटक र कुल भत्ता खर्च रू ७५,२९६/-
- कार्यक्रम तथा बजेट मस्यौदा उप-समितिको बैठक वर्षमा ३ पटक र कुल भत्ता रकम रू २८,२३६/-
- पदपूर्ती उप-समितिको बैठक वर्षमा ३ पटक र कुल भत्ता रकम रू २८,२३६/-
- कार्यविधि पुनरावलोकन उप-समितिको बैठक वर्षमा २ पटक र कुल भत्ता रकम रू १८,८२४/-

३. बैठक संचालन खर्च अन्तर्गत प्रत्येक बैठकको लागि सहभागि प्रति व्यक्तिको लागि बढिमा रू ३००/- का दरले खर्च रकम रू १२६,३००/- विनियोजन गरिएको छ ।

४. सूचना खर्चको लागि रू १५४,८३८/- विनियोजन गरिएको छ ।

५. वार्षिक रूपमा बुझाउनु पर्ने AMC खर्च शिर्षक अन्तर्गत CBS को लागि ? #%,%%)÷-, Attendance System को लागि रू २२,६००/-, Mobile Banking sf] nflu ? $%,@))÷-, Website sf] nflu ? ##,())÷- / Networking को लागि रू ८६,७७४/- विनियोजन गरिएको छ ।

६. ऋण असुलिमा हुन सक्ने खर्चको लागि रू ३२८,६८४।७१ विनियोजन गरिएको छ ।

७. एक आर्थिक वर्षमा संस्थाले गर्ने विभिन्न सदस्य तथा समुदाय केन्द्रित कार्यक्रमहरूको लागि रू ५,९२,०२३/- विनियोजन गरिएको छ ।

८. कर्मचारीहरूको पोशाकको लागि रू १,३८,०००/- रकम विनियोजन गरिएको छ ।

९. अध्ययन अवलोकन भ्रमणको लागि रू २,००,०००/- रकम विनियोजन गरिएको छ ।

१०. आ.व. २०८२/८३ को लेखा परिक्षण गर्नको लागि लेखा परिक्षण शुल्क रू ३,३९,०००/- रकम विनियोजन गरिएको छ ।

११. इन्धन खर्चको लागि प्रमुख प्रवन्धकको लागि मासिक ५० लिटर र अन्य कर्मचारीहरूको लागि मासिक १० देखि १५ लिटर सम्मको हिसाबले कुल रू ३,७८,०००/- रकम विनियोजन गरिएको छ ।

१२. संस्थामा सामान्य मर्मतकार्य गर्नुपर्ने देखिएकोले यस शिर्षक अन्तर्गत रू ७०,०००/- रकम विनियोजन गरिएको छ ।

१३. साधारण सभा खर्च अन्तर्गत सदस्यहरूको पारवहन भत्ताको लागि रू १४,८२,६००/-, साधारण सभा सूचनाको लागि रू ७५,०००/-, वार्षिक प्रतिवेदनको लागि रू ८०,०००/-, रात्री खानाको लागि रू १२५,०००/-, उत्कृष्ठ सदस्यको चाँदीको पदकको लागि रू ४५,०००/-, मायाको चिनो तथा अन्य सामाग्रीको लागि रू ३५,०००/-, नगद पुरष्कारको लागि रू २०,०००/-, मसलन्दको लागि रू ५०००/-, फोटोग्राफिको लागि रू ७०००/- र अन्य खर्चको लागि रू ३५,०००/- गरि कुल रू १९,०९,६००/- रकम विनियोजन गरिएको छ ।

१४. अतिथि सत्कार खर्च अन्तर्गत संस्थामा हुने चिया तथा सामान्य नास्ताको खर्चको लागि रू ७६,५८४/- रकम विनियोजन गरिएको छ ।

१५. घर बहाल खर्च अन्तर्गत घर बहालको लागि कुल रू १४,६६,६७६/- रकम विनियोजन गरिएको छ । घरबहालमा कुनै कार्यालयको घरबहाल सम्झौता बमोजिम बढ्ने भएमा पछि संचालक समितिबाट अनुमोदन गरिने ।

१६. विमा खर्च अन्तर्गत संस्थाको तीनवटै कार्यालयको भल्ट, काउन्टर, निष्ठा जमानी तथा संस्थामा रहेको मुल्यवान स्थीर सम्पत्तिको पनि विमा गर्नको लागि रकम विनियोजन गरिएको छ तथा यस वर्ष देखि सम्भव भए सम्म मार्गस्थको पनि विमा गराउने र सो गरेर कुल विमा खर्चको लागि रू १,२१,५३३/- रकम विनियोजन गरिएको छ ।

१७. इन्टरनेटको लागि २८,८८३/- रकम विनियोजन गरिएको छ ।

१८. सरसफाइको लागि रू ८,९०४/- र लक्ष्मी पुजाको लागि १,०२,६०९/- रकम विनियोजन गरिएको छ ।

१९. संस्थाले कानुनी परामर्शदाता नियुक्त गरि कार्य गर्दै आइरहेकोमा प्रत्येक आर्थिक वर्षको लागि अग्रिम रकम भुक्तानी गर्ने व्यवस्था रहेको हुनाले आगामी आर्थिक वर्षको लागि रू २५,०००/- रकम विनियोजन गरिएको छ ।

२०. सदस्यता नविकरणको लागि रू १८,०००/- तथा नगरपलिकाको व्यवसाय नविकरणको लागि ८०००/- रकम विनियोजन गरिएको छ ।

२१. स्वास्थ्य सामाग्री खरिदको लागि रू १०,०००/- रकम विनियोजन गरिएको छ ।

२२. छपाई तथा मसलन्दको लागि रू २,३०,७३२/- रकम विनियोजन गरिएको छ ।

२३. कार्यक्रम खर्च अन्तर्गत छोरी अभियानको लागि रू २०,०००/-, वार्षिक समिक्षाको लागि ४१,३९८/-, सामाजिक कार्यको लागि रू ४५,०००/- र अन्य कार्यक्रमको लागि रू ५५,०००/- रकम विनियोजन गरिएको छ ।

२४. कम्प्युटर तथा उपकरण मर्मतको लागि रू ३९,०००/- र अन्य सामान्य मर्मतको लागि रू २४,८६०/- रकम विनियोजन गरिएको छ ।

२५. प्राविधिक सेवा खर्च अन्तर्गत कुल रू ७५,०००/- रकम विनियोजन गरिएको छ ।

२६. संस्थाद्वारा अध्यक्ष तथा ऋण उपसमिति संयोजकलाई मासिक रूपमा रू १,१७५/- मा करकट्टा गरि रू १,०००/- संचार सुविधा वापत प्रदान गर्दै आएकोलाई निरन्तरता दिने यस्को लागि रू २८,२००/-, तीनवटा कार्यालयमा रहेको ५ वटा टेलिफोन लाइनको लागि रू ६०,०००/- र कर्मचारीहरूलाई प्रदान गरिएको १० वटा CUG sim को लागि रू २४,०००/- र प्रमुख प्रवन्धकको लागि मासिक रू ३००/- का दरले रू रू ३,६००/- अन्य संचारको लागि रू २८,२७२/- गरि टेलिफोन खर्च शिर्षक अन्तर्गत कुल रू १४४,०७२/- रकम विनियोजन गरिएको छ ।

२७. केन्द्रिय, जिल्ला तथा नगर स्तरिय तालिम तथा गोष्ठीमा सहभागिताको लागि यस आर्थिक वर्षमा कुल रू १५०,६२३/- बजेट रकम विनियोजन गरिएको छ ।

२८. पानी तथा बिद्युत्तको लागि तीनवटै कार्यालयको लागि पानीको लागि रू २८,८००/- र विद्युत्तको लागि ६८,५२०/- गरि कुल रू ९७,३२०/- रकम विनियोजन गरिएको छ ।

२९. प्रत्येक दुई आर्थिक वर्षमा कर्मचारीहरूको आर्थिक सुविधामा पुनरावलोकन गर्ने प्रावधान भए बमोजिम तलब तथा अन्य आर्थिक सुविधा कार्यसम्पादन मुल्यांकन बमोजिम बढ्ने भएको र प्रत्येक वर्ष कर्मचारीहरूको ग्रेड बृद्धि हुने भएकोले सोलाई आधार मानि गत आर्थिक वर्षमा आर्थिक सुविधा पुनरावलोकन भएकोमा बृद्धिहुन बाँकी रकमलाई बृद्धि गरि देहाय बमोजिम कर्मचारी खर्चहरू बजेटमा विनियोजन गरिएको ।

- प्रमुख प्रवन्धकको आधारभूत पारिश्रमिक रू ३९,०००/-, ग्रेड वापत रू १०,४००/-, भत्ता रू १७,९४०/- र सा.सु.कोष रू ९,८८०/- गरि कुल तलब मासिक रू ७७,२२०/- प्रदान गरिनेछ ।

- प्रमुख प्रवन्धक सहित कुल २१ जना कर्मचारीहरू रहेको र सम्पूर्ण कर्मचारीहरूको लागि देहाय बमोजिमको कर्मचारी खर्चको लागि बजेट विनियोजन गरिएको ।
    - आधारभूत पारिश्रमिकको लागि रू ४८,५२,६३२/- रकम विनियोजन गरिएको छ ।
    - कर्मचारीहरूको ग्रेडको लागि रू ८,५६,०९२/- रकम विनियोजन गरिएको छ ।
    - कर्मचारी भत्ताको लागि रू १९,८५,२८०/- रकम विनियोजन गरिएको छ ।
    - सामाजिक सुरक्षा कोषको लागि रू ९१६,७१६/- रकम विनियोजन गरिएको छ ।
    - चाँडपर्व खर्चको लागि रू रू ४७५,७२७/-, कर्मचारी हितकोष खर्चको लागि रू २००,०००/-, जोखिम भत्ताको लागि रू १२,०००/- र इन्सेन्टिभको लागि रू १५६,०००/- रकम विनियोजन गरिएको छ ।
    - घर विदा, विरामी विदा, ओभरटाइम तथा अन्य कर्मचारी खर्चको लागि यथोचित रकम विनियोजन गरिएको छ ।
    - विदा तथा नियमित कार्यालय समय भन्दा बढि समय काम गरेमा कर्मचारीको लागि अतिरिक्त भत्ता वापत श्रम ऐनमा व्यवस्था भए बमोजिम नियमित रूपमा काम गर्दा पाउने आधारभूत तलबको डेढी पारिश्रमिक प्रदान गरिनेछ ।

समग्रमा प्रशासनिक खर्चको लागि कुल रू ९७,०९,५३४।९४ (अक्षरूपी सन्तानब्बे लाख नौ हजार पाँच सय चौंतीस रूपैयाँ चौरानब्बे पैसा मात्र) रकम र कर्मचारीहरूको लागि कुल रू ९६,८९,८९७।४४ ( अक्षरूपी छयानब्बे लाख उनान्नब्बे हजार आठ सय सन्तानब्बे रूपैयाँ चवालिस पैसा मात्र) रकम विनियोजन गरिएको छ ।

**<u>श्रोतबाट हुने आमदानीको विवरण</u>**

१. बैंक मौज्दात करिब २० प्रतिशतमात्र कायम गर्ने भएकोले र बैंक व्याज दर निकैनै कम भएको हुनाले बैंक व्याजबाट रू ५७,८६,८८४।५४ (अक्षरूपी सन्ताउन्न लाख छयासी हजार आठ सय चौरासी रूपैयाँ चवन्न पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

२. ऋण लगानीबाट ब्याज रू ९,४६,०५,७४२।७१ (अक्षरूपी नौ करोड छयालिस लाख पाँच हजार सात सय बयालिस रूपैयाँ एकहत्तर पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

३. सदस्यहरूलाई ऋण लगानी गर्दा नियमित किस्ताको भाखा नाघेमा लाग्ने विलम्व शुल्क वापत रू १२,७९,९३२/- (अक्षरूपी बाह्र लाख उनान्असी हजार नौ सय बत्तीस रूपैयाँ मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

४. संस्थाले विभिन्न संघहरूको शेयरमा लगानी गरे वापत रू १,६७,५३२/- (अक्षरूपी एक लाख सत्सट्ठी हजार पाँच सय बत्तीस रूपैयाँ मात्र) र बचत तथा ऋण कारोवार अन्तर्गत प्राप्त हुने संरक्षित पुँजीफिर्ता कोषबाट रू ८५,०१६।७२ (अक्षरूपी पचासी हजार सोह्र रूपैयाँ बहत्तर पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

५. खाता बन्द शुल्क वापत रू ४०,०००/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

६. मोवाइल कारोवारको वार्षिक नविकरण शुल्क वापत रू ५३,०००/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

७. ऋण निवेदन शुल्क वापत रू ६०,०००/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

८. सदस्यता शुल्क वापत रू ४५,०००/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।
९. SMS Alert शुल्क वापत रू ३६,३००/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।
१०. विविध आम्दानी वापत रू ४५,५४०/- आम्दानी हुने प्रक्षेपन गरिएको छ ।
११. कुल आम्दानी रू १०,२२,४६,०४१।६६ (अक्षरूपी दश करोड बाइस लाख छयालिस हजार एकचालिस रूपैयाँ छैसठ्ठी पैसा मात्र) आम्दानी हुने प्रक्षेपन गरिएको छ ।

**शुद्ध बचत (मुनाफा)**

आर्थिक वर्ष २०८२।८३ मा ह्रस कट्टी रू ४,२८,७२६/९७ (अक्षरूपी चार लाख अठ्ठाइस हजार सात सय छब्बीस रूपैयाँ सन्तानब्बे पैसा मात्र), ऋण जोखिम कोषमा रू २०,००,०००/- (अक्षरूपी बीस लाख रूपैयाँ मात्र) र कर्मचारी बोनसको लागि रू ७,३३,००७/७८ (अक्षरूपी सात लाख तेत्तीस हजार सात रूपैयाँ अठ्हत्तर पैसा मात्र) रकम खर्च विनियोजन पश्चात संस्थाको आयकर अघिको बचत (मुनाफा) रू ७३,३०,०७७।७९ (अक्षरूपी त्रिहत्तर लाख तीस हजार सतहत्तर रूपैयाँ उनान्अस्सी पैसा मात्र) हुने अनुमान गरिएको छ ।

यस अनुमानित बजेटको विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकामा समावेश गरिएको छ ।

अन्तमा यस संस्थाको सोह्रौं वार्षिक साधारण सभा मनाउन सक्षम अवस्थामा पुऱ्याउनु भएकोमा सम्पूर्ण सदस्य तथा शुभचिन्तप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै अमुल्य सुझाव तथा सल्लाह एवं सदभाव पाइरहने अपेक्षा राख्दै संस्थाको आर्थिक प्रतिवेदन यहीँ अन्त गर्न चाहन्छौं । धन्यवाद ।

**जय आभाष, जय सहकारी !**

**B. B. Dangol & Associates**
Registered Auditors

COP No. 750 'B'
ICAN Membership No. 2903
Firm No. 4086

## आभाष बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य महानुभावहरु समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**राय**

हामीले **आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड** को यसै साथ संलग्न २०८२ आषाढ ३२ गतेको वित्तिय स्थितीको विवरण र सोही मितिमा समाप्त बर्षको नाफा/नोक्सानको विवरण, नगद प्रवाह विवरण, ईक्विटिमा भएको परिवर्तनको विवरण, प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा लेखापरीक्षणका मूख्य मामिलाहरुमा उल्लेखित बुंदाहरुले पर्ने असर बाहेक संलग्न वित्तिय विवरणहरुले संस्थाको २०८२ आषाढ ३२ गतेको वित्तीय स्थिति तथा उक्त अवधिमा समाप्त भएको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनको अधीनमा रहि सहकारीको लागि नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) अनुसार सही र यथार्थ चित्रण गर्दछ ।

**रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । हाम्रो प्रतिबेदनमा वित्तीय प्रतिबेदनको लेखापरीक्षणका लागि लेखापरीक्षकको जिम्मेबारी खण्डमा थप हाम्रो जिम्मेवारी बर्णन गरीएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट लेखापरीक्षकहरुको लागि जारी भएको आचार संहिता तथा आचरणको प्रावधान अनुसार वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न हामी स्वतन्त्र छौ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय ब्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ ।

**लेखापरीक्षणका मूख्य मामिलाहरु**

- नेपाल राष्ट्र बैंकद्वारा जारी बैंक बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ अनुसार निम्न उमेर (ageing) म्याट्रिक्स अनुसार क्षयिकरणको व्यवस्था गर्नुपर्छ ।

| **विवरण** | **न्यूनतम ऋण नोक्सानी व्यवस्था** |
|---|---|
| असल ऋण (भाखा ननाघेको र भाखा नाघी ३ महिना व्यतीत भएका) | १% |
| कमसल (३ देखि ६ महिनासम्म भाखा नाघेका) | २५% |
| शकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेका) | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेका) | १००% |

तर संस्थाले १% र १००% को हिसाबले मात्र वर्गीबरण गरि ऋण नोक्सानी व्यवस्था गरेको छ ।

- संस्थाले प्रोदभावी आधारमा (Accrual basis) मा नभई नगद प्राप्तीको आधारमा ब्याज आम्दानी जनाउने गरेको छ ।
- संस्थाका सदस्यहरुले अनिवार्य रुपमा अनिवार्य बचतमा रकम जम्मा गर्नुपर्ने भनिए तापनि सम्पूर्ण सदस्यहरुले सो अनुसार गरिएको पाईएन ।

Address: Kathmandu, Nepal
Mobile No.: 9841290776
E-Mail Address: birendradangol@hotmail.com

**B. B. Dangol & Associates**
Registered Auditors

COP No. 750 'B'
ICAN Membership No. 2903
Firm No. 4086

- संस्थाको सदस्यहरु मध्ये हाल सम्म पनि केहि सदस्यहरुको व्यक्तिगत विवरण सहितको Know Your Member (KYM) form भर्न बाँकी रहेको पाईएको छ । यसले गर्दा संस्थाले अनिवार्य रुपमा सम्पूर्ण सदस्यहरुको विवरणका साथ सहकारी विभागबाट सहकारी क्षेत्रहरुको तथ्यांक प्राप्तिको लागि तयार गरिएको COPOMIS system मा भर्नुपर्ने समष्टिगत विवरण लगायत अन्य नियमित रुपमा प्रविष्टि गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा प्रविष्टि गर्न सकेको छैन ।

**वित्तीय विवरणप्रति व्यवस्थापनको उत्तरदायित्व :**

नेपाल वित्तिय प्रतिवेदन मान र सम्बन्धित ऐन तथा अन्य नियम कानून अभ्यास अनुरुप वित्तीय विवरण तयार गर्ने तथा उचित प्रस्तुती गर्ने जिम्मेबारी व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय बिबरणहरु तयार पार्ने तथा वितीय विवरण प्रस्तुतीकरण सगं सम्बधित आन्तरीक नियन्त्रणको खाका तयार गर्ने, कार्यन्वयन गर्ने तथा त्यसको कायम राख्ने कार्यहरु पर्दछन । जसमा वितिय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत आँकडा छैनन भन्ने कुरामा बिश्वस्त हुने ,उपयुक्त लेखानीतीहरुको छनौट र कार्यान्वयन गर्ने आबश्यकता अनुसार लेखा अनुमान गर्ने कार्यहरु समेत पर्दछन ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले निकायको व्यावसायिक अविच्छिन्नताको मुल्यांकनको आधारमा तयार गर्नु पर्दछ । सञ्चालन सामर्थ्यको व्यवस्थापन मूल्याँकन र निकायलाई खारेज गर्ने मनसाय नभएसम्म सामान्यतयाः वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामा नै तयार गरिन्छ ।

सुशासन प्रति जिम्मेवार लिनेहरुले संस्थाको वित्तीय प्रतिबेदन प्रकृयाको रेखदेख गर्नुपर्दछ ।

**लेखापरीक्षकको उत्तरदायित्व**

हाम्रो उत्तरदायित्व वित्तीय विवरणहरु समग्र रुपमा सारवान रुपमा त्रुटी नभएको आश्बस्तता प्राप्त गर्ने हो । छलकपट अथवा भुलहरु भएमा लेखापरीक्षकको प्रतिबेदनको रायमा समाबेश हुन्छ । मनासिब माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो । नेपाल लेखापरीक्षमान अनुसार लेखापरीक्षण गर्दा प्रत्याभुती गर्दैन । मौजुदा सारवान गलत बिबरणहरु भएमा खोजतलास गर्दछ । गलत बिबरणहरु जालसाजी, त्रुटीहरुको कारण बाट हुन जान्छ । यदि ती सारवान ठहरिन्छ भने वित्तीय बिबरणको आधारमा लिने आर्थिक निर्णयहरु अपेक्षित रुपमा एकल वा समुह प्रभाबित हुन्छ ।

**सहकारी ऐन र नियमहरु बमोजिम हाम्रो प्रतिवेदन**

क. हामीले लेखापरीक्षण सम्पन्न गर्न आबश्यक सूचनाहरु र स्पष्टिकरण प्राप्त गरेका छौं ।

ख. सहकारी ऐन २०७४, सहकारी नियमावलि २०७५ तथा सहकारी विभागबाट समय समयमा जारी मापदण्ड बमोजिम संस्थाले आफनो कारोबारको यथार्थ स्थिती स्पष्ट हुने गरी लेखा राखेको छ ।

ग. लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराईएका स्पष्टीकरण, ब्याख्या र सूचनाहरुको आधारमा, संचालक समिति वा कुनै कर्मचारीले कानून बिरुद्ध लेखा संग सम्बन्धित कुनै काम काज गरेको तथा संस्थाको सम्पति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरेको ब्यहोरा हाम्रो जानकारीमा आएन ।

...............................
बीरेन्द्र बहादुर डंगोल
नि. बी. बी. डंगोल एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स
मिती : २०८२/०५/१५
UDIN – 250905RA02903yag7s

Address: Kathmandu, Nepal
Mobile No.: 9841290776
E-Mail Address: birendradangol@hotmail.com

# आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बनेपा-८, काभ्रे

## वित्तीय स्थितीको विवरण (वासलात)

२०८२ साल आषाढ मसान्त सम्मको

*रकम(रु)*

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (संशोधित) | ३१ आषाढ २०८० (संशोधित) |
|---|---|---|---|---|
| **सम्पति** | | | | |
| नगद तथा नगद सरह | ४.१ | १३१,२३१,०३७।५९ | १३६,२६५,८३६।८३ | ९८,१३०,४१८।२९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.२ | ८०,०००,०००।०० | ६०,०००,०००।०० | ५०,०००,०००।०० |
| सदस्यहरूलाई ऋण तथा सापट | ४.३ | ६६४,५०७,७८३।८१ | ६२२,९८५,६७१।३३ | ५६३,३१६,०००।४५ |
| कर्मचारीलाई ऋण तथा सापट | ४.४ | १,१९४,४०९।०० | १,१२८,६४५।०० | १,५५०,१४७।०० |
| वित्तीय लगानी हिसाव | ४.५ | १०,०१३,५००।०० | १०,०१३,५००।०० | १०,०१३,५००।०० |
| चालु कर सम्पत्ति | ४.६ | ७,०९१,६४५।२१ | ६,७३९,६३०।३४ | ५,९२४,९९१।६५ |
| बिकिको लागि राखिएको गैर चालु सम्पत्ति | ४.७ | ३४,४६७,७५०।०० | १,९४३,७५०।०० | १,९४३,७५०।०० |
| सम्पत्ति, संयन्त्र तथा उपकरण | ४.८ | १,२०६,४०१।२४ | १,१४८,११३।३२ | १,१९९,९२५।९७ |
| सम्पत्ति प्रयोग गर्ने अधिकार | ४.९ | - | - | - |
| ख्याती तथा अमूर्त सम्पत्ति | ४.१० | - | - | - |
| स्थगन कर सम्पत्ति | ४.११ | २१,२५५।५९ | १९,४१६।३९ | - |
| अन्य सम्पत्ति | ४.१२ | १,२१४,८४९।३८ | २,२२१,९७८।६५ | २,९९०,४३४।८३ |
| **कुल सम्पत्ति** | | **९३०,९४८,६३१।८३** | **८४२,४६६,५४१।८५** | **७३५,०६९,१७६।१९** |

| विवरण | नोट | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (संशोधित) | ३१ आषाढ २०८० (संशोधित) |
|---|---|---|---|---|
| **दायित्वहरु** | | | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | ४.१३ | ८२७,६७३,७४६।२४ | ७२७,३४६,६९६।४७ | ६०७,२६९,४३८।३५ |
| कर्जा सापटी | ४.१४ | १४,२०५,५३९।८४ | ३१,४७२,२११।९२ | ४८,७३८,८८४।०० |
| कर्मचारी लाभहरूको लागि व्यवस्था | ४.१५ | २१२,५५५।९५ | १९४,१६३।८७ | १९०,१३९।६८ |
| स्थगन कर दायित्व | ४.११ | - | - | - |
| अन्य कोष तथा व्यवस्था | ४.१६ | ६,५३३,०५९।६९ | ५,२३२,५३४।०६ | ३,८६१,७११।३५ |
| पट्टा दायित्व | ४.९ | - | - | - |
| अन्य दायित्व | ४.१७ | ५,१५९,७४५।७२ | ५,५०६,०३७।९८ | ४,५१०,४७४।५६ |
| **कुल दायित्व** | | **८५३,७८४,६४७।४४** | **७६९,७५१,६४४।३०** | **६६४,५७०,६४७।९४** |
| **पुँजी** | | | | |
| शेयर पुँजी | ४.१८ | ३७,६८२,२००।०० | ३७,६६३,०००।०० | ३८,१२१,२००।०० |
| साधारण जगेडा कोष | ४.१९ | २९,४२१,१०५।३९ | २६,३६३,९७९।२३ | २३,०३१,०५९।९९ |
| संरक्षित पूँजी फिर्ता कोष | | १,२५७,८३२।४० | १,०६३,१८६।६६ | १,४६०,६४७।६४ |
| अन्य वैधानिक कोषहरु | ४.२० | ८,८०२,८४६।५९ | ७,६२४,७३१।६६ | ७,८८५,६२०।६२ |
| **कुल पूँजी** | | **७७,१६३,९८४।३८** | **७२,७१४,८९७।५५** | **७०,४९८,५२८।२५** |
| **कुल पुँजी तथा दायित्व** | | **९३०,९४८,६३१।८३** | **८४२,४६६,५४१।८५** | **७३५,०६९,१७६।१९** |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

**सुवास वैद्य**
**प्रमुख प्रवन्धक**

**सुर्यकुमार रंजित**
**कोषाध्यक्ष**

**ग्रुवेन तौजले**
**अध्यक्ष**

**विरेन्द्र बहादुर डंगोल**
**बि. बी. बी. डंगोल एण्ड एसोसिएट्स**
**रजिष्टर्ड अडिटर्स**

B.B Dangol & Associates Registered Auditors

# आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बनेपा-८, काभ्रे

## नाफा नोक्सान विवरण

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम(रु)*

| विवरण | नोट | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ (संशोधित) |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.२१ | १०६,५४२,८५९।२० | १०४,०१९,५४४।८८ |
| ब्याज खर्च | ४.२२ | (८१,९०८,६१०.६८) | (७९,९३९,३७३.५४) |
| **खुद ब्याज आम्दानी** | | **२४,६३४,२४८।५२** | **२४,०८०,१७१।३४** |
| बिकि तथा अन्य सञ्चालन आम्दानी | ४.२३ | १,८७२,५८१।६५ | २,००९,७१८।७८ |
| बिकिको लागत तथा अन्य प्रत्यक्ष खर्च | ४.२४ | - | - |
| **खुद बिकि तथा अन्य सञ्चालन आम्दानी** | | **१,८७२,५८१।६५** | **२,००९,७१८।७८** |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | **२६,५०६,८३०।१७** | **२६,०८९,८९०।१२** |
| खूद व्यापार आम्दानी | ४.२५ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.२६ | ३६३,९७९।०३ | ३७५,०५३।५० |
| **जम्मा सञ्चालन आम्दानी** | | **२६,८७०,८०९।२०** | **२६,४६४,९४३।६२** |
| कर्जाको क्षयिकरण/(कर्जा तथा अन्य हानीको फिर्ता) | ४.२७ | (२,१८८,०५६.००) | (४,७९९,८००.००) |
| **खूद सञ्चालन आम्दानी** | | **२४,६८२,७५३।२०** | **२१,६६५,१४३।६२** |
| **<u>सञ्चालन खर्च</u>** | | | |
| कर्मचारी लाभ खर्च | ४.२८ | (९,०५०,८१६.३६) | (७,५१७,२३१.५०) |
| अन्य सञ्चालन खर्च | ४.३२ | (७,७२२,३९९.३५) | (७,४०५,८६७.३५) |
| ह्रासकट्टि, परिशोधन तथा क्षयिकरण खर्च | ४.३३ | (३५३,७५७.०८) | (३५०,०१८.६५) |
| **सञ्चालन नाफा** | | **७,५५५,७८०।४१** | **६,३९२,०२६।१२** |
| गैर संचालन आम्दानी | ४.३४ | - | - |
| गैर संचालन खर्च | ४.३५ | - | - |
| **आयकर अघिको नाफा** | | **७,५५५,७८०।४१** | **६,३९२,०२६।१२** |
| आयकर खर्च | ४.३६ | | |
| चालू कर | | (८४९,१८०.१४) | (७२१,६९७.२६) |
| स्थगन कर खर्च/(आम्दानी) | | १,८३९।२१ | १९,४१६।३९ |
| **यस अवधिको नाफा** | | **६,७०८,४३९।४८** | **५,६८९,७४५।२४** |
| **प्रति शेयर आम्दानी** | | | |
| आधारभुत प्रति शेयर आम्दानी (Basic EPS) | | १७।८० | १५।११ |
| डाइलूटेड प्रति शेयर आम्दानी (Diluted EPS) | | १७।८० | १५।११ |

*आजको मितिमा संलग्न प्रतिवेदन अनुसार,*

**सुवास वैद्य**
**प्रमुख प्रवन्धक**

**सुर्यकुमार रंजित**
**कोषाध्यक्ष**

**ग्रुवेन तौजले**
**अध्यक्ष**

**विरेन्द्र बहादुर डंगोल**
**नि. बी. बी. डंगोल एण्ड एसोसिएट्स**
**रजिष्टर्ड अडिटर्स**

B Dangol & Associates ★ Registered Auditors ★

# आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बनेपा-८, काभ्रे

## नगद प्रवाह विवरण

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

*रकम(रु)*

| विवरण | आ.व.२०८१/२०८२ | आ.व.२०८०/२०८१ (संशोधित) |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| व्याज आम्दानी | १०६,५४२,८५९।२० | १०४,०१९,५४४।८८ |
| शुल्क तथा अन्य सञ्चालन आम्दानी प्राप्ती | १,८७२,५८१।६५ | २,००९,७१८।७८ |
| भुक्तानी गरिएको व्याज खर्च | (८१,९०८,६१०.६८) | (७९,९३९,३७३.५४) |
| भुक्तानी गरिएको अन्य प्रत्यक्ष खर्च | - | - |
| कर्मचारी खर्चको नगद भुक्तानी | (९,०३२,४२४.२८) | (७,५१३,२०७.३१) |
| भुक्तानी गरिएको अन्य कार्यालय सञ्चालन खर्च | (७,७२२,३९९.३५) | (७,४०५,८६७.३५) |
| **सञ्चालन सम्पत्ति र दायित्वको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **९,७५२,००६।५४** | **११,१७०,८१५।४६** |
| **सञ्चालन सम्वन्धी सम्पत्तिमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | (२०,०००,०००.००) | (१०,०००,०००.००) |
| सदस्यलाई ऋण लगानी | (४३,७१०,१६८.४८) | (६४,४६९,४७०.८८) |
| कर्मचारीलाई ऋण लगानी | (६५,७६४.००) | ४२१,५०२।०० |
| अन्य सम्पत्ति | १,००७,१२९।२७ | ७६८,४५६।१८ |
| **सञ्चालन सम्वन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | | |
| सदस्यबाट बचत र निक्षेप दायित्व | १००,३२७,०४९।७७ | १२०,०७७,२५८।१२ |
| तिर्न बाँकि कर्जा सापट | (१७,२६६,६७२.०८) | (१७,२६६,६७२.०८) |
| अन्य कोष तथा व्यवस्था | १,३००,५२५।६३ | १,३७०,८२२।७१ |
| अन्य दायित्व | (३७१,४४८.९१) | ९७४,२९९।६९ |
| **आयकर अगाडिको कार्यगत गतिविधिबाट खुद नगद प्रवाह** | **३०,९७२,६५७।७४** | **४३,०४७,०११।२०** |
| आयकर भुक्तानी | (१,२०१,१९५.०१) | (१,५३६,३२७.९५) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह** | **२९,७७१,४६२।७३** | **४१,५१०,६८३।२५** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| सम्पत्ति संयन्त्र तथा उपकरणको खरिद | (४१२,०४५.००) | (२९८,२०६.००) |
| सम्पत्ति संयन्त्र तथा उपकरण को विक्री | - | - |
| लगानी सम्पत्ति खरिद | (३२,५२४,०००.००) | - |
| अमुर्त सम्पत्तिको खरिद | - | - |
| लाभांश तथा फिर्ता भएको संरक्षण पुँजीकोष प्राप्ती | ३६३,९७९।०३ | ३७५,०५३।५० |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(३२,५७२,०६५.९७)** | **७६,८४७।५०** |
| शेयर पुंजी जारीबाट प्राप्त | १९,२००।०० | (४५८,२००.००) |
| लाभांश भुक्तानी | (२,२५३,३९६.००) | (२,९९३,९१२.२१) |
| संरक्षण पुँजीकोष भुक्तानी | - | - |
| कोषमा थप/(उपयोग) | - | - |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **(२,२३४,१९६.००)** | **(३,४५२,११२.२१)** |
| **नगद तथा नगद सरहमा भएको खुद बृद्धि (कमी)** | **(५,०३४,७९९.२४)** | **३८,१३५,४१८।५४** |
| सुरु मौज्दात रहेको नगद तथा नगद सरह | १३६,२६५,८३६।८३ | ९८,१३०,४१८।२९ |
| नगद तथा नगद समानमा विनिमय दरको उतार चढावको असर | | |
| **नगद तथा नगद सरहको अन्तिम मौज्दात** | **१३१,२३१,०३७।५९** | **१३६,२६५,८३६।८३** |

| सुकेस वैद्य<br>प्रमुख प्रवन्धक | सुर्यकुमार रंजित<br>कोषाध्यक्ष | ध्रुवेन तौजले<br>अध्यक्ष | विरेन्द्र बहादुर डंगोल<br>बि. बी. डंगोल एण्ड एसोसियट्स<br>रजिष्टर्ड अडिटर्स |
|---|---|---|---|

B. Dangol & Associates ★ Registered Auditors

# आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## बनेपा-८, काभ्रे

## अन्य वैधानिक कोषहरु

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

रकम(रु)

| विवरण | शेयर लाभांश कोष | सहकारी शिक्षा कोष | घाटापूर्ति कोष | सहकारी विकास कोष | सामुदायिक विकास कोष | सहकारी स्थिरीकरण कोष | अन्य जोखिम व्यहोर्ने कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सालको मौज्दात** | ३,०६३,७३८।०७ | १,६५०,०२६।२९ | २१७,६३६।५० | २१७,६३६।५० | ९१२,१९४।४२ | ९१२,१९४।४२ | ९१२,१९४।४२ | ७,८८५,६२०।६२ |
| नाफाबाट बाँडफाँड | २,२१७,८०७।३७ | १५८,४१४।८१ | १५८,४१४।८१ | १५८,४१४।८१ | १५८,४१४।८१ | १५८,४१४।८१ | १५८,४१४।८१ | ३,१६८,२९६।२५ |
| कोषबाट सारिएको रकम | - | - | (२१७,६३६.५०) | (२१७,६३६.५०) | | | | (४३५,२७३.००) |
| कोषबाट भुक्तानी | (२,९९३,९१२.२१) | - | - | - | - | - | - | (२,९९३,९१२.२१) |
| अन्य समायोजन | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८१ को अन्तिम मौज्दात** | **२,२८७,६३३।२३** | **१,८०८,४४१।१०** | **१५८,४१४।८१** | **१५८,४१४।८१** | **१,०७०,६०९।२३** | **१,०७०,६०९।२३** | **१,०७०,६०९।२३** | **७,६२४,७३१।६६** |
| नाफाबाट बाँडफाँड | २,६२३,८३८।३९ | १८७,४१७।०३ | १८७,४१७।०३ | १८७,४१७।०३ | १८७,४१७।०३ | १८७,४१७।०३ | १८७,४१७।०३ | ३,७४८,३४०।५६ |
| कोषमा सारिएको रकम | - | - | (१५८,४१४.८१) | (१५८,४१४.८१) | | | | (३१६,८२९.६२) |
| कोषबाट भुक्तानी | (२,२५३,३९६.००) | | - | - | - | - | - | (२,२५३,३९६.००) |
| अन्य समायोजन | - | - | - | - | - | - | - | - |
| **आषाढ २०८२ को अन्तिम मौज्दात** | **२,६५८,०७५।६३** | **१,९९५,८५८।१३** | **१८७,४१७।०३** | **१८७,४१७।०३** | **१,२५८,०२६।२६** | **१,२५८,०२६।२६** | **१,२५८,०२६।२६** | **८,८०२,८४६।५९** |

B.B. Dangol & Associates ★ Registered Auditors ★

# आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-८, काभ्रे
## इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

रकम(रु)

| विवरण | शेयर पुंजी | साधारण जगेडा कोष | संरक्षित पुंजी फिर्ता कोष | अन्य नियमनकारी कोषहरु | जम्मा |
|---|---|---|---|---|---|
| **श्रावण १, २०८० सालको मौज्दात** | ३८,१२१,२००।०० | २३,०३१,०५९।९९ | १,४६०,६४७।६४ | ७,८८५,६२०।६२ | ७०,४९८,५२८।२५ |
| NFRS बमोजिम समायोजन | - | - | - | - | - |
| **श्रावण १, २०८० सालको मौज्दात (संशोधित)** | ३८,१२१,२००।०० | २३,०३१,०५९।९९ | १,४६०,६४७।६४ | ७,८८५,६२०।६२ | ७०,४९८,५२८।२५ |
| लगानी बाट भएका नाफा/(नोक्सान) | - | | | | - |
| यस वर्षको कोष बाँडफाँड | - | १,४१७,५८२।२१ | १,०६३,१८६।६६ | ३,१६८,२९६।२५ | ५,६४९,०६५।१२ |
| यस वर्षको जगेडा कोषमा स्थानान्तरण | - | १,९१५,३३७।०३ | (१,४६०,६४७.६४) | (४३५,२७३.००) | १९,४१६।३९ |
| कोषबाट भुक्तानी | - | - | - | - | - |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार** | | | | | - |
| शेयर निष्काशन | ७९२,०००।०० | | | | ७९२,०००।०० |
| शेयर फिर्ता | (१,२५०,२००.००) | | | | (१,२५०,२००.००) |
| शेयर धनीलाइ लाभांश वितरण | - | - | - | - | - |
| शेयर धनीलाई संरक्षित पुँजी फिर्ता | - | - | - | - | - |
| नगद लाभांश वितरण | - | - | - | (२,९९३,९१२.२१) | (२,९९३,९१२.२१) |
| अन्य | - | - | - | - | - |
| **आषाढ २०८१ को अन्तिम मौज्दात** | ३७,६६३,०००।०० | २६,३६३,९७९।२३ | १,०६३,१८६।६६ | ७,६२४,७३१।६६ | ७२,७१४,८९७।५५ |

| विवरण | शेयर पुंजी | साधारण जगेडा कोष | संरक्षित पुंजी फिर्ता कोष | अन्य नियमनकारी कोषहरु | जम्मा |
|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ सालको मौज्दात** | ३७,६६३,०००।०० | २६,३६३,९७९।२३ | १,०६३,१८६।६६ | ७,६२४,७३१।६६ | ७२,७१४,८९७।५५ |
| यस वर्षको कोष बाँडफाँड | - | १,६७७,१०९।८७ | १,२५७,८३२।४० | ३,७४८,३४०।५६ | ६,६८३,२८२।८३ |
| यस वर्षको जगेडा कोषमा स्थानान्तरण | - | १,३८०,०१६।२९ | (१,०६३,१८६.६६) | (३१६,८२९.६२) | - |
| कोषबाट भुक्तानी | - | - | - | - | - |
| **इक्विटीमा देखाईएको शेयरधनी सँगको कारोबार** | | | | | - |
| शेयर निष्काशन | २३१,१००।०० | - | - | - | २३१,१००।०० |
| शेयर फिर्ता | (२११,९००.००) | - | - | - | (२११,९००.००) |
| शेयर धनीलाई लाभांश वितरण | - | - | - | | - |
| शेयर धनीलाई संरक्षित पुँजी फिर्ता | - | - | - | - | - |
| नगद लाभांश वितरण | - | - | - | (२,२५३,३९६.००) | (२,२५३,३९६.००) |
| अन्य | - | - | - | - | - |
| **आषाढ २०८२ को अन्तिम मौज्दात** | ३७,६८२,२००।०० | २९,४२१,१०५।३९ | १,२५७,८३२।४० | ८,८०२,८४६।५९ | ७७,१६३,९८४।३८ |

## आभाष बचत तथा ऋण सहकारी संस्था लिमिटेड
### बनेपा-८, काभ्रे
### लेखा टिप्पणीहरु
श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

### ४. वित्तीय स्थितीको विवरण (वासलात) को नोट

#### ४.१ नगद तथा नगद सरह

नगद वा नगद सरह भन्नाले आफूसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम र नगदमा रुपान्तरण हुने समयावधि तीन वा तीन महिना भन्दा कम समयमा परिपक्वता अवधि भएको अति तरल वित्तीय सम्पत्ति बुझिन्छ । सहकारीले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र वास्तविक मुल्य (Fair value) परिवर्तनमा नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो । वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्यमा राखिएको छ ।

| विवरण | ३२ आषाढ २०८२ सम्मको | ३१ आषाढ २०८१ सम्मको | १ श्रावण २०८० सम्मको |
|---|---|---|---|
| नगद मौज्दात | १,७०८,४५५।०० | ५५२,८२०।०० | १,८५७,१८२।०० |
| बैंक मौज्दात ( चल्ती) | १२९,५२२,५८२।५९ | १३५,७१३,०१६।८३ | ९६,२७३,२३६।२९ |
| बैंकको मुद्धती निक्षेप (परिपक्वता अवधि तीन महिना) | - | - | - |
| अन्य | - | - | - |
| **जम्मा** | **१३१,२३१,०३७।५९** | **१३६,२६५,८३६।८३** | **९८,१३०,४१८।२९** |

#### ४.२ बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

वित्तीय संस्थामा राखिएको मुद्धती निक्षेप वित्तीय सम्पत्ति हो जुन केवल साँवा र व्याजको भुक्तानी हुने अनुबन्धित (contractual) नगद प्रवाहहरू संकलन गर्ने व्यवसाय मोडेल अन्तर्गत राखिन्छ । यिनिहरुलाई पछि प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ । यदि प्रभावकारी ब्याज दर ('EIR') को परिशोधन र क्षयिकरण (Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ । त्यस्ता वित्तीय सम्पत्तिहरूको विवरण निम्नानुसार छन् ।

| विवरण | ३२ आषाढ २०८२ सम्मको | ३१ आषाढ २०८१ सम्मको | १ श्रावण २०८० सम्मको |
|---|---|---|---|
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ८०,०००,०००।०० | ६०,०००,०००।०० | ५०,०००,०००।०० |
| घटाउने: क्षयिकरणको लागि व्यवस्था | - | - | - |
| **जम्मा** | **८०,०००,०००।००** | **६०,०००,०००।००** | **५०,०००,०००।००** |

#### ४.३ सदस्यहरुलाई ऋण तथा सापटी

सहकारीले आफ्ना सदस्यहरुलाई विभिन्न कर्जा तथा सापट सुविधाहरु प्रदान गर्दै आएको छ । यी सम्पत्तिहरू केवल साँवा र व्याजको भुक्तानी हुने अनुबन्धित (Contractual) नगद प्रवाहहरू संकलन गर्ने व्यापारिक मोडेल भित्र राखिन्छ । यिनिहरुलाई पछि प्रभावकारी ब्याज दर ('EIR') विधि प्रयोग गरी परिशोधित मुल्य (Amortised Cost) मा क्षयिकरण (Impairment) घटाई मापन गरिन्छ । यदि प्रभावकारी ब्याज दर ('EIR') को परिशोधन र क्षयिकरण (Impairment) बाट नोक्सान, उत्पन्न भएमा नाफा र नोक्सानको विवरणमा जनाईन्छ ।

• सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।

• हालसम्म सक्रिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाधिएको छ।

**शुल्क र कमिशनको आम्दानी**

सेवा प्रदान गरिसकेपछि शुल्क र कमिसनहरू सामान्यतया प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

**लाभांश आम्दानी**

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ ।

**३.१० ब्याज खर्च**

निक्षेप लगायत परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई खर्च हुन साथ लेखाङ्कन गरिन्छ ।

**३.११ कर्मचारी लाभहरू**

**अल्पकालीन कर्मचारी लाभ**

सहकारी संस्थाको छोटो अवधिको कर्मचारी लाभहरूमा मुख्यतया प्रचलित कानून अन्तर्गत प्रदान गरिएको ज्याला, तलब, भत्ता, बोनस र अन्य कर्मचारी सम्बन्धित खर्चहरू समावेश छन्। छोटो अवधिको कर्मचारी लाभहरू छुट बिनाको आधारमा (undiscounted) मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गर्दा नाफा वा नोक्सानको विवरणमा देखाइन्छ ।

**पारिश्रमिक सहितका अल्पकालीन बिदाहरू**

सहकारी संस्थाले कर्मचारीहरूलाई प्रत्येक वर्ष १२ दिनको भैपरी र पर्व बिदा, ७ दिनको अनिवार्य बिदा प्रदान गर्दछ । यी बिदाहरू संचित नहुने र निहित हुँदैनन् । यसका साथै, सहकारी संस्थाले आफ्नो उपनियम अनुसार ६० दिनको प्रसूति बिदा, १५ दिनको प्रसूति स्याहार बिदा र किया बिदा प्रदान गर्दछ ।

**रोजगारी पछिका कर्मचारी लाभहरू**

**परिभाषित योगदान योजनाहरू (Defined contribution plans)**

रोजगारी पछिको लाभ योजना भनेको परिभाषित योगदान योजना हो जस अन्तर्गत सहकारीले छुट्टै संस्थालाई निश्चित योगदान तिर्दछ र भविष्यमा रकम तिर्न कुनै कानुनी वा परोक्ष दायित्व राख्दैन । संस्थाले परिभाषित योगदान योजनाहरूमा तिरेको योगदानलाई खर्चको रुपमा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गर्दछ ।

**सामाजिक सुरक्षा कोष योगदान**

सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरि जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन ।

**परिभाषित लाभ योजनाहरू (Defined benefit plans)**

परिभाषित लाभ योजना भनेको परिभाषित योगदान योजना बाहेक रोजगारी पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा सहकारी संस्थाको खुद दायित्व प्रत्येक योजनाको लागि कर्मचारीहरूले हाल र अघिल्लो अवधिमा आफ्नो सेवाको बदलामा कमाएको भविष्यको लाभको रकम अनुमान गरेर छुट्टाछुट्टै गणना गरिन्छ । त्यो लाभलाई यसको वर्तमान मूल्यमा निर्धारण गरिन्छ

B.B Dangol & Associates Registered Auditors

। कुनै पनि विगतको पहिचान नगरिएको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । वर्तमान मुल्यमा गणना गर्नको लागि छुट दर (discounting rate)को प्रयोग गरिन्छ र छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारी संस्थाको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् र उक्त व्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ । परिभाषित लाभ दायित्वलाई प्रक्षेपित एकाइ क्रेडिट (projected unit credit विधि प्रयोग गरेर योग्य बीमाङ्कीयको रिपोर्टको आधारमा पहिचान गरिन्छ । सहकारी संस्थाले Other Comprehensive Income (OCI) मा तुरुन्तै परिभाषित लाभ योजनाहरूबाट उत्पन्न हुने सबै बीमांकीय लाभ र नोक्सानलाई पहिचान गर्दछ र सम्बन्धित सबै खर्चहरू नाफा र नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ । जब गणनाले समूहको लागि सम्भावित सम्पत्तिमा परिणाम दिन्छ,पहिचान गरिएका सम्पत्तिहरू योजनाबाट भविष्यमा हुने कुनै पनि फिर्ता वा योजनामा भविष्यमा हुने योगदानमा कटौतीको रूपमा उपलब्ध आर्थिक लाभहरूको वर्तमान मूल्यमा सीमित हुन्छन् । आर्थिक लाभहरूको वर्तमान मूल्य गणना गर्दा लागू हुने न्यूनतम लगानी आवश्यकताहरूलाई विचार गरिन्छ ।

**अन्य दीर्घकालीन कर्मचारी लाभहरू**

अन्य दीर्घकालीन कर्मचारी लाभहरू भनेको छोटो अवधि, सेवानिवृत्ति पछि वा समाप्ति लाभको रूपमा वर्गीकृत गरिएका बाहेक कर्मचारी लाभहरू हुन्। यस्ता लाभहरूको सम्बन्धमा सहकारीले खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गर्दछ । चालू र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त हुने भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई वर्तमान मूल्यमा निर्धारण गरिन्छ । कुनै पनि पहिचान नगरिएको विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरूसँग लगभग नजिक हुन्छन् र उक्त व्याज परिभाषित लाभ योजना भुक्तानी हुने मुद्रामा मूल्याङ्कन गरिन्छ । प्रक्षेपित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ । सहकारीले नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुन: मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गर्दछ ।

**३.१२ शेयर पूँजी र कोषहरु**

**शेयर पूँजी** नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ ।

इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोहि अवधिमा इक्विटीमा पहिचान गरिन्छ।

**वैधानिक कोषहरू**

यस कोषमा कानूनद्वारा कायम रकम समावेश हुन्छ ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ ।

**संरक्षित पूँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको २५% संरक्षित पूँजी फिर्ता कोषमा स्थानान्तरण गरिएको छ ।

B.B. Dangol & Associates
Registered Auditors

**सहकारी प्रवर्द्धन कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार; साधारण जगेडा कोषमा विनियोजन पछि बाँकी खुद नाफाको ०.५% सहकारी प्रवर्द्धन कोषमा स्थानान्तरण गरिएको छ । यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ ।

**अन्य कोषहरू**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को व्यवस्था अनुसार, संस्थाको कानून, नियमावली र उपनियम बमोजिम सञ्चालक समितिको निर्णय अनुसार साधारण जगेडा कोष, संरक्षण पूँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा विनियोजन पछि बाँकी नाफाको रकम देहाय बमोजिम विनियोजन गरिएको छ ।

| विवरण | बाँडफाड |
|---|---|
| शेयर लाभाशं कोष | ७० % |
| सहकारी विकास कोष | ५ % |
| सहकारी शिक्षा कोष | ५ % |
| घाटा पुर्ति कोष | ५ % |
| सामुदायिक विकास कोष | ५ % |
| स्थिरीकरण कोष | ५ % |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ % |
| **जम्मा** | **१०० %** |

**३.१३ प्रति शेयर आम्दानी (EPS)**

सहकारी संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत (BEPS) र diluted प्रति शेयर आम्दानी (DEPS) तथ्याङ्क प्रस्तुत गर्दछ । आधारभूत EPS सहकारीको साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सानलाई अवधिभर बाँकी रहेको साधारण शेयरको भारित औसत संख्याले भाग गरेर गणना गरिन्छ । Diluted EPS सबै सम्भावित dilutive साधारण शेयरहरूको प्रभावको लागि साधारण इक्विटी होल्डरहरूलाई हुने नाफा र नोक्सान र बाँकी रहेको साधारण शेयरको भारित औसत संख्या दुवै समायोजन गरेर निर्धारण गरिन्छ ।

**५. खुलासा र थप जानकारी**

**५.१ जोखिम व्यवस्थापन**

सहकारी संस्थाको व्यवसायीक कियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरि उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समितिः**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले

B.B Dangol & Associates Registered Auditors

व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ। समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ। लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन्

| स.न. | नाम | पद |
|---|---|---|
| १ | बिकाश बैद्य | संयोजक |
| २ | हिरामणि शर्मा | सदस्य |
| ३ | सरोज काजी पलाञ्चोके | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उद्यम स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ। सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरि स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ। सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ। सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता संचालक समिति, यस अन्तर्गतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो। यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ। सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणामस्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ। भुक्तानीको लागी तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन्। तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन्। त्यसैले, सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो। सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिएको छ।

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो। कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो। ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ। त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ। लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण

B.B Dangol & Associates Registered Auditors

मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले, सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागी देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना ग्राहकहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- ग्राहकले छोड्ने/रहने दर

B.B Dangol & Associates Registered Auditors

**संस्थागत वा रणनीतिक जोखिम**

सहकारी संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्राय: एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो। यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ:

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,
- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागू हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ। सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा स्वतन्त्रता कायम राख्न संस्थाले चार्टर्ड एकाउन्टेन्ट्स फर्मलाई आन्तरिक लेखा परीक्षकको रूपमा नियुक्त गरेको छ । आन्तरिक लेखा परीषण विभागले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभत्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ। जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ। आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ ।

**५.२ वित्तीय सम्पत्ति र दायित्वहरूको उचित मूल्य**

उचित मूल्य भनेको बजार-आधारित मापन हो, कुनै संस्था-विशिष्ट मापन होइन । केही सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन वा बजार जानकारी उपलब्ध हुन सक्छ । अन्य सम्पत्ति र दायित्वहरूको लागि, अवलोकनयोग्य बजार लेनदेन र बजार जानकारी उपलब्ध नहुन सक्छ । यद्यपि, दुवै अवस्थामा उचित मूल्य मापनको उद्देश्य एउटै हो - वर्तमान बजार अवस्थाहरू अन्तर्गत मापन मितिमा बजार सहभागीहरू बीच सम्पत्ति बेच्न वा दायित्व हस्तान्तरण गर्न व्यवस्थित लेनदेन हुने मूल्य अनुमान गर्नु हो । (अर्थात्, सम्पत्ति धारण गर्ने वा दायित्व तिर्नुपर्ने बजार सहभागीको दृष्टिकोणबाट मापन मितिमा निकास मूल्य) ।

B.B Dangol & Associates ★ Registered Auditors ★

तलको पदानुक्रम अनुसार उचित मूल्यहरू निर्धारण गरिन्छ:

**स्तर १-**

स्तर १ इनपुटहरू सक्रिय बजारहरूमा सूचिकृत मूल्यहरू (समायोजित नगरिएका) हुन् जुन समान सम्पत्ति वा दायित्वहरूको लागि मापन मितिमा संस्थाले पहुँच गर्न सक्छ । व्यापारको लागि राखिएको र बिक्रीको लागि उपलब्ध लगानीहरू स्तर १ इनपुटहरू प्रयोग गरेर रेकर्ड गरिएको छ ।

**स्तर २-**

स्तर २ इनपुटहरू स्तर १ भित्र समावेश गरिएका सूचिकृत मूल्यहरू बाहेकका इनपुटहरू हुन् जुन सम्पत्ति वा दायित्वको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अवलोकन गर्न सकिन्छ ।

स्तर ३ इनपुटहरू सम्पत्ति वा दायित्वको लागि अवलोकन गर्न नसकिने इनपुटहरू हुन् ।

**५.३ सम्बन्धित पक्षको खुलासा**
**संचालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

सञ्चालक समितिका सदस्यहरू, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई संस्थाको सम्बद्ध पक्षको रूपमा पहिचान गरिएको छ ।

नेपाल लेखामान (NAS २४) अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ :

| क.स.. | नाम | पद | नियुक्तिको मिति | अवकाश मिति |
|---|---|---|---|---|
| १ | ग्रवेन तौजले | अध्यक्ष | २०८१/६/५ | |
| २ | प्रकाश कायष्ठ | उपाध्यक्ष | २०८१/६/५ | |
| ३ | धर्मभक्त प्रधान | सचिव | २०८१/६/५ | |
| ४ | सुर्यकुमार रंजित | कोषाध्यक्ष | २०८१/६/५ | |
| ५ | त्रिरत्न रंजितकार | सदस्य | २०८१/६/५ | |
| ६ | कृष्ण भक्त मुनंकर्मी | सदस्य | २०८१/६/५ | |
| ७ | सुरेन्द्र काजी मानन्धर | सदस्य | २०८१/६/५ | |
| ८ | सुन्दर काजी मानन्धर | सदस्य | २०८१/६/५ | |
| ९ | राजन कायस्थ | सदस्य | २०८१/६/५ | |
| १० | निर्मला दुवाल श्रेष्ठ | सदस्य | २०८१/६/५ | |
| ११ | शुभराज जोशी | सदस्य | २०८१/६/५ | |
| १२ | विकास बैद्य | ले.सु.स.संयोजक | २०८१/६/५ | |
| १३ | हिरामणी शर्मा तिमल्सिना | ले.सु.स. सदस्य | २०८१/६/५ | |
| १४ | सरोज काजी पलाञ्चोके | ले.सु.स.सदस्य | २०८१/६/५ | |
| १५ | सुवास बैद्य | प्रमुख प्रवन्धक | २०८२/१/९ | २०८२/१/८ |

**संचालकहरु र प्रमुख कार्यकारी अधिकृत कर्मचारीहरूसँगको कारोबार र भुक्तानी**
सञ्चालक समितिको भत्ता र सुविधा

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | रु २,३५३/- | रु २,३५३/- |
| सञ्चार र इन्धन सुविधाहरू | प्रति व्यक्ति रु १,१७७/- (अध्यक्ष र ऋण संयोजकलाई मात्र) | प्रति व्यक्ति रु १,१७७/- (अध्यक्ष र ऋण संयोजकलाई मात्र) |
| दुर्घटना बीमा प्रिमियम (बीमा गरिएको रकम: | छैन | छैन |
| जीवन बीमा प्रिमियम (१० वर्षे जीवन बीमा) | छैन | छैन |
| **कुल** | | |

B.B Dangol & Associates Registered Auditors

प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधाहरू

| विवरण | चालु वर्ष | गत वर्ष |
|---|---|---|
| आधारभूत तलब | रु ३७,२००/- | रु ३०,०००/- |
| ग्रेड | रु ९,९२०/- | रु ७,०००/- |
| भत्ताहरू | रु १७,११२/- | रु १३,८००/- |
| सञ्चय कोष र सामाजिक सुरक्षा कोष योगदान | रु ९,४२४/- | रु ७,४००/- |
| चाँडपर्व खर्च | रु ४७,१२०/- | रु ३७,०००/- |
| उपचार खर्च | छैन | छैन |
| संचित बिदा भुक्तानीहरू | रु १८,५८७/- | रु १२,७७१/- |
| पोशाक भत्ता | रु ६,०००/- | छैन |
| जीवन बीमा प्रिमियम | छैन | छैन |
| सवारी साधन सुविधा | छैन तर मासिक इन्धन ५० लिटर | छैन तर मासिक इन्धन ५० लिटर |
| आवास सुविधा | छैन | छैन |
| कुल | | |
| ऋण, पेश्की र अन्य प्राप्तयोग्य/भुक्तानीयोग्य रकमहरू | रु ५,१५,३१४/- | रु ७,४१,७०३/- |

माथिका अतिरिक्त बाहेक, सहकारीले सहकारीको वित्तीय नीति अनुसार भ्रमण भत्ता जस्ता अन्य सुविधाहरू पनि प्रदान गर्दछ।

**५.५ मर्जर र प्राप्ति**

सहकारी संस्थाले मर्जर वा प्राप्तिको लागि कुनै सम्झौता गरेको छैन।

**५.६ गैर-समावेशित संस्थाहरूको थप खुलासा**

सहकारी संस्थाको कुनै सहायक र सहयोगी कम्पनीहरू छैनन्। त्यसैले, थप खुलासा आवश्यक छैन।

**५.७ रिपोर्टिङ मिति पछिका घटनाहरू**

NAS १० "रिपोर्टिङ अवधि पछि हुने घटनाहरू" अनुसार समायोजन आवश्यक पर्ने कुनै पनि घटनाहरू रिपोर्टिङ अवधि पछि घटेका छैनन्।

B.B Dangol & Associates Registered Auditors

# आभाष बचत तथा ऋण सहकारी संस्था लि.

## बनेपा ८, काभ्रे

## PEARLS Monitoring Analysis

### आर्थिक वर्ष ०८१/०८२

| | **PEARLS Ratio** (पर्ल्स अनुपात) | **GOALS** | **Result** |
|---|---|---|---|
| **P** | **PROTECTION (सुरक्षण)** | | |
| P1 | Allowance for Loan Losses / Delinq. >12 Months<br>(ऋण घाटाको लागी व्यवस्था / १ वर्ष भन्दा बढि भाखा नाघेको) | १००% | १००% |
| P2 | Net Allowance for Loan Losses / Delinq. 1-12 Month<br>(ऋण घाटाको लागी व्यवस्था / १ वर्ष भन्दा कम भाखा नाघेको) | ३५% | ० |
| | Net Allowance for Loan Losses / Good Loan<br>(ऋण घाटाको लागी व्यवस्था / असल ऋण) | १% | १% |
| **E** | **EFFECTIVE FINANCIAL STRUCTURE (प्रभावकारी वित्तिय संरचना)** | | |
| E1 | Net Loans / Total Assets (लगानीमा रहेको ऋण/कूल सम्पत्ति) | ७०%–८०% | ७१.५१% |
| E5 | Savings Deposits / Total Assets (बचत/कूल सम्पत्ति) | ७०%–८०% | ८८.९१% |
| E6 | External Credit / Total Assets (बाह्य ऋण/कूल सम्पत्ति) | बढिमा ५% | १.५३% |
| E7 | Member Share Capital / Total Assets (शेयर पूँजी/कूल सम्पत्ति) | १०%–२०% | ४.०५% |
| E8 | Institutional Capital / Total Assets (संस्थागत पूँजी/कूल सम्पत्ति) | न्यूनतम १०% | ३.१६% |
| **A** | **ASSET QUALITY (सम्पत्तिको गुणस्तर)** | | |
| A1 | Total Delinquency / Total Loan Portfolio<br>(भाखा नाघेको ऋण/कूल लगानीमा रहेको ऋण) | ५% भन्दा कम | ४.८९% |
| A2 | Non-Earning Assets / Total Assets<br>(आय आर्जन नगर्ने सम्पत्ति/कूल सम्पत्ति) | ५% भन्दा कम | ४.९१% |
| **R** | **RATES OF RETURN AND COST (लगानीमा प्रतिफल तथा लागत)** | | |
| R9 | Operating Expenses / Average Assets (संचालन खर्च/औषत सम्पत्ति) | ५% | २.१८% |
| R12 | Net Income / Average Assets (शद्ध बचत/औषत सम्पत्ति) | १०% | ०.७६% |
| **L** | **Liquidity (तरलता)** | | |
| L2 | Liquidity Assets / Total Savings Deposits<br>(तरल सम्पत्ति/जम्मा बचत) | १०%–२०% | २४.५५% |
| **S** | **SIGNS OF GROWTH (बृद्धिको संकेत)** | | |
| S10 | Growth in Membership (सदस्यता बृद्धि) | १२% भन्दा बढि | २.३०% |
| S11 | Growth in total Assets (कूल सम्पत्तिको बृद्धि) | मुद्रास्फिति भन्दा बढि | १०.५०% |

सुवास वैद्य
प्रमुख प्रवन्धक

सुर्यकुमार रंजित
कोषाध्यक्ष

ग्रुवेन तौजले
अध्यक्ष

विरेन्द्र बहादुर डंगोल
नि. बी. बी. डंगोल एण्ड एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

B.B Dangol & Associates Registered Auditors

# लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन

यस आभाष बचत तथा ऋण सहकारी संस्थाको आ. व. २०८१/८२ को लेखा सुपरीवेक्षण समितीको प्रतिवेदन पेश गर्न गईरहेको छौं । लेखा सुपरीवेक्षण समितीले आ. व. २०८१/८२ को अवधिमा संस्थाले गरेका सम्पूर्ण आर्थिक कारोबारहरूको नियमित निरीक्षण, परीक्षण तथा अनुगमन गरि आर्थिक कारोबारहरूलाई अद्यावधिक तथा पारदर्शी बनाउने कार्य गरेको जानकारी यस सभामा गराउन चाहन्छु । उक्त अवधिमा यस समितीको नियमित बैठक बसेको तथा पटक पटक आकस्मीक रूपमा निरिक्षण तथा अनुगमन गरेको विषयलाई अवगत गराउन चाहन्छु । अनुगमनको शिलशिलामा संस्थाको आम्दानी र खर्च नियम अनुसार भए नभएको, निक्षेप संकलन लक्ष्य अनुसार भए नभएको, संस्थाको नियम अनुसार ऋण लगानी भए नभएको, ऋण असुलीको स्थिती, चालु सम्पत्ति तथा दायित्वको स्थिती, कोष तथा तरलताको स्थिती आदिको आन्तरीक लेखापरीक्षण गरि अध्ययन गरिएको व्यहोरा सम्पूर्ण सदस्यहरू समक्ष जानकारी गराउन चाहन्छु । यस समितीले ऋण लगानीको प्रक्रिया सम्बन्धमा अध्ययन गर्दा संस्थाले ऋण लगानी आफ्नो ऋण नीतिमा उल्लेख रहेको प्रक्रिया अनुरूप गर्ने गरेको र सोही प्रकृया अनुसार ऋण लगानी गर्दा पर्याप्त सुरक्षण वा धितो लिने गरेको पाईएको छ ।

संस्थाले आफ्नो कारोवारहरूको अभिलेख कम्प्युटर सफ्टवेयरमा राख्ने गरेको छ । सहकारी सिद्धान्त अनुसार संस्थाको वित्तिय व्यवस्थापन तथा वित्तिय स्थितीको मूल्यांकन गर्नको लागि PEARLS प्रणालीमा उल्लेखित सुचकांकहरूको आधारमा अनुगमन गरिएको छ । सोहि अनुगमन र अन्य वित्तिय सुचकांकहरूको आधारमा संस्थाको कारोवारहरूको संचालन एवं विस्तार गर्नको लागि समय समयमा संचालक समितीलाई आवश्यक सल्लाह तथा सुझाव तथा निर्देशनहरू यस समितीले दिन्दै आएको छ । साथै संस्थाले लगानी गरेको ऋणको स्थिती र ऋण असुलीको प्रकृया बारे अध्ययन तथा अनुगमन गरि ऋण उपसमितीलाई ऋण तथा व्याज असुलीको लागि समय समयमा आवश्यक सल्लाह तथा सुझाव यस समितीले दिन्दै आएको छ ।

संस्थाको कारोवार विगत चौध वर्षमा निकै विस्तार भएको र यस विस्तारको क्रम निरन्तर जारी रहेको परिप्रेक्ष्यमा संस्थाले आफु संग विद्यमान रहेको साधन र स्रोतको अधिकतम परिचालन गर्दै सदस्यहरूलाई अधिकतम सेवा तथा सुविधा दिने उद्देश्य राखि संस्थाले आफ्नो आर्थिक कारोवार सशक्त रूपमा विस्तार गर्नको लागि संचालक समितीलाई समय समयमा यस समितीले सुझाव दिंदै आएको छ । आ.व. २०८१/८२ को अवधिमा संस्थाको लेखा चुस्त दुरूस्त राख्नका लागि यस समितिबाट आन्तरिक लेखापरिक्षण तथा अनुगमन र सुपरिवेक्षण गरि तयार पारिएको लेखा सुपरिवेक्षण समितिको संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्न चहान्छु ।

**१. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था :**

साधारण सभाबाट पारित गरेका निर्णयहरू कार्यान्वयन भएको ।

**२. आ.व. २०८०/८१ मा बसेको बैठक संख्या निर्णयहरू र निर्णयहरूको कार्यान्वयनको अवस्था**

आ. व. २०८०/८१ मा निम्न बमोजिम समिति, उप-समितिहरूको बैठक बसेको थियो ।

- संचालक समिति १२ पटक

- लेखा सुपरिवेक्षण समिति २ पटक
- ऋण उप-समिति ७ पटक
- शिक्षा तथा सामाजिक क्रियाकलाप उपसमिति ४ पटक
- महिला उपसमिति ० पटक
- पदपूर्ति उपसमिति ४ पटक
- कार्यक्रम तथा बजेट मस्यौदा उपसमिति २ पटक
- धितो लिलाम उपसमिति ३ पटक
- कार्यविधि पुनरावलोकन उपसमिति १ पटक
- निर्वाचन उपसमिति ३ पटक
- पनौती सेवाकेन्द्र व्यवस्थापन उपसमिति ४ पटक
- भकुण्डे सेवाकेन्द्र व्यवस्थापन उपसमिति २ पटक

सम्पूर्ण समिती तथा उपसमितिहरूको बैठकमा भएका सम्पूर्ण निर्णयहरू कार्यान्वयन भएको पाइयो ।

**३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :**

संस्थाले ऋण लगानी गर्दा ऋण व्यवस्थापन नीतिमा उल्लेख रहेको प्रक्रिया अनुरूप गर्ने गरेको र सोही नीतिमा उल्लेख भए अनुसार ऋण लगानीको लागि पर्याप्त सुरक्षण वा धितो लिने गरेको पाइयो ।

**४. नियमन निकायबाट जारी गरिएका नीति नियमहरूको पालना सम्बन्धी संक्षिप्त विवरण :**

नीति तथा निर्देशिका आदिको पालना नियमानुसार पालना गरेको पाइयो । केही विषयहरूमा अझ पनि सुधार गर्नुपर्ने भएको र सुधार गर्नुपर्ने विषयहरू त्रमसः सुधार गर्दै गइरहेको पाइयो ।

**५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू :**

सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू जाँच गर्दा मिति २०६८/१२/०५ गते र मिति २०७३/०६/१४ गते सहकारी विभाग बाट संस्थाको व्यवस्थापकीय, आर्थिक लगायत समग्र विषयमा स्थलगत निरिक्षण गरि केही विषयहरूमा आवश्यक सुधार गर्न सुझावहरू दिएको थियो । उक्त सुझाव अनुसार सम्पूर्ण विषयहरूमा आवश्यक सुधार गरिसकेको पाइयो । २०७३ मा भएको विभागिय अनुगमनको मिति २०७४ पौष ३० र २०७४ चैत्र २६ गते कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालयबाट पुनः अनुगमन भएको र संस्थाले प्राप्त गरेको निर्देशन संस्थाले पूर्ण रूपमा पालना गर्दै आएको पाईयो । आर्थिक वर्ष २०७८/७९ को मिति २०७९ बैशाख २० गते संघिय सहकारी विभागबाट संस्थाको स्थलगत सघन अनुगमन भएको । सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम, नीति नियमहरूमा उल्लेख भएका

विषयहरू सोही अनुसार तथा उल्लेख नभएका विषयमा सम्बन्धित निकायको स्वीकृती लिएर कार्य गर्दै आएको ।

**६. व्यवस्थापन प्रमुख तथा पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण :**

६.१ संस्थाका कुनै पनि समिति तथा उपसमितिका पदाधिकारी तथा सदस्यज्यूहरूले पारिश्रमिक लिने नगरेको ।

६.२ बैठक भत्ता सम्बन्धमा सम्पूर्ण समिति तथा उपसमितिहरूले प्रति बैठक भत्ता रू. २,३५३।- मा कर कट्टी गरि लिने गरेको ।

६.३ अध्यक्ष र ऋण उपसमिति संयोजकलाई प्रति महिना प्रति व्यक्ति रू १,१७७।- मा कर कट्टी गरि संचार खर्च सुविधा प्रदान गरिएको ।

६.४ कुनै पनि समिति तथा उपसमितिका पदाधिकारि तथा सदस्यज्यूहरूले अन्य आर्थिक सुविधाहरू लिएको पाइएन ।

६.५ व्यवस्थापन प्रमुखको रूपमा प्रमुख प्रवन्धक रहेको र प्रमुख प्रवन्धकले मासिक आधारभूत पारिश्रमिक रू ३७,२००÷–, ग्रेड वापत रू ९९२०÷–, भत्ता रू १७,११२÷– र सा.सु.कोष रू ९,४२४÷– गरि कुल तलब मासिक रू ७३,६५६।०० र चाँडपर्व खर्च वापत रू ४७,१२०/-, विदा सुविधा वापत रू १८,५८७/-, पोसाक भत्ता वापत रू ६,०००/- र मासिक ५० लिटर इन्धन सुविधा प्रदान गरिएको पाइयो । उक्त आर्थिक सुविधा साधारण सभाबाट स्वीकृत गरेको छ ।

६.६ माथि उल्लेख गरिएको सम्पूर्ण आर्थिक सुविधाहरू साधारण सभाबाट स्वीकृत गरि उपभोग गरेको पाइयो ।

**७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :**

१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भएको

२ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण : व्यवस्थापन प्रमुखको शिक्षा व्यवस्थापन संकायमा स्नातक र हाल स्नातकोत्तर अध्ययनरत रहेको र कार्यालय, कर्मचारी तथा कार्यसम्पादन व्यवस्थापनमा योग्य र क्षमतावान रहेको र व्यवस्थापन प्रमुखले आफ्नो क्षमता र योग्यता संस्था र सदस्यहरूको हितको लागि पूर्ण रूपमा उपयोग गरेको । नयाँ प्रविधि अद्यावधिक हुँदै नयाँ योजनाहरूका साथ संस्थाको निर्णयहरूको कार्यसम्पादनमा सक्षम रहनु भएको ।

३ कर्मचारीहरूको भर्ना प्रक्रिया र संख्या :
कर्मचारी भर्ना प्रक्रिया संस्थाको कर्मचारी व्यवस्थापन नीति अनुसार कार्यान्वयन भएको ।

| | | |
|---|---|---|
| १ | करार | : ६ जना |
| २ | नियमित | : १५ जना |

**८. लेखा समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :**

लेखा समितिले समय समयमा आन्तरिक अनुगमन तथा निरिक्षण गरी आवश्यक सुधार गर्न व्यवस्थापन, संचालक तथा अन्य उपसमितिहरूलाई सुझाव तथा निर्देशन दिने गरेको । यस समितिले दिएका धेरै सुझावहरू कार्यान्वयन गरेको पाईयो र कार्यान्वयन हुन बाँकी विषयहरूमा संचालक समिति तथा उपसमितिहरूले कार्यान्वयनको लागि निर्णय गरेको छ ।

## ९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरू :

९.१ सदस्यको सुरक्षाको लागि आभाष सदस्य सुरक्षा कार्यक्रम लागु गरिएको छ ।

९.२ सदस्यहरूको नियमित बचत गर्ने बानीको विकास गर्न आभाष अनिवार्य बचत कार्यक्रम लागु गरि सहकारीको भावना अनुसार सदस्यहरूलाई मासिक बचत गर्न अभिप्रेरित गरिएको छ ।

९.३ महिला सशक्तिकरणका लागि संस्थाले महिलाहरूको समुह गठन कार्यक्रमलाई निरन्तरता दिएको पाइयो ।

९.४ ऋण असुलिमा समिति तथा ऋण व्यवस्थापन उपसमितिद्वारा तदारूकता देखाएको छ ।

९.५ खराब ऋणहरूको यथा सक्य ऋण जोखिम कोषको व्यवस्था गरिएको छ ।

९.६ सदस्यहरूको जानकारीको लागि संस्थामा सदस्यता, बचत तथा ऋण र संस्थाले प्रदान गर्ने अन्य सुविधाको सम्पूर्ण जानकारी सहितको सदस्य बडा पत्र राखिएको छ ।

९.७ संस्थाले नौलो कार्यक्रम छोरी अभियानलाई निरन्तरता दिएको छ ।

९.८ नेपाल सरकारले कर्मचारीहरूको लागि व्यवस्था गरेको सामाजिक सुरक्षा कोषमा संस्था आवद्ध भई सकेको छ ।

९.९ KYM फारम अध्यावधिक गर्ने सम्बन्धमा कुल सदस्य संख्याको ७७.४० प्रतिशत भन्दा धेरै सदस्यहरूको फारम अध्यावधिक भइसकेको छ ।

९.१० COPOMIS मा संस्था आवद्ध रहेको र सदस्यता विवरण र आर्थिक कारोवारको विवरण अद्यावधिक गरिएको छ ।

## १०. लेखा समितिको सुझावहरू :

१०.१ संस्थाले संस्थागत पुँजी मापदण्ड अनुसार कायम गर्नको निमित्त जगेडा कोषमा रकम बृद्धि गर्न विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

१०.२ बचत बृद्धिको लागि आवश्यक पहल गर्नुपर्ने । बचत बृद्धि सम्बन्धि योजना बनाउने तथा ब्याजदर अध्ययन तथा समायोजन गर्ने अधिकार व्यवस्थापन प्रमुखलाई प्रत्यायोजन गरिएको र बजारमा अत्याधिक तरलताले उत्पन्न गरेको प्रतिकुल अवस्था भएता पनि आर्थिक विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को तुलनामा आर्थिक वर्ष २०८१।८२ मा बचत तथा ऋण लगानीको बृद्धिदर र समग्र संस्थाको कारोवारको बृद्धिदर सन्तोषजनक भएको तर यस आर्थिक वर्षमा बजारमा तरलता अत्याधिक भएको असर पुरै वर्षभरी रहने अनुमान भएको र अत्याधिक तरलता भएता पनि अर्थतन्त्र चलायमान हनुनसकेको अवस्था भएको हुनाले व्यवस्थापन तथा संचालक समितिले यस विषयमा गम्भिर भएर संस्थको कारोवार बृद्धिको लागि ठोस रणनीति तयार गर्नुपर्ने देखिन्छ ।

१०.३ यस वर्ष पनि बजारको अवस्था बमोजिम ऋणको माग न्यून रहने सम्भावना भएको हुनाले यसले गर्दा संस्थाको समग्र कारोवार, आय तथा कोषमा नकारात्मक असर पर्ने भएकोले यस आर्थिक वर्षमा ऋण व्यवस्थापन उपसमितिले लगानी बृद्धिको लागि कम्तिमा पनि महिनाको एक पटक बैठक बसि ऋण लगानी बृद्धि तथा ऋण असुलीको लागि ठोस रणनीति तयार गर्नुपर्ने देखिन्छ ।

१०.४ ऋण जोखिमकोषको पर्याप्त व्यवस्था गर्न नसकेको हुनाले आगामी दिनमा ऋण जोखिम कोषको पर्याप्तता सुनिस्चित गर्नको निमित्त संचालक समितिले ठोस रणनीति तयार गर्नुपर्ने र पुँजी पर्याप्ताको पनि सुनिस्चितता कायम गर्नुपर्ने ।

१०.५ उपसमितिहरूको काम, कर्तव्य र अधिकार निश्चित गरि वार्षिक कार्ययोजना तयार गरि कार्य सम्पादन गर्नुपर्ने देखिन्छ ।

१०.६ कार्यक्षेत्र विस्तार भए अनुसार दुईवटा नगरपालिकामा सेवा केन्द्र संचालन गरिएको तर पनि अन्य क्षेत्रमा सेवा विस्तार नभएकोले सो मा आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

१०.७ समिति, उपसमिति तथा कर्मचारीहरूको बृत्ति विकासकालागि समय सापेक्ष आधुनिक तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१०.८ संस्था सामाजिक सुरक्षा कोषमा दर्ता भएको र कर्मचारीहरू पनि दर्ता भइसकेको तर केही कर्मचारीहरू कोषमा दर्ता हुन बाँकी भएको हुनाले सम्पूर्ण कर्मचारीहरूको दर्ता गराउनु पर्ने देखिन्छ ।

१०.९ सदस्यहरूको गुनासो तथा सुझाव संकलनकालगि सुझाव पेटिका राख्नु पर्ने देखिन्छ ।

१०.१० सेवाकेन्द्रहरू प्रभावकारी रूपमा संचालन गर्नको निमित्त सेवाकेन्द्र व्यवस्थापन उपसमिति गठन भएता पनि उक्त उपसमितिले तदारूकताका साथ कार्य गर्नुपर्ने देखिन्छ ।

कनैुपनि संस्था प्रभावकारी रूपमा संचालन एवं सफलताको लागि संस्थागत सुशासन, वित्तिय अनुसासन, प्रभावकारी अन्तरिक नियन्त्रण प्रणाली एवं पारदर्शिताको आवश्यकता हुन्छ । त्यसैले यस समितिले उल्लेखित सबै विषयहरूमा सदैव ध्यान दिई सोही अनुरूप कार्य गर्न गराउन समिति तथा उपसमितिहरूलाई आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने गरेको र शेयर सदस्यहरूको विस्वास एवं संस्थाको विकासलाई निरन्तर कायम गर्नको लागि सधैं तत्परताका साथ लागि रहने यहाँहरू समक्ष विस्वास दिलाउन चाहन्छु ।

**जय आभाष । जय सहकारी ।**

लेखा सुपरिवेक्ष समिति संयोजक : बिकास बैद्य

लेखा सुपरिवेक्ष समिति सदस्य : हिरामणि शर्मा तिमल्सिना

लेखा सुपरिवेक्ष समिति सदस्य : सरोज काजी पलाञ्चोके

# आभाष बचत तथा ऋण सहकारी संस्था लि.

**बनेपा ८, काभ्रे**

**आर्थिक वर्ष २०८२।८३ को बजेट मस्यौदा**

| विवरण | oyfy{cf= j= @)*!.*@ | nlo cf= j= @)*@.*# |
|---|---|---|
| **पुँजी तथा दायित्व :** | | |
| शेयर पुँजी | ३७,६८२,२००।०० | ३७,८८२,२००।०० |
| निक्षेप | ८२७,६७३,७४६।२४ | ८८९,४०७,४४२।०१ |
| बाह्य ऋण | १४,२०५,५३९।८४ | ८,०००,००३।८४ |
| जगेडा कोष | २९,४२१,१०५।३९ | ३१,००७,०४४।८८ |
| अन्य कोष हिसाब | १०,०६०,६७९।०० | १४,३०१,५७७।२० |
| अन्य दायित्व | ११,९०५,३६१।३६ | १०,८४४,०१३।११ |
| **कुल पुँजी तथा दायित्व** | **९३०,९४८,६३१।८३** | **९९१,४४२,२८१।०४** |

| विवरण | oyfy{cf= j= @)*!.*@ | nlo cf= j= @)*@.*# |
|---|---|---|
| **सम्पत्ति :** | | |
| नगद मौज्दात | १,७०८,४५५।०० | १,६३६,४७०।०० |
| बैंक मौज्दात | १२९,५२२,५८२।५९ | १७५,३९५,३५६।१२ |
| बैंक मुद्दती लगानी | ८०,०००,०००।०० | ६०,०००,०००।०० |
| ऋण लगानी | ६६५,७०२,१९२।८१ | ७३१,९९२,९७२।०० |
| स्थीर सम्पत्ति | १,२०६,४०१।२४ | १,२८६,१८०।९२ |
| लगानी | १०,०१३,५००।०० | १०,०१३,५००।०० |
| अन्य सम्पत्ति | ४२,७९५,५००।१८ | ११,११७,८०२।०० |
| **कुल सम्पत्ति** | **९३०,९४८,६३१।८३** | **९९१,४४२,२८१।०४** |

| आम्दानी तथा खर्च | oyfy{cf= j= @)*!.*@ | nlo cf= j= @)*@.*# |
|---|---|---|
| **आम्दानी** | | |
| बैंक तथा जिल्ला बचत सहकारी ब्याज आम्दानी | ८,००७,९६७।२० | ५,७८६,८८४।५४ |
| ऋण ब्याज आम्दानी | ९८,५३४,८९२।०० | ९४,६०५,७४२।७१ |
| अन्य आम्दानी | २,२३६,५६०।६८ | १,८५३,४१४।४१ |
| **कुल आम्दानी** | **१०८,७७९,४१९।८८** | **१०२,२४६,०४१।६६** |

| आम्दानी तथा खर्च | oyfy{cf= j= @)*!.*@ | nlo cf= j= @)*@.*# |
|---|---|---|
| **खर्च** | | |
| बचत व्याज खर्च | ७९,६९५,०७९।३२ | ७१,४०५,५४७।२९ |
| वाह्य ऋण व्याज खर्च | २,२१३,५३१।३६ | ९४९,२४९।४६ |
| प्रशासनिक खर्च | ७,७२२,३९९।३५ | ९,७०९,५३४।९४ |
| कर्मचारी खर्च | ८,२९५,२३६।८३ | ९,६८९,८९७।४४ |
| ह्रास कट्टी | ३५३,७५७।०८ | ४२८,७२६।९७ |
| जोखिम बेहोर्ने कोष | २,१८८,०५६।०० | २,०००,०००।०० |
| **कुल खर्च** | **१००,४६८,०५९।९४** | **९४,१८२,९५६।०९** |
| **मुनाफा** | **८,३११,३५९।९४** | **८,०६३,०८५।५७** |
| कर्मचारी बोनस खर्च | ७५५,५७९।५३ | ७३३,००७।७८ |
| आयकर अघिको बचत (मुनाफा) | **७,५५५,७८०।४१** | **७,३३०,०७७।७९** |
| **आय कर** | **८४७,३४०।९३** | **८५६,२५४।५३** |
| **कुल मुनाफा** | **६,७०८,४३९।४८** | **६,४७३,८२३।२६** |

**नोट:**

**नोट:**

**नोट:**

# व्यवस्थापन समूह



सुवास बैद्य
प्रमुख प्रवन्धक



श्रीकृष्ण सुवाल
अधिकृत
(प्रशासन विभाग)



गौतम मानन्धर
अधिकृत
(ऋण विभाग)



रिकेश थापा
अधिकृत
(ऋण असुली विभाग)



मच्छेनारायण श्रेष्ठ
बरिष्ठ सहायक
(पनौती सेवाकेन्द्र इन्चार्ज)



मनिषा महत
सहायक
(सदस्य सेवा विभाग)



चन्द्रलक्ष्मी रञ्जित
सहायक
(बचत विभाग)



दिनेश कर्माचार्य
सहायक
(बचत विभाग)



केदार प्रसाद खनाल
सहायक
(भकुण्डे सेवाकेन्द्र इन्चार्ज)



सावित्री सापकोटा
कनिष्ठ सहायक
(बचत विभाग)



सलिल राजबाहक
कनिष्ठ सहयोगी
(सदस्य सेवा विभाग)



अन्जना थापा
कनिष्ठ सहयोगी
(सदस्य सेवा विभाग)



विविका के.सी.
कनिष्ठ सहयोगी
(पनौती सेवा केन्द्र)



राधिका गौतम
कनिष्ठ सहयोगी
(भकुण्डे सेवा केन्द्र)



संगिता प्रधान
बजार प्रतिनिधि
(बचत विभाग)



बिजुना श्रेष्ठ
बजार प्रतिनिधि
(बचत विभाग)



विमला मानन्धर
बजार प्रतिनिधि
(बचत विभाग)



विपना दाहाल
बजार प्रतिनिधि
(बचत विभाग)



सन्जु के.सी.
बजार प्रतिनिधि
(पनौती सेवाकेन्द्र)



रश्मिता खनाल श्रेष्ठ
बजार प्रतिनिधि
(भकुण्डे सेवाकेन्द्र)



अञ्जु जोशी
(मेसेन्जर)





विजया दशमी तथा शुभ दिपावली २०८२ को पावन अवसरमा समस्त सदस्यज्यूहरु तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**आभाष बचत तथा ऋण सहकारी संस्था लि.**

AABHASH SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

बनेपा-८, तीनदोबाटो, काभ्रेपलाञ्चोक